# मध्यमकालीन खर्च संरचना

## आर्थिक वर्ष २०७९/८०—२०८१/८२

(दिगो विकास लक्ष्यका सूचक अनुसार सांकेतीकरण गरिएको)


प्रदेश सरकार

गण्डकी प्रदेश

## प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल



असार २०७९

# मध्यमकालीन खर्च संरचना

## आर्थिक वर्ष २०७९/८०—२०८१/८२

(दिगो विकास लक्ष्यका सूचक अनुसार सांकेतीकरण गरिएको)

**प्रदेश सरकार**

**गण्डकी प्रदेश**

## प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

असार २०७९

**मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७९/८०-२०८१/८२)**

प्रतिलिपि अधिकार @ प्रदेश सरकार, गण्डकी प्रदेश, प्रदेश नीति तथा योजना आयोग,

पोखरा, नेपाल

फोनः ०६१-४६४८४१

ईमेल: ppcgandaki@gmail.com

प्राविधिक सहयोग:

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UN Women

# भूमिका

नेपाल सरकारको दीर्घकालीन नीति, चालु आवधिक योजना, प्रदेश सरकारको आर्थिक नीति तथा प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) ले परिलक्षित गरेका लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको कुशल एवम् प्रभावकारी व्यवस्थापन गर्नुपर्ने हुन्छ। योजना र वार्षिक बजेटबीच तादात्म्यता र सामञ्जस्यता ल्याई वित्तीय अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण औजारको रूपमा काम गर्दछ। आवधिक योजना र वार्षिक बजेटबीच तालमेल नहुँदा प्राथमिकतामा परेका कार्यक्रमको निरन्तरता नहुने, सञ्चालित आयोजना तथा कार्यक्रम समयमै सम्पन्न नहुने, योजनाले परिलक्षित गरेका लक्ष्य एवम् कार्यक्रमको लागि पर्याप्त बजेट तथा स्रोतको सुनिश्चितता नहुने जस्ता समस्याहरु न्यूनीकरण गर्न मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

संघीयता कार्यान्वन पश्चात स्थापित प्रदेश सरकारले तर्जुमा गरेको प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले आर्थिक वर्ष ०७९/८० देखि ०८१/८२ सम्ममा परिलक्षित गरेका कार्यक्रम र सूचकहरुका आधारमा मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनालाई यथार्थपरक बनाउन क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय रुपमा चक्रीय अनुमान तथा प्रक्षेपण गरिएको छ। क्षेत्रगत नतिजा सूचकको उपलब्धिको आधारमा लक्ष्यहरू निर्धारण गरिएका छन्। प्रदेशस्तरीय सूचना तथा तथ्याङ्क प्राप्तिमा समस्या रहेको भए तापनि प्रदेश सरकारका निकायमा रहेका तथ्याङ्कलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ। मध्यमकालीन खर्च संरचनालाई बढी व्यावहारिक र कार्यान्वयनयोग्य बनाउन वार्षिक बजेटमा कार्यक्रमको निरन्तरता र प्रतिबद्धता जरूरी हुने देखिन्छ।

आर्थिक वर्ष २०७५/७६ को लागि अर्थ मन्त्रालयबाट प्रथम पटक मध्यमकालीन खर्च संरचना तयार गरिएको थियो। त्यसैगरी प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रलाई आधार मानी प्रदेशको दोस्रो मध्यमकालीन खर्च संरचना (०७६/७७-०७८/७९) देखि प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयको संयुक्त प्रयासबाट तयार गरिएको थियो। यसै क्रममा प्रदेशको पाँचौं मध्यमकालीन खर्च संरचना (०७९/८०-०८१/८२) प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य, नीति तथा कार्यक्रमलाई आधार मानी तयार पारेको छ। विषयगत मन्त्रालयबाट प्राप्त विवरण तथा प्रदेश मन्त्रालयगत बजेट प्रणालीबाट प्राप्त तथ्याङ्क समावेश गरी प्रस्तुत खर्च संरचना तयार गरिएको हो। क्षेत्रगत तथ्याङ्क साभार गर्दा सकेसम्म यथार्थपरक बनाउने कोसिस गरिएको छ। यस खर्च संरचनाले प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेका लक्ष्य र उद्देश्य प्राप्तिमा वार्षिक बजेटलाई आबद्ध गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ। दिगो विकास लक्ष्यहरुको आन्तरिकीकरण मार्फत सन्तुलित, समावेशी र दिगो प्रकारको विकास र समृद्धि हासिल हुनेगरी कार्यक्रम तय गर्ने र बजेट विनियोजन गर्ने कार्यमा सघाउन यस मध्यमकालीन खर्च संरचनामा कार्यक्रम तथा बजेटलाई दिगो विकास लक्ष्यका सूचकहरु अनुसार सांकेतीकरण गरिएको छ।

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्ने सिलसिलामा सहयोग पुऱ्याउने निर्देशक समिति, प्राविधिक समिति, कार्यदलका सदस्य र विषयगत मन्त्रालय तथा सम्बन्धित निकायका पदाधिकारी एवम् कर्मचारीहरु साथै प्राविधिक सहयोग उपलव्ध गराउने UNDP, Nepal Office लाई प्रदेश नीति तथा योजना आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

**प्रदेश नीति तथा योजना आयोग**

**गण्डकी प्रदेश पोखरा**

# मध्यमकालीन खर्च प्राविधिक समिति

| | | |
|---|---|---|
| श्री माया तिम्सिनाः | सदस्य, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| श्री प्रवीण ढकालः | उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ई. दीपा गौतमः | सि.डि.ई., उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | सदस्य |
| श्री खुबीराम पोखेलः | अधिकृत सातौं, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | सदस्य |
| श्री विमल प्रसाद गौतमः | अधिकृत सातौं, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| श्री टंकप्रसाद ढकालः | अधिकृत आठौं, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | सदस्य |
| डा. गृष्म नेउपानेः | व. पशुविकास अधिकृत, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण म. | सदस्य |
| ई. राम कुमार श्रेष्ठः | सि.डि. ई., भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| श्री घनश्याम पौडेलः | उपसचिव, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| श्री सरोज पन्थीः | स.व.अ. (अधिकृत सातौं), वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| श्री ऋषिराम पौडेलः | तथ्याङ्क अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| श्री शिवराज लम्सालः | आन्तरिक मामिला मन्त्रालय | सदस्य |
| श्री बसन्तराज तिवारीः | उपसचिव, अर्थ मन्त्रालय | सदस्य- सचिव |

# विषय सूची


परिच्छेद १: परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण ........ १
१.३ मध्यमकालीन खर्च संरचनाको अवधारणा र उद्देश्य ........ २
१.४ मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था ........ ३
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ ५
परिच्छेद २: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपणका आधार र बजेट तथा स्रोतको बाँडफाँट ........ ६
२.१ पृष्ठभूमि ........ ६
२.२ चुनौती र अवसर ........ ६
२.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू ........ ७
२.४ प्रदेश नतिजा सूचक तथा लक्ष्य ........ ९
२.५ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण ........ १७
२.६ बजेट विनियोजन र प्रक्षेपणका आधार ........ २०
२.७ अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण ........ २६
२.८ मध्यमकालीन खर्च संरचनामा व्यवस्था गरिएका परिच्छेद र अनुसूचीहरु ........ २६
परिच्छेद ३ : आर्थिक क्षेत्र ........ २७
३.१ भूमि व्यवस्था, कृषि तथा सहकारी ........ २७
३.२ अर्थ (आर्थिक मामिला) ........ ४९
३.३ उद्योग तथा पर्यटन ........ ५३
३.४ वन तथा वातावरण ........ ६८
परिच्छेद ४ : सामाजिक क्षेत्र ........ ७९
४.१ स्वास्थ्य तथा जनसंख्या ........ ७९
४.२ शिक्षा□ विज्ञान तथा प्रविधि र सामाजिक विकास ........ ९३
युवा तथा खेलकुद ........ ११३
परिच्छेद ५: पूर्वाधार क्षेत्र ........ १२२
५.१ सडक, सडक पुल र झोलुङ्गे पुल ........ १२२
५.२ शहरी विकास तथा ग्रामीण विकास ........ १२४
५.३ भवन निर्माण ........ १२६
५.४ यातायात व्यवस्था ........ १२७
५.४ उर्जा तथा जलस्रोत ........ १३७
५.५ खानेपानी तथा सरसफाइ ........ १४१
५.६ सिंचाइ ........ १४६
५.७ सूचना तथा सञ्चार ........ १५२
परिच्छेद ६ : शासकीय व्यवस्था र अन्तरसम्बन्धित क्षेत्र ........ १५७
६.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् ........ १५७
६.२ आन्तरिक मामिला ........ १६३
६.३ कानून ........ १६६
अनुसूचीहरू ........ १६९

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

गण्डकी प्रदेशले नेपालको संविधानको कार्यान्वयन गर्ने, पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) को "समृद्ध नेपालः सुखी नेपाली" को लक्ष्य तथा संयुक्त राष्ट्र संघद्वारा घोषणा गरिएको दिगो विकास लक्ष्य (२०३०) हासिल गर्न सघाउने साथै गण्डकी प्रदेशको सामाजिक-आर्थिक विकासका लागि प्रथम आवधिक योजनाद्वारा तय गरिएका लक्ष्य हासिल गर्ने उद्देश्यका साथ योजनावद्ध रुपमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । विभिन्न योजना तथा प्रतवद्धता अनुसारका लक्ष्य हासिल गर्न वार्षिक बजेटमा उपयुक्त कार्यक्रमहरु समावेश गर्नुपर्ने हुन्छ ।

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेट बीच तादात्म्यता कायम गरी सार्वजनिक खर्चको व्यवस्थापन गर्न प्रयोग गरिने वित्तीय औजार हो । नेपालमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्य आर्थिक वर्ष २०५९/६० बाट शुरु गरिएको हो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । गण्डकी प्रदेशले २०७५/२०७६ मा प्रथम मध्यमकालीन खर्च संरचना तयार गरेको थियो । त्यसपछिका वर्षहरुमा पनि वार्षिक बजेटसंगै नियमित रुपमा मध्यमकालीन खर्च संरचना तयार गरिंदै आएको छ । यो खर्च संरचना आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट अनुमानमा आधारित रहेर तयार पारिएको छ भने यसमा दोस्रो र तेस्रो वर्षको बजेट प्रक्षेपण गर्दा प्रथम पञ्चबर्षीय योजनाका सोच, लक्ष्य र नतिजा, चालु आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन-स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानिएको छ । यसैगरी, विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरु प्रस्तुत गरिएको छ ।

## १.२ दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण

दिगो विकासका लक्ष्य प्राप्त गर्नमा केन्द्रित प्रयासले नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिबद्धता पूरा गर्नमात्र नभै आफ्नै राष्ट्रिय आवश्यकता परिपूर्ति गर्न पनि सहयोग पुऱ्याउँदछ । गरिबी तथा बेरोजगारीको अन्त्य, समावेशी विकास, औद्योगीकरण, उत्पादन र त्यसको समुचित वितरण, विद्युत, खानेपानी तथा सरसफाइ, गुणस्तरीय पूर्वाधार, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षा, पोषण, लैङ्गिक समानता, जलवायु परिवर्तन अनुकूलनता, वन, वातावरण तथा जैविक विविधताको संरक्षण, दिगो र संरक्षित मानव वस्ति विकास, शान्ति सुरक्षा तथा मानवाधिकार संरक्षण जस्ता विषयहरुलाई दिगो विकास लक्ष्यले समेटको छ। दिगो विकास लक्ष्यहरुको आन्तरिकीकरणमार्फत सन्तुलित, समावेशी र दिगो प्रकारको विकास र समृद्धि हासिल हुनेगरी कार्यक्रम तय गर्ने र बजेट विनियोजन गर्ने कार्यमा सघाउन यस मध्यमकालीन खर्च संरचनामा कार्यक्रम तथा बजेटलाई दिगो विकास लक्ष्यका सूचकहरु अनुसार सांकेतीकरण गरिएको छ।


## १.३ मध्यमकालीन खर्च संरचनाको अवधारणा र उद्देश्य

मध्यमकालीन खर्च संरचना बजेटको स्रोत आँकलन गरी बजेट विनियोजन गर्न, मन्त्रालय तथा निकायहरुको बजेट विनियोजन तथा प्रक्षेपणमा सन्तुलन कायम गर्न, सार्वजनिक रकमको कुशलतापूर्वक प्रयोग गर्न र समग्रमा उपलब्ध स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्न सघाउ पुऱ्याउने दस्तावेज हो ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले हरेक वर्ष मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यलाई अनिवार्य बनाएको छ । गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका,२०७५ ले पनि यस सम्बन्धी संथागत संरचनाको व्यवस्था गरेको छ। मध्यमकालीन खर्च संरचनामा तीन आर्थिक वर्षको बजेट तथा कार्यक्रम समावेश गरी चक्रीय योजनाको रुपमा प्रत्येक वर्ष अद्यावधिक गरिन्छ।

आधार वर्षको तथ्याङ्क संशोधित अनुमान अर्थात् यथार्थपरक हुन्छ भने पहिलो वर्षको बजेट अनुमानको रुपमा रहन्छ। मध्यमकालीन खर्च संरचना त्रिवर्षीय हुने हुँदा बाँकी दुई वर्षको बजेट अंक प्रक्षेपण गरिन्छ । प्रदेशको सन्दर्भमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा प्रदेशको बजेटको स्रोत जस्तै, संघीय संचित कोषबाट प्राप्त हुने राजस्व बाँडफाट, आन्तरिक राजस्व, रोयल्टी, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदान, प्रदेशले लिन सक्ने अन्तरिक ऋण, नगद मौज्दात आदिको अनुमान तथा प्रक्षेपण गर्नु पर्दछ । मध्यमकालीन खर्च संरचना प्रशासनिक खर्च व्यवस्थापनको सुनिश्चितता र बहुवर्षीय ठेक्का सम्झौता भएका आयोजना तथा प्राथमिकतामा परेका आयोजनाको लागि बजेटको सुनिश्चितता गरी वित्तीय अनुशासन कायम गर्नमा निर्देशित भएको हुनु पर्दछ। त्यस्तै, त्रिवर्षीय खर्च संरचनालाई कुल गार्हस्थ उत्पादन, आयोजनाको प्राथमिकता, दिगो विकास लक्ष्य र लैङ्गिक बजेट तथा जलवायु परिवर्तन संकेत आदिको आधारमा पनि विश्लेषण गर्ने गरिन्छ । मध्यमकालीन खर्च संरचनामा त्रिवर्षीय कार्यक्रम तथा बजेटका साथै सो अवधिमा प्राप्त हुन सक्ने उपलब्धिको पनि अनुमान गरिएको हुन्छ ।

## मध्यमकालीन खर्च संरचना – चक्रीय योजना




यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य सार्वजनिक खर्च व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी मध्यम अवधिको स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्न सहयोग पुऱ्याउनु रहेको छ भने अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने,
- प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गराउने,
- बहुवर्षीय ठेक्का सम्झौता भएका तथा प्राथमिकतामा परेका आयोजनाको लागि स्रोत साधनको सुनिश्चितता गर्ने,
- विषयगत मन्त्रालय तथा निकायका बजेट बाँडफाँटलाई वस्तुपरक र यथार्थपरक बनाउने ।

## १.४ मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचनालाई व्यवस्थित गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ मा देहाय बमोजिमका समितिहरु रहने व्यवस्था गरिएको छ:

### (क) बजेट तथा स्रोत समिति

प्रदेश सरकारलाई प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सो को सन्तुलित वितरणको खाका तथा आगामी तीन वर्षको बजेट सीमा निर्धारण गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५को दफा ३ बमोजिम देहाय अनुसारको बजेट तथा स्रोत समिति रहने व्यवस्था छ:

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| सदस्य, प्रदेश नीति तथा योजना आयोग (आर्थिक मामिला हेर्ने) | सदस्य |

| | |
|---|---|
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| प्रमुख, नेपाल राष्ट्र बैंक, पोखरा | सदस्य |
| प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| महाशाखा प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य-सचिव |

## (ख) प्रदेश मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति

प्रदेश मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहने व्यवस्था गरिएको छः

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| सचिवहरु, प्रदेश विषयगत मन्त्रालय | सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य-सचिव |

## (ग) प्रदेश मध्यमकालीन खर्च संरचना प्राविधिक समिति

प्रदेश मध्यमकालीन खर्च संरचना तयार गर्नको लागि देहाय बमोजिमको प्राविधिक समिति रहने व्यवस्था गरिएको छः

| | |
|---|---|
| सदस्य, प्रदेश नीति तथा योजना आयोग (आर्थिक मामिला हेर्ने) | संयोजक |
| सदस्य-सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| महाशाखा प्रमुख, योजना महाशाखा, विषयगत मन्त्रालयहरु | सदस्य |
| महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| महाशाखा प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य-सचिव |

## (घ) निकायगत मध्यमकालीन खर्च संरचना कार्यदल

विषयगत मन्त्रालय र ती अन्तरगतका निकायहरुको मध्यमकालीन खर्च संरचना तर्जुमा तथा परिमार्जनका लागि देहाय बमोजिमको कार्यदल रहने व्यवस्था गरिएको छः

| | |
|---|---|
| महाशाखा प्रमुख, योजना/प्रशासन महाशाखा | संयोजक |
| महाशाखा प्रमुख, आर्थिक प्रशासन महाशाखा | सदस्य |
| अधिकृत स्तरका प्रतिनिधि, सम्बन्धित मन्त्रालय अन्तर्गतका निर्देशनालय | सदस्य |
| सम्बन्धित मन्त्रालयको योजना/प्रशासन महाशाखाको अधिकृत | सदस्य-सचिव |

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

यो मध्यमकालीन खर्च संरचना निम्न प्रक्रिया तथा चरण पार गर्दै तर्जुमा गरिएको छः

### १.५.१ कुल बजेटको तयारी

प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना तथा सरकारको नीति तथा कार्यक्रमले घोषणा गरेका क्षेत्र, चालु आर्थिक वर्षका क्रमागत आयोजनाका साथै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा आधारित रही आगामी आर्थिक वर्षको खर्चको अनुमान गरिएको छ । प्रदेशको आन्तरिक राजस्व, राजस्व बाँडफाँट, अनुदान तथा सहायता र ऋणको आँकलन गरी स्रोतको अनुमान गरिएको छ । आगामी तीन आर्थिक वर्षका लागि खर्च तथा राजस्वका आधारमा बजेटको आकार अनुमान गरिएको छ ।

### १.५.२ बजेट सीमा र मार्गनिर्देशन

स्रोत अनुमान समितिले तयार गरेको बजेटको सीमाभित्र रहेर अर्थ मन्त्रालयले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेटको सीमा र मार्गदर्शन विषयगत मन्त्रालयमा पठाएको थियो ।

### १.५.३ बजेट छलफल

विषयगत मन्त्रालयबाट प्रस्तावित बजेट तथा कार्यक्रममा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा, प्रदेश नीति तथा योजना आयोगका प्रतिनिधि र सम्बन्धित मन्त्रालयको योजना महाशाखाको प्रतिनिधिको सहभागितामा बजेट तथा कार्यक्रम उपर छलफल गरी अन्तिम रूप तयार गरिएको थियो ।

### १.५.४ बजेट तथा कार्यक्रम अनुसार खर्च संरचना तर्जुमा

निर्देशक समितिको मार्गदर्शन अनुरूप प्राविधिक समितिले संयोजन गर्दै विषयगत मन्त्रालयमा रहेका कार्यदलहरुले मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार पारी प्रदेश नीति तथा योजना आयोगमा पेश गरेका थिए । मन्त्रालयगत कार्यदलबाट प्राप्त मस्यौदालाई प्राविधिक समितिबाट अन्तिम रूप दिइएको थियो । आगामी वर्षको आय र व्ययको विवरणसँगै मध्यमकालीन खर्च संरचना पनि मन्त्रिपरिषदबाट स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने व्यवस्था रहेकोले सो व्यवस्था अनुशरण गरिएको छ ।

# परिच्छेद २: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपणका आधार र बजेट तथा स्रोतको बाँडफाँट

## २.१ पृष्ठभूमि

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था गरिएको छ। ऐनमा व्यवस्था भए बमोजिम प्रदेश सरकारले आगामी तीन वर्षसम्मको आवश्यकता र प्राथमिकतालाई आधार मानी यो खर्च संरचना तयार गरेको हो। प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) मा आधारित रही प्रदेश सरकारले अवलम्बन गरेको प्रदेश आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५, दिगो विकास लक्ष्य, प्रदेश गौरवका आयोजना, मन्त्रालयगत मुख्य कार्यक्रम, स्थानीय तह, जलवायु तथा लैङ्गिकता र प्रथम पञ्चवर्षीय योजनालाई प्रमुख आधार मानी यो खर्च संरचना तयार गरिएको छ। दिगो विकासका लक्ष्यहरुले विभिन्न योजना तथा सोच अनुसारका सबै लक्ष्यहरुलाई समेट्ने र यी लक्ष्यहरु पूरा भएमा दिगो, समावेशी र सन्तुलित आर्थिक, सामाजिक एवम् वातावरणीय विकास र समृद्धि हासिल हुन सक्दछ । यस सन्दर्भमा यस खर्च संरचनामा दिगो विकासका लक्ष्य अनुसारको वर्गीकरण र व्याख्यामा जोड दिइएको छ भने तिनै लक्ष्य प्राप्तिका लागि परिपूरक हुने गरी प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम समावेश गर्दै उपलब्ध स्रोत तथा साधनको समुचित बाँडफाँट र परिचालनमा जोड दिइएको छ।

## २.२ चुनौती र अवसर

### २.२.१ चुनौती

उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नु, सामाजिक तथा भौतिक पूर्वाधारमा लगानी विस्तार गर्नु संघीय एकाईबीचमा नीतिगत तथा कार्यगत सामञ्जस्यता प्रभावकारी बनाउनु, दक्ष, विषय विज्ञ, तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी प्रदेशको प्रशासनिक तथा विकास कार्यका लागि आवश्यक मानव स्रोतको परिचालन गर्नु, सार्वजनिक लगानीलाई पुँजी सृजनाका क्षेत्रमा लगानी गर्नु र उत्पादनशील रोजगारी सृजना गर्नु, नयाँ संरचना अनुसारको खण्डीकृत तथ्याङ्क प्राप्त गर्नु, उपलब्ध स्रोत साधनले असीमित जनआकांक्षा पूरा गर्नु, स्रोतको सन्तुलित वितरण गर्नु, पुँजीगत खर्चमा वृद्धि गरी सन्तोषजनक रूपमा खर्च गर्नु, गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्रोत व्यवस्थापन गर्नु, प्रदेशको समृद्धिका मुख्य सम्वाहकको रुपमा पहिचान गरेका पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संसाधन र सुशासन जस्ता क्षेत्रको विकासको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन्।

### २.२.२ अवसर

कोभिड महामारी पछि आर्थिक गतिविधि बढ्नु, संघ र स्थानीय तहसँगको सम्बन्ध सौहाद्रपूर्ण रहनु, प्रदेशभित्र लगानीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु, प्रदेश अन्तर्गतका पूर्वाधार निर्माण तथा सेवा क्षेत्रमा गैरआवासीय नेपाली तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको लगानी आकर्षण बढ्नु, विप्रेषणको बचत गरी उत्पादनमुलक क्षेत्रको विस्तारमा केन्द्रित हुने नीतिगत व्यवस्था हुनु, प्रदेश राजधानीको रुपमा रहेको पोखरा स्वदेशी एवम् विदेशी पर्यटकको उत्कृष्ट आकर्षण केन्द्रको रूपमा रहनु, प्राकृतिक स्रोतको सम्भावना बढी हुनु, भौगोलिक विविधता रहनु, आर्थिक केन्द्रहरूको विकास र विस्तार हुँदै जानु, जनसांख्यिक लाभ लिन सकिने अवस्था हुनु, शिक्षा र स्वास्थ्यको केन्द्रको रूपमा विकास हुँदै जानुले आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकासका लागि यस प्रदेशका अवसर रहेका छन्।

## २.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

प्रदेशको विकास र समृद्धिको आधारशिला तयार गर्ने उद्देश्यले यस मध्यमकालीन खर्च संरचनालाई वार्षिक बजेट तथा कार्यक्रम र प्रथम पञ्चवर्षीय योजनासँग तादात्म्यता हुने गरी सोच, लक्ष्य र रणनीति तय गरिएका छन्।

**सोच**

“समृद्ध प्रदेश र सुखी नागरिक”

**लक्ष्य**

यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य “उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश बनाउन टेवा पु¥याउने रहेको छ।

**उद्देश्य**

**उद्देश्य १:**

उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु।

**रणनीति**

- अनुसन्धान र विकासबाट उन्नत ज्ञान र प्रविधि प्राप्त गरी उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी वृद्धिको माध्यमबाट दिगो, फराकिलो र उच्च आर्थिक वृद्धि हासिल गरी उत्पादनशील रोजगारी सिर्जना र गरिबीको अन्त्य गर्ने।
- पिछडिएका क्षेत्र, सामाजिक बहिस्करणमा पारिएका र आर्थिक रुपले सीमान्तकृत् वर्गलाई प्रदेशका विकास निर्माणमा सहभागी गराई सन्तुलित र समतामूलक आर्थिक वृद्धि गर्ने।
- प्रदेशको उत्पादन प्रणाली जलवायु परिवर्तन अनुकूलन बनाउने।
- वन तथा वातावरणको वैज्ञानिक व्यवस्थापनमार्फत् संरक्षण, सम्बर्द्धन र बजारीकरण गरी आर्थिक उपार्जन गर्ने।

**उद्देश्य २:**

पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध प्रदेशको आधारशिला निर्माण गर्नु ।

**रणनीति**

- पर्यटनलाई कृषि, खेलकुद, मनोरञ्जन, शिक्षा क्षेत्रसँग जोड्दै समग्र पर्यटन पूर्वाधारको विकास गरी गुणस्तरीय पर्यटनको विकास गर्ने।
- विद्यमान निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकीकरण र व्यावसायीकरण, दिगो सिँचाई सुविधाको विस्तार, उन्नत बीऊ र नश्लको प्रयोग, मर्यादित तथा सम्मानित कृषि पेशाकोरूपमा विकास गर्दै कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।
- संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य तथा निजी क्षेत्रको सहभागितामा ठूला र जलाशययुक्त जलविद्युत् आयोजना र बैकल्पिक ऊर्जाको उत्पादन र बजारीकरण गर्ने।
- मझौला तथा ठूला कृषि प्रशोधन र खनिज जन्य नयाँ उद्योगहरूको स्थापना र विस्तार गर्न निजी स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गरी प्रदेशको औद्योगिकीकरण गर्ने।
- पर्यटन, ऊर्जा, कृषि र उद्योग क्षेत्रका बीचमा पारस्परिक योगदान पुऱ्याउने गरी गुणस्तरीय पूर्वाधारको निर्माणबाट दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने।
- विद्यालय र महाविद्यालयमा आन्तरिक मागसँगै विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष तथा क्षमतावान् प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गर्ने।

**उद्देश्य ३:**

गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु।

**रणनीति**

- स्थानीय तहसँगको सहकार्यमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने।
- नेपाल सरकार, स्थानीय तह र विकास साझेदार संस्थाको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा प्रदेशका सबै नागरिकको समान पहुँचमा वृद्धि गर्ने।
- स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी प्रदेशको शहरीकरणलाई वातावरणमैत्री, व्यवस्थित र सुरक्षित आवास क्षेत्रको रूपमा विकास गर्ने।
- निजी क्षेत्रसँग सहकार्य गरी उत्पादनशील रोजगारीका अवसर सिर्जना गरी पूर्णरोजगार र मर्यादित जीवनको विकास गर्ने।
- प्रदेशको शासन प्रणाली पारदर्शी, उत्तरदायी र सेवा भावप्रति समर्पित बनाउँदै असल शासन प्रणालीको विकास र अभ्यास गर्ने।
- यथार्थपरक योजना तर्जुमा, बजेट तथा कार्यक्रम र बहुउपयोगका लागि प्रदेश तथ्याङ्क प्रणालीको स्थापना र विकास गर्ने।

- आन्तरिक राजस्वको दायरा फराकिलो बनाउँदै राजस्व परिचालन र प्रदेश आर्थिक प्रणाली सबल तथा सुदृढ बनाउने।

## २.४ प्रदेश नतिजा सूचक तथा लक्ष्य

गण्डकी प्रदेश सरकारले राखेको सोच "समृद्ध प्रदेश र सुखी नागरिक" लाई सफल बनाउनका लागि आगामी तीन वर्ष मध्यमकालीन खर्च संरचनाको प्रमुख सूचक तथा लक्ष्य निम्नानुसार निर्धारण गरिएको छ।

### तालिका २.१ गण्डकी प्रदेशका समृद्धि र सुखका लक्ष्यहरु

| क्र.सं. | सूचक | एकाई | २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| क. समष्टिगत आर्थिक सूचक **(Macroeconomic Indicators)** | | | | | | | |
| १. | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ३.७३ | ६.१७ | ७.७ | १०.२ | १०.२ |
| २. | कुल गार्हस्थ उत्पादन | रु. करोडमा | ३८०४५ | ४३१८० | ४४९५४ | ४६८७९ | ४८८०५ |
| ३. | प्रतिव्यक्ति आय | अ.डलर | ११९२ | १४३७ | १६५८ | १९५६ | २२५८ |
| ४. | देशको कुल गार्हस्थ उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ८.७ | ८.९ | ९ | ९ | ९ |
| ख. अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान **(Contribution of Agriculture and Non-Agriculture Sector)** | | | | | | | |
| ५. | क. कृषि | प्रतिशत | २८.२ | २६ | २४.८ | २३.७ | २३.७ |
| ६. | ख. गैर कृषि | प्रतिशत | ७१.८ | ७४ | ७५.२ | ७६.३ | ७६.३ |
| ग. अर्थतन्त्रमा क्षेत्रगत योगदान **(Sectoral Contribution to Economy)** | | | | | | | |
| ७. | प्राथमिक क्षेत्र ( कृषि, वन, खानी तथा उत्खनन्) | प्रतिशत | २९ | २६.८ | २५.३ | २३.७ | २२ |
| ८. | द्वितीय क्षेत्र ( उद्योग, विद्युत्, ग्याँस, पानी र निर्माण) | प्रतिशत | १६.७ | १७.६ | १९.९ | २२.४ | २५ |
| ९. | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५४.३ | ५५.६ | ५४.८ | ५३.९ | ५३ |
| घ.सरकारी वित्त **(Public Finance)** | | | | | | | |
| १०. | कुल गार्हस्थ उत्पादनको अनुपातमा वार्षिक बजेट | प्रतिशत | ९.२ | १४.४ | १४.२ | १४.२ | १४.२ |
| ११. | बजेटमा पुँजीगत र चालु विनियोजनको अनुपात | अनुपात | १.३८:१ | १.२८:१ | १.४२:१ | १.४७:१ | १.५:१ |
| १२. | वार्षिक विनियोजन मध्ये कुल | प्रतिशत | ७३.५४ | ७० | ९३ | ९९ | ९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | |
| १३. | वार्षिक विनियोजन मध्ये पुँजीगत खर्च | प्रतिशत | ८७.९८ | ७५ | ९१ | ९९ | ९९ |
| १४. | वार्षिक विनियोजन मध्ये चालु खर्च | प्रतिशत | ५५.९७ | ५८ | ९३ | ९९ | ९९ |
| १५. | संघीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको कुल गार्हस्थउत्पादनको अनुपातमा) | प्रतिशत | ३.५ | ५.८ | ५.९ | ६.० | ६.० |
| १६. | संघीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको हिस्सा) | प्रतिशत | १२.७ | १२.७ | १३ | १३ | १३.० |
| १७. | राजश्व बाँडफाँटको अंश | प्रतिशत | १२.९ | १२.९ | १२.९ | १२.९ | १२.९ |
| १८. | प्रदेशको बजेटमा राजश्वको अंश (खर्च व्यहोर्ने स्रोत) | प्रतिशत | ५७.९ | ५०.० | ५०.० | ५०.० | ५०.० |
| १९. | प्रदेशको बजेटबाट स्थानीय तहमा जाने अनुदानका लागि जाने विनियोजन | प्रतिशत | ८.९ | ८ | ८ | १० | १० |
| २०. | स्थानीय तहहरुको आयमा अनुदानको अंश | प्रतिशत | ८८.४५ | ८६.५६ | ८५.० | ८४.५ | ८४.५ |
| २१. | स्थानीय तहहरुको कुल खर्चमा पुँजीगत खर्चको अंश | प्रतिशत | ४३.१ | ४८.१ | | | |
| ङ. वित्तीय क्षेत्र **(Financial Sector)** | | | | | | | |
| २२. | जनसंख्याप्रति बैंक तथा वित्तीय संस्थाको शाखा | जना | २२५७ | १७७८ | १७७८ | १७७८ | १७७८ |
| २३. | प्रति स्थानीय तह बैंक र वित्तीय संस्थाको शाखा | संख्या | १५.५ | १६.४ | २०.०० | २६.५५ | २६.५५ |
| २४. | वाणिज्य बैंकको उपस्थिति रहेका स्थानीय तह | संख्या | ८५ | ८५ | ८५ | ८५ | ८५ |
| २५. | वचत तथा ऋण सहकारी संस्था | संख्या | १४७० | १७०० | १८०० | १८३७ | १८३७ |
| २६. | लघु वित्त संस्थाको शाखा | संख्या | १७९ | १९० | २०५ | २१५ | २१५ |
| च.उद्योग, वाणिज्य तथा आपूर्ति **(Industry, Commerce and Supply)** | | | | | | | |
| २७. | कुल गार्हस्थउत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | ३.६ | ३.७ | ३.६६ | ३.६३ | ३.६३ |
| २८. | कुल आर्थिक प्रतिष्ठानमध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ४७.७८ | ४८ | ४८ | ४८ | ४८ |
| २९. | प्रतिष्ठानमा संलग्न कुल जनशक्तिमध्ये औद्योगिक | प्रतिशत | ५९.९२ | ६० | ६० | ६० | ६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रतिष्ठानमा संलग्नको हिस्सा | | | | | | |
| ३०. | कुल औद्योगिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ३० | ४५ | ६० | १०० | १०० |
| ३१. | कुल गार्हस्थउत्पादनमा वाणिज्य क्षेत्र (थोक तथा खुद्रा व्यापार मोटर र मोसा मर्मत) को हिस्सा | प्रतिशत | ९.१ | ९.४ | ९.१९ | ८.९९ | ८.९९ |
| ३२. | कुल आर्थिक प्रतिष्ठानमध्ये व्यापारिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५२.२१ | ५१.१८ | ५०.७ | ५०.२ | ५०.२ |
| ३३. | प्रतिष्ठानहरुमा संलग्न कुल जनशक्तिमध्ये व्यापारिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ४०.०७ | ३४.२ | ३१.९ | २९.९ | २९.९ |
| ३४. | कुल व्यापारिक प्रतिष्ठानमध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ६५ | ७५ | ८५ | १०० | १०० |
| छ व्यावसायिक प्रतिष्ठान **(Business Enterprises)** | | | | | | | |
| ३५. | देशको कुल आर्थिक प्रतिष्ठानमा प्रदेशको हिस्सा | प्रतिशत | १०.९ | ११.३८ | ११.६३ | ११.९ | ११.९ |
| ३६. | प्रति प्रतिष्ठानमा संलग्न जनशक्ति | जना | ३.३९ | ३.६७ | ३.८३ | ४ | ४ |
| ३७. | प्रदेशको कुल प्रतिष्ठानमा दर्ता भएका प्रतिष्ठानको अनुपात | प्रतिशत | ५५ | ७१ | ८३ | १०० | १०० |
| ३८. | प्रतिष्ठानमा संलग्न जनशक्तिको लैङ्गिक अनुपात | पुरुष प्रति सय महिला | ११९.४ | १११.७ | १०८.२ | १०५ | १०० |
| ज. कृषि तथा वन **(Agriculture and Forestry)** | | | | | | | |
| ३९. | कुल गार्हस्थ उत्पादनमा कृषि तथा वन र मत्स्यपालनको हिस्सा | प्रतिशत | २८.२ | २६ | २३.९ | २३.७ | २३.७ |
| ४०. | प्रमुख खाद्यान्न वालीको उत्पादकत्त्व( धान, मकै, कोदो, फापर, जौ, र गहुँ) | मे.टन/हेक्टर | २.९ | ३.२ | ३.५ | ३.८ | ३.८ |
| ४१. | तेलहन बालीको उत्पादकत्व | मे.टन/हेक्टर | १.०२ | १.०२ | १.१ | १.२ | १.२ |
| ४२. | आलु बालीको उत्पादकत्व | मे.टन/हेक्टर | १५.५ | १५.५ | १६.५ | १९.९ | १९.९ |
| ४३. | कृषि तथा वन र मत्स्यपालन सम्बन्धी व्यावसायिक प्रतिष्ठान (कुल प्रतिष्ठानको हिस्सा) | प्रतिशत | ४.४ | ४.८ | ५.५ | ६.० | ६.० |
| ४४. | प्रतिष्ठानहरुमा संलग्न कुल | प्रतिशत | ४.२ | ४.४ | ४.६ | ४.८ | ४.८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जनशक्तिमध्ये कृषि तथा वन र मत्स्यपालन सम्बन्धी प्रतिष्ठानमा संलग्नको हिस्सा | | | | | | |
| ४५. | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | ०.२२ | ०२.२४ | ०.२६ | ०.३ | ०.३ |
| ४६. | ३० मिनेटसम्मको दूरीमा कृषि उपज विक्रीको लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ३२ | ३६ | ४१ | ४६.९ | ४६.९ |
| ४७. | खेतीयोग्य जमिनमध्ये सिंचित जमिन | प्रतिशत | २८.१७ | २८.२५ | २८.३५ | ३०.१ | ३०.१ |
| ४८. | वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन | प्रतिशत | १३.२ | १३.२८ | १३.३८ | १५.३ | १५.३ |
| झ.श्रम तथा रोजगारी **(Labour and Employment)** | | | | | | | |
| ४९. | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३५.७ | ४० | ४६ | ५० | ५० |
| ५०. | बेरोजगारी दर | प्रतिशत | ७.० | ७.०० | ६.५ | ६.० | ६.० |
| ५१. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९.७ | ४४ | ४६ | ५५ | ५५ |
| ५२. | रोजगारी र जनसंख्याको अनुपात | प्रतिशत | ३३ | ३५.५ | ३८ | ४२.५ | ४२.५ |
| ५३. | तल्लो ५ प्रतिशत र माथिल्लो ५ प्रतिशत आम्दानी भएका श्रमिकको मासिक आम्दानीको अनुपात | अनुपात | ४ | ३.५ | ३ | २.३ | २.३ |
| ५४. | श्रम उत्पादकत्व | रु.हजारमा | १८८.४ | २०० | २३०.४ | २८१.७ | २८१.७ |
| ञ.गरिबी र असमानता **(Poverty and Unemployment)** | | | | | | | |
| ५५. | बहुआयमिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १४.२ | ९.० | ८.० | ७.३ | ७.३ |
| ५६. | आम्दानीको आधारमा गरिबी प्रति दिन १.९ डलर(PPP) | प्रतिशत | ११.१ | १०.९ | १०.५ | १०.० | १०.० |
| ५७. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (PALMA RATIO) | अनुपात | १.४ | १.४ | १.३ | १.१० | १.१० |
| ५८. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.४ | ०.३१ | ०.३४ | ०.२६ | ०.२६ |
| ५९. | कुल उपभोगमा तल्लो ४० | प्रतिशत | १८.९ | २० | २२ | २५.० | २५.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रतिशत जनसंख्याको हिस्सा | | | | | | |
| ६०. | कुल आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | प्रतिशत | ७.८ | ८.५ | १०.५ | १३.० | १३.० |
| ट. स्वास्थ्य तथा जनसंख्या **(Health and Population)** | | | | | | | |
| ६१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७५ | ७७ | ७७ | ७७ |
| ६२. | जनघनत्व (जना प्रति वर्ग किमि) | जना | १०९ | ११६ | १२५ | १३० | १३० |
| ६३. | प्रति परिवार औसत सदस्य संख्या | जना | ४.२ | ३.६६ | ३.६६ | ३.५ | ३.५ |
| ६४. | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | २७ | २४ | २३ | २२ | २२ |
| ६५. | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | २३ | २१ | १९ | १७ | १७ |
| ६६. | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | १५ | १३ | १२ | १० | १० |
| ६७. | पहिलो वच्चा जन्माउने औसत उमेर (प्रजनन योग्य उमेरका महिला) | प्रतिशत | २०.६ | २१ | २२ | २२.६ | २२.६ |
| ६८. | कुल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | २.० | २.० | २.० | २.१ | २.१ |
| ६९. | किशोरी अवस्थाको प्रजनन (प्रजननयोग्य उमेरका महिलाको अनुपात) | प्रतिशत | १४.० | | | | |
| ७०. | परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ३७.३ | ४३ | ४८ | ५३ | ५३ |
| ७१. | प्रजननयोग्य उमेरमा महिलामा परिवार नियोजनको आधुनिक साधनको न्यूनता | प्रतिशत | ३० | २५ | २० | १६ | १६ |
| ७२. | संस्थागत सुत्केरी सेवाको उपयोग | प्रतिशत | ६८.३ | ७५ | ८० | ८८ | ८८ |
| ७३. | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | ६९.९ | ७५ | ८० | ८० | ८० |
| ७४. | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ६३.० | ६८ | ७३ | ७७.४ | ७७.४ |
| ७५. | एच.आइ.भि. एड्स रोकथामबारे जानकारी प्राप्त | प्रतिशत | ८३ | ८९ | ९२ | ९८ | ९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रजननयोग्य उमेरका महिला | | | | | | |
| ७६. | ऋणात्मक जनसंख्या वृद्धिदर (बसाइँ सरेर जाने उच्चदर) भएका जिल्ला) | संख्या | ८ | ७ | ५ | ३ | ३ |
| ठ. शिक्षा **(Education)** | | | | | | | |
| ७७ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७८ | ८३ | ८८ | ९५ | ९५ |
| ७८ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६६.९ | ७० | ८२ | ९५ | ९५ |
| ७९ | युवा साक्षरता दर (१५—२४ वर्ष) | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ | ९९ |
| ८० | माध्यमिक तह (९—१२) मा कुल भर्ना दर | प्रतिशत | ७५.४ | ७९ | ८४ | ९२ | ९२ |
| ८१. | आधारभूत तह (१—८) मा खुद भर्नादर | प्रतिशत | ९६.४ | ९७ | ९८ | ९९ | ९९ |
| ८२. | माध्यमिक तह (९—१२) मा खुद भर्नादर | प्रतिशत | ४८.७ | ५२ | ५४ | ६० | ६० |
| ८३ | विद्यालय शिक्षा (१—१२) को भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | ९९ | १०२ | १०४ | १०५.६ | १०५.६ |
| ८४. | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | ११ | १५ | १८ | २१ | २१ |
| ८५. | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय वाहिर रहेका विद्यार्थी | प्रतिशत | ३.६ | ३ | २ | १ | १ |
| ८६. | उच्च शिक्षाको भर्नामा लैंङ्गिक समता | महिला प्रति सय पुरुष | | | | १६१.२ | |
| ८७. | बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ७९.५ | ८२ | ८६ | ९० | ९० |
| ८८. | विद्यालय शिक्षा (१—१२) शिक्षक विद्यार्थी अनुपात | प्रतिशत | १७ | | | | २० |
| ड.भौतिक पूर्वाधार **(Physical Infrastructure)** | | | | | | | |
| ८९. | प्रादेशिक लोकमार्ग | कि.मि | १२५१ | १७५१ | २३०१ | २९०१ | ३४५० |
| ९०. | स्थानीय सडक | कि.मि. | | ९९५३ | | | |
| ९१. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.२५ | १०० | १०० | १०० | १०० |
| ९२. | आधारभूत खानेपानी सुविधा पुगेका परिवार | प्रतिशत | ९३.१० | ९३.७४ | ९६ | ९९.४२ | १०० |
| ९३. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | १५ | १८ | २२ | २६ | ३० |
| ९४. | इन्टरनेट प्रयोगकर्ता (कुल | प्रतिशत | | | | ८० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जनसंख्यामा) | | | | | | |
| १५. | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ५६९ | ६८७ | १०८४ | १५०० | १५०० |
| १६. | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् उपभोग | किलोवाट घण्टा | २०७ | २१६ | २४८७ | २६४ | २८३ |
| **गण्डकी प्रदेशका सुखका लक्ष्य, गन्तव्य र सूचक** | | | | | | | |
| क.मानव विकास र लैङ्गिक समता **(Human Development and Gender Equality)** | | | | | | | |
| १. | मानव विकास | सूचकाङ्क | ०.५९ | ०.६० | ०.६३ | ०.६५ | ०.६५ |
| २. | जनसंख्यामा सक्रिय उमेरको हिस्सा (जनसांख्यिक लाभांश) | प्रतिशत | ५७ | ५९ | ६२ | ६४ | ६६.० |
| ३. | जनसंख्यामा आश्रित अनुपात | अनुपात | ७५.८ | ७४ | ७३ | ७२ | ७०.० |
| ४. | जनसंख्यामा लैङ्गिक अनुपात | अनुपात | ८३.१ | ९०.८५ | ९३ | ९५ | ९६ |
| ५. | रोजगार महिला र पुरुषको मासिक आम्दानीको अनुपात (मुख्य कामबाट) | अनुपात | १.१६ | १.१४ | १.१३ | १.१ | १.१ |
| ६. | घर जग्गामा एकल स्वामित्व भएका महिला (१५—४९ वर्ष) | प्रतिशत | १९.९ | २१ | २४ | २८ | २८ |
| ७. | जीवनकालमा शारीरिक वा मानसिक वा यौनहिंसा पीडित महिला | प्रतिशत | १६.९ | १५ | १२ | १० | १० |
| ८. | विगत १२ महिनामा शारीरिक वा मानसिक वा यौनहिंसा पीडित महिला | प्रतिशत | ४.९ | ४ | ३.५ | ३ | ३.० |
| ९. | प्रदेश व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | प्रतिशत | ३३.३ | ३३.३ | ३५ | ३५ | ३५ |
| १०. | स्थानीय तहका प्रमुखमा निर्वाचित महिला | प्रतिशत | ७.१ | ३.५३ | १५ | १५ | १५ |
| ११. | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | ५४.२७ | ५६ | ५८ | ७० | ६० |
| ख.आवास र शहरीकरण **(Housing and Urbanization)** | | | | | | | |
| १२. | सुरक्षित भवन आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | २७ | २८.५ | ३०.५ | ३५.५ | ३७.० |
| १३. | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८१.७ | ८२.० | ८२.५ | ८२.८ | ८३.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | ३० मिनेटको पैदल दूरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ४८ | ५० | ५५ | ५८ | ६० |
| १५. | सुधारिएको सरसफाई सुविधा प्राप्त परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १६. | खाना पकाउन ठोस इन्धन (दाउरा, गुइँठा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ६२ | ६१ | ५९ | ६० | ५९ |
| १७. | ग्रामीण र शहरी जनघनत्वको अनुपात | प्रतिशत | ६.२ | ५.२ | ४.८ | ४.२ | ३.० |
| ग.सामाजिक सुरक्षा **(Social Security)** | | | | | | | |
| १८. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | २३ | ३५ | ४५ | ६६ | ५५ |
| १९. | स्वास्थ्य बीमामा आबद्ध जनसंख्या | प्रतिशत | | | ६४ | | |
| २०. | कृषि तथा पशु बीमामा आबद्ध परिवार | प्रतिशत | ७.० | १२.० | १६.० | २०.० | २५.० |
| घ. वातावरण र विपद् व्यवस्थापन **(Environment and Disaster Management)** | | | | | | | |
| २१. | वायु प्रदूषणको औसत मात्रा (पिपिएम २.५) | माइक्रोग्राम प्रति घन मिटर | ५०.४ | ४७.८ | ४५.२ | ४२.६ | ४० |
| २२. | अनुकूलन योजना तयार भई कार्यान्वयन झएका स्थानीय तह | संख्या | ६ | ९ | १३ | १६ | २० |
| ङ. मानव सुरक्षा र राष्ट्रिय एकता तथा सम्मान **(Human Security, National Unity and Respect)** | | | | | | | |
| २३. | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | | | | १०० | |
| २४. | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६४.४४ | ६८ | ७५ | ८५ | ९०.० |
| २५. | कुपोषण प्रभावित जनसंख्या | प्रतिशत | ४० | ३५ | २८ | २४ | २० |
| २६. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५६ | ६५ | ७० | ७८ | ८३ |
| २७. | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ६ | ५ | ४ | ३ | २ |
| २८. | उपभोगको २ तिहाई खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ४० | ३४ | २८ | २२ | १७ |
| २९. | प्रतिव्यक्ति खाद्यान्न उत्पादन | किलोग्राम | २३४ | २६० | २८० | ३०० | ४०० |
| ३०. | पाँच वर्ष मुनिका कम तौल | प्रतिशत | १४.९ | ११ | १० | ९ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका बालबालिका | | | | | | |
| ३१. | पाँच वर्ष मुनिका बालबालिकामा दुब्लोपना | प्रतिशत | ५.८ | ४ | २ | ३ | १ |
| ३२. | पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपना | प्रतिशत | २८.९ | २४ | २१ | १८ | १७.३ |
| ३३. | प्रजननयोग्य उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | २८.२ | २३ | २० | १८ | १७.३ |
| ३४. | पाँच वर्ष मुनिका वालवालिकामा रक्तअल्पता | प्रतिशत | ४० | ३५ | २५ | १५ | १० |
| ३५. | प्रहरी र जनसंख्याको अनुपात | जनता प्रति प्रहरी | | | | ३०० | |
| च. मानव अधिकार **(Human Rights)** | | | | | | | |
| ३६. | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८२.७ | ९० | १०० | १०० | १०० |
| ३७. | शान्ति सुरक्षाका लागि विनियोजित प्रतिव्यक्ति बजेट | रुपैया | | | | | |
| ३८. | हराएका बालबालिकामा फेला पार्न नसकिएकाको अनुपात | प्रतिशत | ५३.१ | ४५ | ३५ | ३० | २६ |
| छ. सुशासन **(Governance)** | | | | | | | |
| ३९. | आवधिक योजना तर्जुमा गरेका स्थानीय तह | संख्या | ३६ | १५ | १५ | ८५ | ८५ |
| ४०. | मध्यमकालीन खर्च संरचना तयार गरेका स्थानीय तह | संख्या | २ | १९ | ४० | ४५ | ८५ |
| ४१. | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तह | संख्या | २९ | ८५ | ६० | ७० | ८० |
| ४२. | प्रदेशको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | | ०.०४ | ०.०३ | ०.०३ | ०.० |
| ४३. | स्थानीय तहको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | | २.७ | | १.० | |

## २.५ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

प्रदेश सरकारको स्रोत आंकलन गर्दा देहायको आधार अपनाइएको छ।

(क) आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। प्रदेश सरकारलाई संघीय सरकारबाट सालबसाली रुपमा प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट नै स्रोत तथा खर्चको प्राथमिक आधार लिई

प्रदेश  सरकारको आम्दानी तथा खर्चलाई अनुमान गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा प्रथम पञ्चवर्षीय योजना तथा नीति तथा कार्यक्रमले लिएका नीतिगत लक्ष्य तथा उद्देश्य र सो अनुसार सञ्चालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा प्रदेश सरकारको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना, रुपान्तरणकारी आयोजना र वहुवर्षीय आयोजनालाई स्रोत व्यवस्था गरिएको छ। उपलब्ध हुने स्रोत तथा खर्च गर्न सक्ने क्षमता र नागरिकको अपेक्षा, प्रदेश सरकारको हाल स्थापना गरिएका संरचना र निर्वाचित, मनोनित पदाधिकारी एवम् कर्मचारी दरबन्दीको संख्यात्मक मापनका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासन कार्यका लागि खर्च अनुमान गरिएको छ।

**(ख)** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले संकलन गरेको मूल्य अभिवृद्धि करको १५ प्रतिशत र आन्तरिक अन्तःशुल्क रकमको १५ प्रतिशत प्रदेश तहमा राजस्व बाँडफाँट हुने व्यवस्था गरेको छ। दुई आर्थिक वर्षमा संघीय विभाज्य कोषबाट प्रदेश सरकारलाई प्राप्त हुने राजस्व बाँडफाँटको अनुमान तथा नेपाल सरकारको मध्यमकालीन खर्च संरचनामा राजस्व बाँडफाँटका सम्बन्धमा आगामी आर्थिक वर्षहरूमा उपलब्ध गराइने गरी गरिएको अनुमान एवम् प्रक्षेपण समेतका आधारमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँट रकमको अनुमान तथा प्रक्षेपण गरिएको छ।

**(ग)** त्यसैगरी पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत बाट संकलन भएको रोयल्टी रकमको २५ प्रतिशत सम्बन्धित प्रदेशले प्राप्त गर्ने भएकाले आर्थिक वर्ष २०७९/८० मा प्राप्त हुने रोयल्टीको रकम तथा नेपाल सरकारको मध्यमकालीन खर्च संरचनामा रोयल्टी बाँडफाँटका सम्बन्धमा आगामी आर्थिक वर्षहरूमा उपलब्ध गराइने गरी गरिएको अनुमान एवम् प्रक्षेपण समेतका आधारलाई राजस्व अनुमान गर्दा गणना गरिएको छ।

**(घ)** प्रदेश सरकार अन्तर्गतका निकायबाट सेवा सुविधा उपलब्ध गराउँदा तोकिएको दर अनुसारको सेवा, शुल्क, दस्तुर, दण्ड, जरिवाना, बेरूजु लगायतका गैरकर राजस्वका स्रोत, कृषि आयमा लाग्ने कर र स्थानीय तहसँगको राजस्व सम्बन्धी दोहोरो अधिकार क्षेत्रभित्रका घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क, दहत्तर—बहत्तर शुल्कको विगत आर्थिक वर्षमा संकलन भएको रकम, आगामी आर्थिक वर्षमा हुने आर्थिक क्रियाकलापको आधारमा आन्तरिक राजस्वको अनुमान एवम् प्रक्षेपण गरिएको छ।

**(ङ)** नेपाल सरकारबाट आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७७/७८ सम्म प्रदेश सरकारलाई हस्तान्तरण भएका र आगामी दिनहरुमा हस्तान्तरण हुने एवम् नेपाल सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा वित्तीय समानीकरण अनुदान तथा सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम समेत आगामी आर्थिक वर्ष तथा पछिल्ला दुई वर्षका लागि वित्तीय हस्तान्तरणका रुपमा प्राप्त हुने अनुमान तथा आँकलन गरिएको छ।

(च) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारसँग ऋण लिन सक्ने कानुनी आधार एवम् राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सीमाभित्र रहेर प्रदेश सरकारले लिन सक्ने आन्तरिक ऋण अनुमान तथा प्रक्षेपण गरिएको छ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रू. १ खर्ब १२ अर्ब ८ करोड ६५ लाख ३८ हजार हुने प्रक्षेपण गरिएको छ। जसमध्ये, चालुतर्फ रू. ३६ अर्ब ६ करोड ६१ लाख ७४ हजार, पुँजीगततर्फ रू. ६७ अर्ब १३ करोड ७८ लाख १४ हजार र वित्तीयतर्फ ३ अर्ब हुने प्रक्षेपण गरिएको छ। कुल बजेटमा चालु विनियोजित रकम करिब ३१.६८ प्रतिशत, पुँजीगत खर्चतर्फ ५८.९८ प्रतिशत, अन्तरसरकारी वित्त हस्तान्तरणतर्फ ६.७० प्रतिशत र वित्तीय व्यवस्थातर्फ २.६४ प्रतिशत रहेको छ।

उक्त प्रक्षेपण बमोजिमको स्रोत नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू २५ अर्ब ५५ करोड ५८ लाख, सशर्त अनुदान रू. २१ अर्ब १२ करोड ८३ लाख, समपूरक अनुदान रू. ३ अर्ब ३ करोड ७० लाख, विशेष अनुदान रू. २ अर्ब ६८ करोड ७ लाख २३ हजार, राजस्व बाँडफाँटबाट प्राप्त हुने रू. २४ अर्ब ४ करोड ४१ लाख १८ हजार, रोयल्टी बापत प्राप्त हुने रू. ९४ करोड ५७ लाख ५० हजार, आन्तरिक राजस्वबाट प्राप्त हुने रू. १५ अर्ब ७६ करोड २५ लाख व्यहोर्दा न्यून हुने रकम पूर्ति गर्न नगद मौज्दात, आन्तरिक ऋण र नेपाल सरकारसँग ऋण लिइने गरी अनुमान तथा प्रक्षेपण गरिएको छ।

**तालिकाः त्रिवर्षीय बजेट विनियोजन तथा स्रोत प्रक्षेपण (प्रचलित मूल्यमा)**

**(रू.हजारमा)**

| सि.नं. | विवरण | मध्यमकालीन खर्च अनुमान | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८० अनुमान | आ.व. २०८०/८१ को प्रक्षेपण | आ.व. २०८१/८२ को प्रक्षेपण | कुल अनुमान तथा प्रक्षेपण |
| १ | कुल राजस्व | १४६५५८०० | १६७४३४४३ | १९५७६१९५ | ५०९७५४३८ |
| १.१ | राजस्व बाँडफाँट प्राप्त राजस्व | ९२३९२०० | ११९९१४४३ | १३५५६१९५ | ३३९८६८३८ |
| १.२ | आन्तरिक राजस्व | ५०९१६०० | ५२०२००० | ५६५०००० | १५९४३६०० |
| १.३ | रोयल्टी | ३२५००० | ३५०००० | ३७०००० | १०४५००० |
| २ | नेपाल सरकार बाट प्राप्त अनुदान | १६५४३२०० | १७३२७९०० | १८५३०००० | ५२४०११०० |
| २.१ | वित्तीय समानीकरण | ७९२७९०० | ८४२७९०० | ९२००००० | २५५५५८०० |
| २.२ | सशर्त | ६९१८३०० | ७०००००० | ७२१०००० | २११२८३०० |
| २.३ | विशेष | ८६०००० | ९००००० | ९२०००० | २६८०००० |
| २.४ | समपूरक | ८३७००० | १०००००० | १२००००० | ३०३७००० |
| ३ | कुल खर्च | ३५९०९००० | ३६०७१३४३ | ४०१०६१९५ | ११२०८६५३८ |
| ३.१ | चालु खर्च | १११५६८५४ | १११४४५४५ | १३७६४७७५ | ३६०६६१७४ |
| ३.२ | पुँजीगत खर्च | २२१४०१४६ | २१४०६७९८ | २१८४१४२० | ६५३८८३६४ |
| ३.३ | अन्तरसरकारी वित्त | २११२००० | २५२०००० | ३०००००० | ७६३२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | वित्तीय खर्च | ५०००००० | १०००००० | १५०००००० | ३०००००० |
| ४ | नगद मौज्दात | २७१०००० | ० | ० | २७१०००० |
| ५ | ऋण | २०००००० | २०००००० | २०००००० | ६०००००० |
| ५.१ | आन्तरिक ऋण | १०००००० | १०००००० | १०००००० | ३०००००० |
| ५.२ | नेपाल सरकारबाट प्राप्त ऋण | १०००००० | १०००००० | १०००००० | ३०००००० |
| ६ | कुल आय | ३५९०९००० | ३६०७१३४३ | ४०१०६१९५ | ११२०८६५३८ |

## २.६ बजेट विनियोजन र प्रक्षेपणका आधार

### २.६.१ प्रदेश समृद्धिका संवाहकको आधारमा बाँडफाँट

**तालिकाः प्रदेश समृद्धिका संवाहकको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संवाहक | कार्यक्रम संख्या | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पर्यटन | २४५ | ५७१५३४ | १.५९ | ५७२०५० | १.५९ | ६२३८६० | १.५६ |
| उर्जा | ५ | ९२१०० | ०.२६ | १२८९०० | ०.३६ | १५५६८० | ०.३९ |
| कृषि | २५६३ | २५३०१६६ | ७.०५ | २५४१५५२ | ७.०५ | २८२५६९७ | ७.०५ |
| उद्योग | ४४ | ३२८४९ | ०.०९ | ३५०५३ | ०.१० | ५१११७ | ०.१३ |
| पूर्वाधार | ४८४५ | १२९४०८४७ | ३६.०४ | १२९९९०८१ | ३६.०४ | १४४५२३७८ | ३६.०४ |
| मानव संशाधन विकास | ७३८५ | ५७६४२३७ | १६.०५ | ५७९०१७७ | १६.०५ | ६४३७५१७ | १६.०५ |
| सुशासन | १७१ | ११२५५६५ | ३.१३ | ११३०६३० | ३.१३ | १२५७०३४ | ३.१३ |
| | | **२३०५७२९८** | **६४.२१** | **२३१९७४४३** | **६४.३१** | **२५८०३२८३** | **६४.३४** |

### २.६.२ प्राथमिकताको आधारमा बाँडफाँट

**तालिकाः प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्रथामिकता क्रम | कार्यक्रम संख्या | आ.व २०७९/८० को व्यय अनुमान | | आ.व २०८०/८१ को खर्च प्रक्षेपण | | आ.व २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | | ३१,५५,५३,७० | ८७.८७ | ३२,४६,४२,०८ | ९० | ३६,४९,६६,३७ | ९०.९९ |
| दोश्रो (P2) | | ४,३५,३६,३० | १२.१२ | ३६,०७,१३,४३ | १० | ३,६०,९५,५७ | ८.९९ |
| संकेतिकरण नगरिएको | | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ३५,९०,९०,०० | १०० | ३६,०७,१३,४३ | १०० | ४०,१०,६१,९५ | १०० |

### २.६.२ दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.६.२: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संकेत नं | दिगो विकास लक्ष्य | आ.व. २०७९/८० को व्यय अनुमान | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | सबै प्रकारका गरिबीको अन्त्य | १५०८१७८ | ४.२० | १३७०७०.०३१ | ३.८० | १५२४०३५.४ | ३.८० |
| २ | शून्य भोकमरी | ५३१४५३२ | १४.८० | ३१७४२७८.१८ | ८.८० | ३५२९३४५.२ | ८.८० |
| ३ | स्वस्थ जीवन | ४४१६८०७ | १२.३० | ३७१५३४८.३३ | १०.३० | ४१३०९३८.१ | १०.३० |
| ४ | गुणस्तरीय र जीवनपर्यन्त शिक्षा | ३२३१८१० | ९.०० | ४३२८५६१.१६ | १२.०० | ४८१२७४३.४ | १२.०० |
| ५ | लैङ्गिक समानता | ३५९०९० | १.०० | ३४२६७७.७५९ | ०.९५ | ३८१००८.८५ | ०.९५ |
| ६ | सबैका लागि स्वच्छ पानी र सरसफाइ | २०१०९०४ | ५.६० | १८७५७०९.८४ | ५.२० | २०८५५२२.१ | ५.२० |
| ७ | आधुनिक ऊर्जामा सबैको पहुँच | १४३६३६० | ४.०० | १८०३५६७.१५ | ५.०० | २००५३०९.८ | ५.०० |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ७१८१८० | २.०० | १८७५७०९.८४ | ५.२० | २०८५५२२.१ | ५.२० |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ७८९९९८० | २२.०० | ७५७४९८२.०३ | २१.०० | ८४२२३०१ | २१.०० |
| १० | असमानता न्यूनीकरण | ७१८१८० | २.०० | ६४९२८४.१७४ | १.८० | ७२१९११.५१ | १.८० |
| ११ | दिगो शहर र बस्तीहरू | ३०५२२६५ | ८.५० | ३४२६७७७.५९ | ९.५० | ३८१००८८.५ | ९.५० |
| १२ | दिगो उपभोग तथा उत्पादन | १६५१८१४ | ४.६० | २३८०७०८.६४ | ६.६० | २६४७००८.९ | ६.६० |
| १३ | जलवायु परिवर्तन विरुद्ध लडने | ७१८१८० | २.०० | ७२१४२६.८६ | २.०० | ८०२१२३.९ | २.०० |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भू सतह स्रोतको उपयोग | ३५९०९० | १.०० | ७५७४९८.२०३ | २.१० | ८४२२३०.१ | २.१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ७१८१८० | २.०० | ९९१९६१.९३३ | २.७५ | ११०२९२०.४ | २.७५ |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| - | खुल्न नसक्ने | १७९५४५० | ५.०० | १०८२१४०.२९ | ३.०० | १२०३१८५.९ | ३.०० |
| | जम्मा | ३५९०९००० | १०० | ३६०७१३४३ | १०० | ४०१०६१९५ | १०० |

### २.६.३ लैङ्गिक संकेतको आधारमा बाँडफाँट

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६.३: लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संकेत नं. | लैङ्गिक संकेत | आ.व. २०७९/८० को व्यय अनुमान | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | २११८९६३२ | ५९ | २०९२१३७८ | ५८ | २३२६१५९३ | ५८ |
| २ | सहयोगि | ११५६६०२३ | ३२ | १००९९९७६ | ३५ | १४०३७१६८ | ३५ |
| ३ | तटस्थ | ३१५३३४५ | ९ | ५०४९९८९ | ७ | २८०७४३३ | ७ |
| | जम्मा | ३५९०९००० | १०० | ३६०७१३४३ | १०० | ४०१०६१९५ | १०० |

नयाँ आयोजना/कार्यक्रम तथा स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण तथा सशर्त अनुदान विभिन्न प्रकृतिका हुने र सोको जानकारी हाल प्राप्त नहुने हुँदा उक्त बजेटलाई लैङ्गिक संकेतका आधारमा साङ्केतीकरण गर्दा समावेश गरिएको छैन।

### २.६.४ जलवायु परिवर्तन संकेतका आधारमा बजेटको बाँडफाँट

जलवायु परिवर्तन संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६.४ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६.४: जलवायु परिवर्तन संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संकेत नं. | जलवायु परिवर्तन संकेत | आ.व. २०७८/७९ को व्यय अनुमान | | आ.व. २०७९/८० को खर्च प्रक्षेपण | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | रकम |
| १ | प्रत्यक्ष लाभ | १५०४५९९४ | ४१.९० | १८०३५६७१.५० | ५०.०० | २०८५५२२१.४० | ५२.०० |
| २ | अप्रत्यक्ष लाभ | ११४४२०३४ | ३१.८६ | ११५४२८२९.७६ | ३२.०० | १२८३३९८२.४० | ३२.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | तटस्थ | ९४२०९७२ | २६.२४ | ६४९२८४१.७४ | १८.०० | ६४१६९९१.२० | १६.०० |
| | जम्मा | ३५९०९००० | १००.०० | ३६०७१३४३ | १००.०० | ४०१०६१९५ | १००.०० |

### २.६.८ मन्त्रालयगत र स्थानीय तहगतका आधारमा बाँडफाँट

मन्त्रालयगत र निकायगत त्रिवर्षीय कुल बजेट, चालु तथा पुँजीगत खर्चको अनुमान एवम् प्रक्षेपण तालिका २.७.१ मा समावेश गरिएको छ। स्थानीय तहमा हस्तान्तरण हुने अनुदान र साँवा व्याज भुक्तानी, अदालतको आदेश र फैसला अनुसार तिर्नु पर्ने रकम तथा अर्थ विविधको स्रोतगत र चालु पुँजीगत खर्चको अनुमान र प्रक्षेपण अनुसूचीमा समावेश गरिएको छ।

### तालिका २.७.५: मन्त्रालयगत/निकायगत त्रिवर्षीय बजेट प्रक्षेपणको विवरण (प्रचलित मूल्यमा)

| मन्त्रालय/निकाय | आ.व. २०७९/८० को अनुमान | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल | चालु | पुंजीगत | कुल |
| प्रदेश सभा व्यवस्थापिका | १५२२३१ | ७३२० | १५९५५१ | १५२९१६ | ७३५३ | १६०२६९ | १७००१२ | ८१७५ | १७८१८७ |
| प्रदेश लोक सेवा आयोग | १३२३३६ | ७७६० | १४००९६ | १३२९३२ | ७७९५ | १४०७२६ | १४७७९३ | ८६६६ | १५६४६० |
| मुख्य न्यायाधिवक्ता कार्यालय | १४८८९ | १००० | १५८८९ | १४९५६ | १००५ | १५९६१ | १६६२८ | १११७ | १७७४५ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०६७१६५ | ५८४०० | ११२५५६५ | १०७१९६७ | ५८६६३ | ११३०६३० | ११९१८१३ | ६५२२१ | १२५७०३४ |
| अर्थ मन्त्रालय | १५५२४६ | ५७३०० | २१२५४६ | १५५९४५ | ५७५५८ | २१३५०२ | १७३३७९ | ६३९९३ | २३७३७२ |
| पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १८९९९३ | ४१४३९० | ६०४३८३ | १९०८४८ | ४१६२५५ | ६०७१०३ | २१२१८५ | ४६२७९२ | ६७४९७७ |
| भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २३२४०६६ | २०६१०० | २५३०१६६ | २३३४५२४ | २०७०२७ | २५४१५५२ | २५९५५२४ | २३०१७३ | २८२५६९७ |
| कानून, सञ्चार तथा प्रदेश मामिला मन्त्रालय | ६४७७१ | १०३५०० | १६८२७१ | ६५०६२ | १०३९६६ | १६९०२८ | ७२३३६ | ११५५८९ | १८७९२६ |
| आन्तरिक मामिला मन्त्रालय | १२७१०० | १००२०० | २२७३०० | १२७६७२ | १००६५१ | २२८३२३ | १४१९४६ | १११९०४ | २५३८४९ |
| वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | ५५७८७० | ३९५५१० | ९५३३८० | ५६०३८० | ३९७२९० | ९५७६७० | ६२३०३१ | ४४१७०७ | १०६४७३८ |
| भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | ३८८६९७ | १२५५२१५० | १२९४०८४७ | ३९०४४६ | १२६०८६३५ | १२९९९०८१ | ४३४०९८ | १४०१८२८० | १४४५२३७८ |
| उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ३०४५०३ | ४७९७०८० | ५१०१५८३ | ३०५८७३ | ४८१८६६७ | ५१२४५४० | ३४००७० | ५३५७३९४ | ५६९७४६४ |
| शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | १५१३९१६ | ११७४२८६ | २६८८२०२ | १५२०७२९ | ११७९५७० | २७००२९९ | १६९०७४६ | १३११४४६ | ३००२१९२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| युवा तथा खेलकुद मन्त्रालय | १८७१५८ | १६८७५० | ३५५९०८ | १८८००० | १६९५०९ | ३५७५१० | २०९०१९ | १८८४६१ | ३९७४७९ |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २२२५७२७ | ४९४४०० | २७२०१२७ | २२३५७४३ | ४९६६२५ | २७३२३६८ | २४८५६९९ | ५५२१४७ | ३०३७८४६ |
| प्रदेश नीति तथा योजना आयोग | ४१७८१ | २००० | ४३७८१ | ४१९६९ | २००९ | ४३९७८ | ४६६६१ | २२३४ | ४८८९५ |
| अर्थ-वित्तीय व्यवस्था | | ५००००० | ५००००० | ० | १०००००० | १०००००० | ० | १५००००० | १५००००० |
| अर्थ-आन्तरिक ऋण भुक्तानी | ६००० | | ६००० | ६०२७ | ० | ६०२७ | ६७०१ | ० | ६७०१ |
| कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ५००० | | ५००० | ५०२३ | ० | ५०२३ | ५५८४ | ० | ५५८४ |
| अर्थ विविध | १६९९४०५ | १६००००० | ३२९९४०५ | १७०७०५२ | १६०७२०० | २७३७७५४ | १८९७९०१ | १७८६८८५ | २७४३१८८ |
| स्थानीय तह | २१११००० | | २१११००० | २१२०५०० | ० | २२००००० | २३५७५७१ | ० | २३६०४८३ |
| जम्मा | १३२६८८५४ | २२६४०१४६ | ३५९०९००० | १३३२८५६४ | २३२३९७७७ | ३६०७१३४३ | १४८१८६९७ | २६२२६१८४ | ४०१०६१९५ |

## २.७ अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण

प्रदेश सरकारबाट स्थानीय तहमा तीन आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको अनुमान तथा प्रक्षेपण तालिका नं. २.७.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७.१: स्थानीय तहमा हुने वित्त हस्तान्तरण र राजस्व बाँडफाँटको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण (प्रचलित मूल्यमा) (रु. हजारमा)**

| अनुमान तथा प्रक्षेपण | राजस्व बाँडफाँड | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान |
|---|---|---|---|---|---|
| आ.व. २०७९/८० को अनुमान | ७२०००० | ११६०००० | १८६००० | ५०४००० | २६१००० |
| आ.व. २०८०/८१ को प्रक्षेपण | ८००००० | १२००००० | २००००० | ५२०००० | २८०००० |
| आ.व. २०८१/८२ को प्रक्षेपण | ८८०००० | १२५०००० | २२०००० | ५५०००० | ३००००० |
| जम्मा | २४००००० | ३६१०००० | ६०६००० | १५७४००० | ८४१००० |

## २.८ मध्यमकालीन खर्च संरचनामा व्यवस्था गरिएका परिच्छेद र अनुसूचीहरु

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ। त्यसैगरी प्रदेश गौरवका आयोजना, मुख्य मुख्य कार्यक्रम, बहुवर्षीय ठेक्का सुनिश्चित गरिएका योजना, स्थानीय तहको अनुदान तथा अर्थ विविधको त्रिवर्षीय खर्च र स्रोत र पालिकागत अनुदान र अर्थ विविधको खर्च अनुमान तथा प्रक्षेपण अनुच्छेद १ देखि ६ सम्म प्रस्तुत गरिएको छ ।

## २.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकारबाट सशर्त अनुदान सहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, कर्मचारीको उपलब्धता रहने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने अनुमान गरिएको छ। साथै, हालै उत्पन्न विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको असर छिट्टै अन्त्य हुने र यसको कारण सृजित राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको संकुचनको असर छिट्टै अन्त्य हुने अनुमान पनि गरिएको छ। यसो नभएमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ३ : आर्थिक क्षेत्र

## ३.१ भूमि व्यवस्था, कृषि तथा सहकारी

### क. कृषि

#### पृष्ठभूमि

गण्डकी प्रदेशमा समृद्धिका सात मुख्य सम्वाहक मध्ये कृषि एक महत्वपूर्ण क्षेत्र हो। उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यवस्थित आवास व्यवस्थापन मार्फत् आर्थिक सामाजिक रूपान्तरणको लागि भूमिको समुचित उपयोग एवम् व्यवस्थापन गर्नु आवश्यक छ। भूमिको पहुँचमा रहेको असमानता, भूमिको खण्डीकरण एवम् गैर-उत्पादनमूलक क्षेत्रमा यसको प्रयोगको कारणले भूमि स्रोतको महत्तम सदुपयोग हुन सकिरहेको छैन। कृषक वर्गको भूमिमा पहुँच, अव्यवस्थित बसोबासलाई व्यवस्थापन, व्यवस्थित शहरीकरण, भूमिहीन र सुकुम्बासीहरूको बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागि भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक छ। कृषियोग्य भूमि बाँझो रहनु, कृषकहरूलाई वित्तीय सेवा सर्वसुलभ रूपमा उपलब्ध नहुनु,, उन्नत प्रविधि तथा कृषि उत्पादन सामग्रीहरूको उपलब्धता नहुनु, मूल्य श्रृङ्खलाका पात्र तथा कार्यहरूबीच कार्यगत समन्वयको अभाव, सिंचाइ र सडक लगायतका कृषि पूर्वाधारहरूको कमीले गर्दा कृषि क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन। सहकारीको उपयोग र उपादेयता बारेमा आम नागरिकमा पर्याप्त जानकारी नहुनु, सहकारी संघसंस्थामा अनुशासन तथा सुशासनको अवस्था कमजोर हुनु र सहकारी क्षेत्रमा संकलित पुँजीको उत्पादनशील क्षेत्रमा न्यून परिचालन हुनु जस्ता कारणले आर्थिक तथा सामाजिक रूपान्तरणमा सहकारी क्षेत्रको योगदान सन्तोषजनक रहेको छैन। यिनै विषयहरूलाई यथोचित सम्बोधन गर्नको लागि प्रदेशको प्रथम पञ्चवर्षीय योजना तथा वार्षिक विकास कार्यक्रम बमोजिम उल्लेखित भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण क्षेत्रलाई प्राथमिकतामा राखी गरिबी न्यूनीकरण एवम् प्रदेशको समृद्धिको आधार तयार गर्ने गरी आगामी तीन वर्षका लागि मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। संयुक्त राष्ट्र संघद्वारा घोषणा गरिएको र नेपालले पनि कार्यान्वयन गर्न प्रतिबद्धता जनाएको दिगो विकासका लक्ष्यहरुमध्ये लक्ष्य नम्बर १ को सबै खाले गरिबी निबारण गर्ने र लक्ष्य नम्बर २ को भोकमरी अन्त्य गर्ने लक्ष्यहरु हासिल गर्ने कार्यमा कृषि तथा सहकारी क्षेत्रको प्रमुख भूमिका रहने सन्दर्भमा यस क्षेत्रको प्रगति र विनियोजनलाई दिगो विकास लक्ष्यको आधारमा सांकेतीकरण गरी यस खर्च संरचनामा प्रस्तुत गरिएको छ ।

कृषि प्रणाली निर्वाहमुखी हुने र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ र खाद्यान्नको उत्पादकत्व पनि न्यून रहेको छ । फलस्वरूप, कुल गार्हस्थ उत्पादनमा पनि कृषिको योगदान क्रमशः घट्दै गैरहेको छ । दिगो विकास लक्ष्य, कृषि विकास रणनीति

एवम् राष्ट्रिय कृषि नीतिलाई मध्यनजर गर्दै सार्वजनिक, निजी तथा सहकारी साझेदारीमा भूमिको दिगो व्यवस्थापन, कृषिको आधुनिकीकरण, यन्त्रिकीकरण, व्यावसायीकरण तथा औद्योगिकरण गरी खाद्य सुरक्षित प्रदेश बनाउने, रोजगारी श्रृजना गर्ने र गरिबी निवारणमा योगदान दिन आवश्यक देखिन्छ ।

## चुनौती तथा अवसर

### चुनौती

सञ्चालनमा रहेका अनुदानमुखी कृषि कार्यक्रमहरुको वैज्ञानिक अनुगमन तथा मुल्यांकन गर कार्यक्रमहरुलाई थप परिस्कृत गर्दै लैजानु, कृषि विमा व्यवस्थालाई प्रभावकारी वनाउनु, नयाँ प्रविधिको विकास गरी कृषि प्रणालीलाई यान्त्रीकरण, आधुनिकीकरण र व्यावसायीकरण गर्नु, कृषि पेशालाई प्रतिस्पर्धी, व्यवसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्नु, आयातित कृषि सामग्री र उत्पादनलाई स्वदेशी गुणस्तरीय सुलभ दरको उत्पादनले प्रतिस्थापन गर्नु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास तथा ब्यबस्थापन गर्नु, र कृषि विकासको लागि तीन तहको सरकार बीच समन्वय कायम राख्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

### अवसर

तीन तहका सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्नु,, गण्डकी प्रदेश भौगोलिक तथा जैविक विविधतामा धनी हुनु, प्रदेशले मासु तथा दुग्ध व्यवसाय, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा र नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, प्रांगारिक कृषि प्रणाली प्रति चासो बढ्दै जानु, प्रदेश सरकारले पर्यटन ब्यबसायलाई कृषि उत्पादनसंग जोड्न प्रोत्साहन गर्नु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

## सोच

खाद्य सम्प्रभुता र सुरक्षाको प्रत्याभूति तथा कृषिमा आत्मनिर्भर प्रदेश।

## उद्देश्य

- उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर प्रदेश बनाउनु।
- कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु।
- कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु।
- कृषि उत्पादनलाई वातावरणमैत्री बनाउनु।
- कृषिलाई पर्यटनसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु।

## रणनीति

- भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि प्रसार सेवाद्वारा उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने।
- प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
- पहाडका खेतीयोग्य टारहरूमा सिंचाइको सुविधा उपलब्ध गराउने।
- कृषि क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने।
- तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने।
- कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमा संलग्न व्यक्तिहरूको आत्मसम्मान उच्च गराउने।
- वातावरण मैत्री कृषि प्रविधिको विकास र प्रसार गरी खाद्य स्वच्छतामुखी उत्पादनलाई प्राथमिकता दिने ।
- कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक, स्थानीय सरकार र प्रर्यटन व्यवसायीको बीचमा समन्वय र सहकार्य गर्ने।

**विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | कृषिमा कुल लगानी | रू. (करोडमा) | १३० | ७५ | १२० | १७५ | २२० |
| २ | कृषि व्यवसायमा थप रोजगारी सिर्जना | संख्या (हजारमा) | ९ | ७ | ८ | ९ | १० |
| ३ | सिंचित क्षेत्र विस्तार (साना सिंचाइ) | हेक्टर | १२५ | १०० | १५० | १५० | १५० |
| ५ | कोल्ड स्टोर तथा कोल्डरुम | संख्या | ६६ | ७३ | ८८ | १०३ | ११८ |
| ६ | बजार केन्द्रहरू | संख्या | १५ | २२ | २७ | ३५ | ४५ |
| ७ | प्रशोधन केन्द्र | संख्या | १५ | २२ | २६ | ३२ | ४० |
| ८ | जलवायुमैत्री कृषि गाउँ | संख्या | ८७ | ८७ | ४८ | २० | ० |
| ९ | साना व्यवसायिक फार्म | संख्या | २९९ | ० | ४०० | ५०० | ५५० |
| १० | कम्पोष्ट मल र बायोचार उत्पादन कारखाना | संख्या | ५ | ५ | ६ | ६ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | बीउ उत्पादन कार्यक्रम | हेक्टर | ० | १३७ | २२० | २५० | २८० |

## ख. पशुपन्छी तथा मत्स्य विकास

### पृष्ठभूमि

कुल कृषि ग्रहस्थ्य उत्पादनमा एक चौथाई भन्दा बढी योगदान दिने पशुपन्छी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ । मूलतः निर्वाहमुखी पशुपन्छीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामग्रीहरुको यथोचित उपलब्धता नभएकाले गण्डकी प्रदेशमा पशुपन्छी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन । आम उपभोक्ताहरुको क्रयशक्तिमा आएको वृद्धि र गण्डकी प्रदेशमा प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपन्छीजन्य उत्पादनहरुको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जरुरी छ ।

### चुनौती तथा अवसर

#### चुनौती

गुणस्तरीय उत्पादन सामग्री, दाना, घाँस र औषधि लगायतका सामग्रीको समयानुकूल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा श्रम अभावलाई सम्बोधन गर्नु, बर्डफ्लू, स्वाईन फ्लू जस्ता जुनोटिक रोगहरुको प्रकोप नियन्त्रण गर्नु, सार्वजनिक निजी र सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

#### अवसर

प्रदेशको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, माछामासु तथा दुग्धजन्य वस्तुहरुको उपभोग वृद्धि हुँदै जानु र सुलभ ऋण, पशुपन्छी बिमा, नयाँ प्रविधिहरूको उपयोग बढदै जानु, पर्यटन अभिवृद्धिसंगै पशुजन्य उपजहरुको उपभोग बढ्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### सोच

पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास मार्फत समृद्ध प्रदेश निर्माणमा सहयोग गर्ने ।

### उद्देश्य

- प्रदेशलाई पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु।

- पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।
- पशुपन्छी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु।
- पशुपन्छी, माछा र पशुपन्छीजन्य तथा मत्स्यजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु।

## रणनीति

- पशुपन्छीजन्य तथा मत्स्यजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी यी पदार्थमा प्रदेशलाई आत्मनिर्भर बनाउने।
- पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा वृद्धि गरी व्यावसायीकरण र विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गर्ने।
- पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा अध्ययन अनुसन्धानमा आधारित प्रविधि, प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रिकीकरणमा जोड दिने ।
- पशुपन्छीजन्य उत्पादनको मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने।
- पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।
- पशुपन्छी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको रुपमा विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरूबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक असरको न्यूनीकरण गर्ने।
- स्वस्थ पशुपन्छी तथा मत्स्यजन्य खाद्यवस्तुहरू उपभोक्तासम्म पुऱ्याउने आवश्यक नीति बनाई स्थानीय तहसम्म लागू गर्ने।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाई | आ.व. २०७७/ ७८ को उपलब्धि | आ.व. २०७८/ ७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/ ८१ | २०८१ /८२ |
| १ | पशुपन्छी तथा मत्स्य विकासमा लगानी | रू. (करोड) | ७६ | ७५ | १०० | १२५ | १५० |
| २ | पशुपन्छी व्यवसायमा थप रोजगारी सिर्जना | संख्या (हजारमा) | ६ | ५ | ६ | ७ | ८ |
| ३ | कृत्रिम गर्भाधान | संख्या (हजारमा) | ६६ | ७० | ८० | ९० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पशुपन्छीमा खोप सेवा | डोज (हजारमा) | १२ | १८ | २६ | ३० | ३६ |
| ५ | पशुपन्छीको निदान तथा उपचार सेवा | संख्या (लाखमा) | १.२ | १.४ | २.१ | २.८ | ३.६ |
| ६ | साना व्यवसायिक पशुपन्छी फार्म | संख्या | २३५ | ४१९ | २९३ | ३३० | ४५० |
| ७ | दुग्ध चिस्यान केन्द्र | संख्या | १० | २ | १० | १० | १० |
| ८ | मत्स्य स्रोत केन्द्र | संख्या | ० | ० | ० | १ | १ |

## ग. खाद्य सुरक्षा तथा पोषण

### पृष्ठभूमि

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७२ अनुसार गण्डकी प्रदेशका ६ प्रतिशत घरधुरीले चरम खाद्य असुरक्षित अवस्थाको सामना गर्नु परेको छ । त्यस्तैगरी ४४ प्रतिशत घर परिवारलाई आफ्नो उत्पादनले बर्षभरी खान पुग्दैन । गोरखाको उत्तरी भाग, मुस्ताङ, मनाङ, म्याग्दी र बाग्लुङका उत्तर पश्चिम क्षेत्रमा खाद्य असुरक्षित जनसंख्या उल्लेख्य रहेको छ ।

### चुनौती तथा अवसर

**चुनौती**

खाद्य तथा पोषण असुरक्षित समुदाय र घरधुरीहरू तथा कुपोषित बालबालिकाको पहिचान गर्नु, नेपाल सरकारद्वारा सञ्चालित पोषण तथा खाद्य सुरक्षा सम्बन्धी बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रदेशमा प्रभावकारी कार्यान्वयन गर्नु, खाद्यान्नकोसन्तुलित उपभोग (आहारविहार) प्रति सचेतना बढाउनु र कुपोषणको दर बढी रहेका नवलपुर, मनाङ्ग, मुस्ताङ्ग, म्याग्दी,गोरखा र बागलुङ् जिल्ला लगायत विकट तथा दुर्गम स्थानहरूमा खाद्य तथा पोषण उपलब्ध गराउनु आदि यस क्षेत्रकाचुनौतीहरू हुन् ।

**अवसर**

दिगो विकास लक्ष्य २, भोकमरीको अन्त्य र खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हाँसिल गर्न प्रदेश सरकार प्रतिबद्धरहनु, नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हक स्थापित गर्नु, खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ जारी भई खाद्य सुरक्षाका सुनिश्चितताका लागि नीति तथा कार्यक्रमगत मार्गदर्शन गर्नु, गण्डकी प्रदेश खाद्य परिषद् (गठन तथा सञ्चालन) आदेश, २०७८ जारी भई कार्यान्वयनमा आउनु, बहुक्षेत्रिय पोषण योजना दोस्रो(२०७५/७६—२०७९/८०) कार्यान्वयनमा हुनु, आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.३ सोच

गण्डकी प्रदेशमा खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

### उद्देश्य

- खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी कुपोषण केन्द्रीत कार्यक्रम कार्यान्वयन गर्नु।
- कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि  गरी खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु।
- खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्ब तयारी गरी संकटको बेला खाद्यमा गरिब तथा सीमान्तकृत् समुदायको नियमित पहुँच पुऱ्याउनु।

## रणनीति

- खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने ।
- खाद्य तथा पोषण असुरक्षित समुहहरुको पहिचान गरी जनचेतना  अभिवृद्धि गर्ने ।
- स्थानीय सम्भाब्यता भएका बस्तुहरुको उत्पादन बृद्धि गर्न आवश्यक पुर्बाधार र प्राविधिक सहयोग गर्ने ।
- सरोकारवाला निकायसंग समन्वय गरी  जोखिम न्युनिकरणको लागि योजना तयार पार्ने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.स. | सूचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | चरम खाद्य असुरक्षित घरधुरी | प्रतिशत | ५ | ५ | ४ | ३ | २ |
| २ | प्रतिव्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता | के जी | २४६ | २४८ | २५५ | २६५ | २७५ |
| ३ | **खाद्यान्न बाली उत्पादन प्रतिवर्ष** | | | | | | |
| | धान | मे. टन | ३९७०९४ | ४०९१४५ | ४१०२१२ | ४११४५८ | ४१२८७५ |
| | गहुँ | मे. टन | १०३३३० | १००८१५ | १०१७८५ | १०२७६४ | १०४११२ |
| | मकै | मे. टन | ४५०७२१ | ४३४८६० | ४४२७४२ | ४५०३२७ | ४६१२२७ |
| | कोदो | मे. टन | १०७९५२ | १०६५४२ | १०६७२२ | १०७०३० | १०७३२४ |
| ४ | दलहन उत्पादन प्रति वर्ष | मे. टन | २१०७२ | २३९१० | २४०२५ | २४१७८ | २४३२६ |
| ५ | तेलहन उत्पादन प्रति वर्ष | मे. टन | ९३८७ | ९६२० | ९७१२ | ९९४५ | १०००८ |
| ६ | आलु उत्पादन प्रति वर्ष | मे. टन | ३१६९५० | ३४५४०१ | ३५०२४५ | ३५८४१२ | ३७०५५२ |
| ७ | तरकारी उत्पादन प्रति वर्ष | मे. टन | २८२५९१ | २८५३२५ | २८८४४० | २९१२१४ | २९५१५० |
| ८ | फलफूल उत्पादन प्रति वर्ष | मे. टन | ९०४६५ | ६१४१५ | ६२५५० | ६४२७५ | ६७४८० |

| क्र.स. | सूचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ९ | दूध उत्पादन प्रति वर्ष | मे.टन. | २८१७८० | २८२३८४ | २८३०१० | २८३८१५ | २९४१२१ |
| १० | माछा उत्पादन प्रति वर्ष | मे.टन. | ५१३१ | ५३४० | ५५१५ | ५८६० | ६२२० |
| ११ | मासु उत्पादन प्रति वर्ष | मे.टन. | ६१९८६ | ६२३१० | ६२८०० | ६३४५० | ६४००० |
| १२ | अण्डा उत्पादन प्रति वर्ष | गोटा (लाखमा) | ३४३७ | ३६०७ | ३८१० | ४०२० | ४३५० |

## घ. भूमि व्यवस्थापन

### पृष्ठभूमि

संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक र भूमिहीन हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ । भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवम् भूउपयोग योजना तयार गरी कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ । भूमिहीन र सुकुम्बासीहरुको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागि भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### चुनौती तथा अवसर

**चुनौती**

भूमिको उपयोगका आधारमा वर्गीकरण गरी सोही आधारमा उपयोग गर्ने पद्धति स्थापित गर्नु, भूमिमा सवैको पहुँच स्थापित गर्नु एवम् समाजिक आर्थिक कारणले पछि परेका सिमान्तकृत, भूमिहिन कमजोर वर्गको भूमिमा पहुँच बढाउने, सुन्दर र सुरक्षित वस्ती विकास र योजनाबद्ध दिगो शहरीकरणका साथै भौतिक पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनु, साना कित्ताहरु एकिकरण गरी चक्लाबन्दीमा आधारित खेती प्रणालीको विकास गर्नु आदि यस क्षेत्रमा चुनौतिहरु हुन् ।

**अवसर**

भूमिको वैज्ञानिक वर्गीकरण गरी सोही आधारमा यसको उपयोग गर्न समुदायको चासो बढ्नु, कृषक वर्गको भूमिमाथिको पहुँच स्थापित गरी कृषिको व्यवसायिकरण गर्न तीनै तहको सरकार र सरोकारवालहरुको चासो तथा जागरुकता बढ्नु, जग्गाको चक्लाबन्दी प्रति कृषकको आकर्षण वृद्धि हुँदै जानु, सुकुम्बासी समस्या समाधान एवम् अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउनु वहस पैरवी हुनु, संघ र प्रदेश सरकारले एकीकृत वस्ती विकासमा प्रतिबद्धता देखाउनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

### सोच

भूमिको वैज्ञानिक व्यवस्थापन गरी सामाजिक न्यायमा आधारित भू-स्वामित्व स्थापना गराउने ।

## उद्देश्य

- वैज्ञानिक भू-उपयोग प्रणाली लागू गरी भूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सृजना गर्नु।
- विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु।
- भूमि व्यवस्थापन सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु।

## रणनीति

- प्रादेशिक भूमि नीति, भू-उपयोग नीति तथा योजना निर्माण गर्ने।
- वैज्ञानिक भूमि सुधार कार्यक्रमका माध्यमबाट कमजोर र भूमिहीन वर्गको भूमिमा पहुँच बढाइने।
- भू-उपयोग सूचना प्रणालीको विकास गर्ने।
- भूमि प्रशासन सम्बद्ध निकायहरूको संस्थागत सुदृढीकरण गर्ने।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं | सुचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| क्र.सं | सुचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | चक्लाबन्दी प्रवर्द्धन | हेक्टर | २०० | २५४ | २८४ | ३३४ | ३८४ |
| २ | जग्गा एकीकृत गरी वस्ती विकास | संख्या | ० | ० | १ | २ | ३ |
| ३ | कित्ता नापी नक्सामा सार्वजनिक सडक (कम्तीमा ६ मिटर चौडाई भाएका) अद्यावधिक | कि.मि. | ० | २०० | ४०० | ६०० | ८०० |

## ङ सहकारी

### पृष्ठभूमि

गण्डकी प्रदेशमा उत्पादक, उपभोक्ता, बित्तिय, बहुउद्देश्यीय र  सेवाको क्षेत्रमा गरी करिब ३, ४०० संख्याको हाराहारीमा सहकारी संघ संस्थाहरु सञ्चालनमा रहेका छन् । सहकारी कानून, सहकारीको सिद्धान्त, मूल्य मान्यताको भावना अनुरुप यस क्षेत्रमा छरिएर रहेको श्रम, सीप, पूँजी, प्रबिधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु आबश्यक देखिन्छ ।

### चुनौती तथा अवसर

### चुनौती

उत्पादनशिल एवम् व्यवासायिक क्षेत्रमा योगदान अभिवृद्धि गर्नु, सहकारी संस्थाहरुमा सिमान्तकृत, बञ्चितीकरणमा परेका वर्ग, आय वर्ग तथा समुदायलाई समेटी समावेशी बनाउनु , सहकारी संस्थाहरूमा संस्थागत एवम् वित्तीय अनुशासन बढाउनु, र प्रादेशिक नियमनकारी निकायको संरचना स्थापना गरी प्रभावकारी नियमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

**अवसर**

प्रदेशमा उल्लेखनीय मात्रामा सहकारी संस्थाहरु रहनु र यसको संख्या वृद्धि हुनु, , सहकारी क्षेत्रको पूँजीलाई उत्पादनको क्षेत्रमा आकर्षित गर्न तीनै सरकार प्रतिबद्ध रहदै नीतिहरु बन्नु, निजी क्षेत्र र सहकारी क्षेत्र बीच सहकार्य वृद्धि हुदै जानु, सहकारी संचालकहरु उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

### सोच

सहकारी परिचालन गरी समाजवाद उन्मुख समृद्धि हासिल गर्न टेवा पुरयाउने ।

### उद्देश्य

- सहकारी क्षेत्रमा सुशासन कायम गर्नु।
- सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु।
- स्वरोजगार एवम् रोजगार श्रृजना गरी गरिबी न्यूनीकरण गर्नु।

### रणनीति

- आवश्यक नीतिगत एवम् कानूनी व्यवस्था र संस्थागत संरचनाको स्थापना गर्ने।
- जनचेतना र नियमन कार्यलाई प्रभावकारी बनाउने।
- लगानी सम्भाव्य क्षेत्रको पहिचान गर्ने।
- उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गर्ने।
- आर्थिक तथा सामाजिक रुपमा पछि परेको व्यक्ति वर्ग तथा समुदायको पहिचान गर्ने।
- लक्षित वर्ग र समुदायको सहकारीमा पहुँच वृद्धि गर्ने।

- व्यवसायी, युवा र लक्षित वर्गले सञ्चालन गर्ने सहकारी र व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने।

**विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| क्र.सं | सूचक | इकाइ | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/ ८० | २०८०/८१ | २०८१/८२ |
| १ | सहकारी संघ र संस्था | संख्या | ९३७ | ९२३ | ९१० | ९०० | ८८५ |
| २ | सहकारीको कृषि क्षेत्रमा लगानी | प्रतिशत | १० | १०.२५ | ११ | १२ | १३ |
| ३ | एक सहकारी एक उत्पादन | संख्या | ० | १५ | १० | १५ | २० |
| ४ | COPOMIS मा तथ्याङ्क अद्यावधिक गर्ने सहकारी | संख्या | ६०० | ८०९ | ८३५ | ८६० | ८८५ |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरु र समाप्ति मिति) | लागत रू लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय | • क्षेत्रगत प्रादेशिक नीति, ऐन, मापदण्ड तथा कार्यविधि तर्जुमा<br>• क्षेत्रगत विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन<br>• संघीय तथा स्थानीय सरकारहरूसँग समन्वय तथा सहजीकरण | सालबसाली | २४२४२५० | • नीतिगत, संस्थागत तथा कार्यगत रूपमा संघीय सरकार र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय, सहकार्य तथा सहकार्य भएको हुने।<br>• जग्गा चक्लाबन्दी मार्फत उत्पादन लागत घट्ने तथा उत्पादन र उत्पाकत्वमा वृद्धि भएको हुने। |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | कृषिको लागि आवश्यक पूर्वाधार विकास तथा कृषिको व्यावसायीकरण | सालबसाली | ३४०६६५ | • कृषि मूल्य श्रृंखलाहरुको विकास भएको हुने।<br>• कृषि उपजको बजारीकरणमा सहजता भएको हुने। |
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | कृषक तथा प्राविधिकहरुको क्षमता विकास तथा व्यवसाय प्रवर्द्धन | सालबसाली | ६६४६५ | • व्यवसायिक कृषि सम्बन्धमा कृषकहरुको क्षमता विकास भएको हुने।<br>• प्रदेश तथा स्थानीय तहमा कार्यरत प्राविधिकहरुको क्षमता विकास भएको हुने। |
| ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरु | कृषिको व्यावसायीकरण, यान्त्रीकरण तथा आधुनिकीकरण र प्राविधिक सेवा प्रवाह | सालबसाली | २१५१३९५ | • कृषि क्षेत्रको व्यवसायिकरण, यान्त्रिकीकरण मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने।<br>• स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग भएको हुने।<br>• कृषि प्रसार सेवाको विस्तार भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरु र समाप्ति मिति) | लागत रू लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | माटोको गुणस्तरमा सुधार ल्याई कृषि उत्पादकत्व अभिवृद्धि | सालबसाली | ५५८३० | • प्रयोगशाला परीक्षण, घुम्ती शिविर मार्फत माटो तथा मलको परीक्षण भई नतिजाका आधारमा प्राविधिक सेवा तथ परामर्श उपलब्ध गराईएको हुने, माटोको गुणस्तरमा सुधार ल्याई कृषि उत्पादकत्व अभिवृद्धि भएको हुने।<br>• डिजिटल स्वाईल म्याप तयार भएको हुने। |
| ३१२०१०१४ | बीउ विजन प्रयोगशाला | बीउ बिजन उत्पादन वृद्धि तथा प्रवर्द्धन एवम् गुणस्तर नियन्त्रण | सालबसाली | ४९५८० | • बीउ बिजनको गुणस्तर नियमन तथा बीउको उपलब्धतामा सहजता भएको हुने। |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | बालीका रोगकीरा पहिचान तथा व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्ने | सालबसाली | ७२०८० | • कृषि बालीमा देखिने विभिन्न रोगकीराहरुको प्रकोप तथा प्रकोपबाट हुने क्षति न्यनीकरण भएको हुने। |
| ३१२०१००१ | कृषि स्रोत केन्द्रहरु | • फलफूल, तरकारीको बेर्ना उत्पादन, मुख्य खाद्यान्नबालीको बीउ उत्पादन प्रवर्द्धन<br>• रेशम तथा च्याउ खेती र मौरीपालनको प्रवर्द्धन तथा उत्पादन वृद्धि | ३ वर्ष | २५३७९० | • मुख्य मुख्य फलफूल तथा तरकारीको बेर्नाको उत्पादन<br>तथा मुख्य खाद्यान्नबालीको बीउको सहज उपलब्धता भएको हुने।<br>• रेशम खेतीको क्षेत्र विस्तार भएको हुने, च्याउ तथा महको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने। |
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | पशुपन्छी तथा पशुजन्य उत्पादनको बजार विकास, विस्तार तथा प्रवर्द्धन | सालबसाली | २८४०५५ | • पशुपन्छी मूल्य श्रृंखलाहरुको विकास भएको हुने।<br>• पशुपन्छीजन्य उपजको बजारीकरणमा सहजता भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरु र समाप्ति मिति) | लागत रू लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु पन्छीमा लाग्ने विभिन्न रोगहरूको पहिचान, रोकथाम तथा नियन्त्रण | सालबसाली | १९९८५८५ | • पशुपन्छी क्षेत्रमा व्यवसायिकरण, यान्त्रिकीकरण, नश्ल सुधार मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने।<br>• पशुका मुख्य संक्रामक रोगहरुको आउटब्रेक नियन्त्रण भएको हुने।<br>• विशिष्टकृत पशुपन्छी उपचार सेवा उपलब्ध भएको हुने। |
| ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | कृषक तथा प्राविधिकहरुको क्षमता विकास प्रदान गरी व्यावसायिक पशुपालन अभिवृद्धि तथा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न टेवा पुऱ्याउने। | सालबसाली | ८३१९० | • व्यवसायिक पशुपन्छी पालन सम्बन्धमा कृषकहरुको क्षमता विकास भएको हुने।<br>• प्रदेश तथा स्थानीय तहमा कार्यरत प्राविधिकहरुको क्षमता विकास भएको हुने। |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्र | मत्स्यपालन प्रवर्द्धन तथा प्राविधिक सेवा प्रवाह | सालबसाली | ८२९५० | • मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने।<br>• प्राकृतिक जलाशयको मत्स्यपालनमा उपयोग भएको हुने।<br>• मत्स्य सम्बन्धी प्राविधिक सेवा प्रवाह भएको हुने। |
| ३१२०५९०१ | सहकारी रजिष्ट्रारको कार्यालय | सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि तथा नियमन | सालबसाली | ८६५४० | • सहकारी संस्थाहरुको क्षमता विकास तथा नियमन भएको हुने। |

कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय | • प्रदेश खाद्यपरिषद गठन गरिएको, कृषि व्यवसाय प्रवर्द्धन नियमावली, विषादी व्यवस्थापन सम्बन्धी विधेयक र प्रादेशिक कृषि विकास रणनितिको मस्यौदा तयार भएको, कार्यक्रम सञ्चालनका लागि आवश्यक मापदण्डहरु तयार गरिएको।<br>• ५४ हेक्टर जमिनको चक्लाबन्दी कार्य भइरहेको।<br>• कित्तानापी नक्सामा २०० कि.मि. सार्वजनिक बाटो अद्यावधिक गरिएको। | • कृषि व्यावसाय प्रवर्द्धन नियमावली, विषादी व्यवस्थापन सम्बन्धी प्रादेशिक ऐन लगायतका कानून, प्रादेशिक कृषि विकास रणनीति लयागत अन्य सम्बन्धित नीति तर्जुमा भएको हुने।<br>• नीतिगत, संस्थागत तथा कार्यगत रूपमा संघीय सरकार र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय, सहकार्य तथा सहकार्य भएको हुने।<br>• जग्गा चक्लाबन्दी कार्यको प्रवर्द्धन भएको हुने। | • कृषि व्यावसाय प्रवर्द्धन नियमावली, विषादी व्यवस्थापन सम्बन्धी प्रादेशिक ऐन लगायतका कानून, प्रादेशिक कृषि विकास रणनीति लयागत अन्य सम्बन्धित नीति/मापदण्ड तर्जुमा गर्ने।<br>• जमिनको चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम।<br>• सार्वजनिक बाटोको कित्तानापी नक्सामा अध्यावधिक गर्ने। |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | • ७ वटा प्रशोधन केन्द्र र ५ वटा कोल्ड रुम निर्माण कार्य भइरहेको।<br>• ४५० रोपनी क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउको बगैंचा स्थापना भएको। | • शीत भण्डारहरू, बजार केन्द्रहरू, प्रशोधन केन्द्रहरू, प्राङ्गारिक मल कारखाना, बायोचार उद्योग सञ्चालनमा आएको हुने।<br>• कृषि मूल्य श्रृंखलाहरुको विकास भएको हुने।<br>• कृषकलाई आकस्मिक सेवा टेवा उपलब्ध भएको हुने। | • कोल्ड स्टोर तथा कोल्ड रुम निर्माण गर्ने।<br>• प्रशोधन केन्द्र र संकलन केन्द्र निर्माण गर्ने।<br>• व्यवसाय पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | विभिन्न तालिममार्फत २२६ जना कृषक र २२१ जना प्राविधिकहरुको क्षमता अभिवृद्धि गरिएको | कम्तीमा ७०० जना कृषक र ७५० जना प्राविधिकहरुको क्षमता अभिवृद्धि भएको हुने | • विभिन्न विधामा कृषक तथा प्राविधिकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम |
| ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरु | २२० नयाँ सिँचाई पूर्वाधार निर्माण तथा पुराना मर्मत सम्बन्धी कार्य भइरहेको जसबाट करिब १२५ हेक्टर जमिनमा सिँचाई पुग्ने, विभिन्न बालीका ३० वटा ब्लक स्थापना भएको, ६५.२ हेक्टर बाँझो जमिनमा खेती गरेबापत प्रोत्साहन उपलब्ध गराईएको, सूर्यमुखी, तोरी, कागुनो, कोदो लगायता स्थान विशेष बालीहरुको उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको। | • कृषि क्षेत्रको व्यावसायीकरणको लागि कार्यक्रमहरु सञ्चालन भएको हुने।<br>• कृषि यान्त्रिकीकरण तथा नवीनतम तथा आधुनिक प्राविधि अवलम्बनका लागि सहयोग तथा सहजीकरण भएको हुने।<br>• कृषकहरुलाई प्राविधिक तथा प्रसार सेवा उपलब्ध भएको हुने।<br>• स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग भएको हुने। | • साना व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम<br>• साना सिँचाई पूर्वाधार विकास कार्यक्रम<br>• बीउ उत्पादन तथा विशेष बाली प्रवर्द्धन कार्यक्रम<br>• रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रम<br>• प्रविधि प्रदर्शन तथा शिविर सञ्चालन<br>• विपन्न बस्तीमा मुख्यमन्त्री तथा मुख्यमन्त्री जलवायैमैत्री नमुना कृषि गाउँ कार्यक्रम |
| ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | प्रयोगशाला परीक्षण तथा घुम्ती शिविरमार्फत ३००० माटो तथा ३५ मलको नमूना परीक्षण गरिएको। माटो परीक्षण गरी स्वाईल हेल्थ कार्ड वितरण गर्ने कार्य सुरु गरिएको। | • प्रयोगशाला परीक्षण, घुम्ती शिविर मार्फत माटो तथा मलको परीक्षण गरी नतिजाका आधारमा प्राविधिक सेवा तथा परामर्श उपलब्ध गराईएको हुने।<br>• आइ.पि.एन.एस कृषक पाठशाला सञ्चालन भएको हुने।<br>• डिजिटल स्वाईल म्याप तयार भएको | • प्रयोगशाला परीक्षण तथा घुम्ती माटो शिविरमार्फत माटो परीक्षण<br>• मल परीक्षण<br>• आइ.पि.एन.एस कृषक पाठशाला सञ्चालन |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| | | | हुने। | |
| ३१२०१०१४ | बीउ विजन प्रयोगशाला | गहुँ, धान, मकै, तोरी, बोडी,मूला लगायतका बालीको बीउ प्रमाणीकरण गरिएको, बीउ बिजन संकेतपत्र व्यवस्थापन सम्बन्धमा कृषकहरुको क्षमता अभिवृद्धि गरिएको। | • बीउ बिजनको दर्ता तथा गुणस्तर नियमन भएको हुने।<br>• बीउ बिजनको उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने।<br>• प्रदेशस्तरमा स्रोत बीउ र उन्नत बीउको वासलात तयार भएको हुने। | • बीउ प्रमाणीकरण<br>• प्रदेशस्तरमा स्रोत बीउ र उन्नत विउको वासलात तयारी |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | पि.सि.आर. प्रविधिबाट रोग पहिचान कार्यको सुरुवात गरिएको, ८ वटा आ.ई.पि. एम कृषक पाठशालामार्फत कृषकहरुको क्षमता विकास गरिएको, रोग कीरा व्यवस्थापनका लागि अभियानमूलक बाली संरक्षण कार्यक्रम सञ्चालन गरिएको | • कृषि बालीमा देखिने विभिन्न रोगकीराहरुको निदान गरी समस्या समाधान गरिएको हुने।<br>• प्रदेशभित्र विषादीको कारोबारमा संलग्न ब्यक्तिहरुको क्षमता विकास भएको हुने।<br>• ट्राईकोडर्माको उत्पादन, कल्चर, संरक्षण र प्रयोग भएको हुने। | • कृषि बालीमा देखिने विभिन्न रोगकीराहरुको प्रयोगशाला परीक्षण गरी निदान<br>• कृषक पाठशाला कार्यक्रम<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम<br>• ट्राईकोडर्माको उत्पादन कार्यक्रम |
| ३१२०१००१ | कृषि स्रोत केन्द्रहरु | मौसमी तथा बेमौसमी तरकारीका बेर्ना उत्पादन गरी बिक्री वितरण गरिएको, कृषकहरुलाई धान तथा मकैको मूल बीउ उपलब्ध गराई बीउ उत्पादन प्रवर्द्धन गरिएको, व्यवसायिक च्याउ खेती, मौरीपालन तथा बीउ उत्पादन तथा व्यवस्थापन तालिममार्फत कृषकहरुको क्षमता विकास गरिएको। | • स्रोत केन्द्रमा मुख्य मुख्य फलफूल तथा तरकारीको बेर्नाको सहज उपलब्धता भएको हुने,<br>• तरकारी तथा मुख्य खाद्यान्नबालीको बीउको सहज उपलब्धता भएको हुने।<br>• रेशम खेतीको क्षेत्र विस्तार भएको हुने, च्याउ खेती र मौरीपालन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको हुने। | • मुख्य मुख्य फलफूल तथा तरकारीको बेर्नाको उत्पादन, वितरण<br>• तरकारी तथा मुख्य खाद्यान्नबालीको बीउ उत्पादन प्रवर्द्धन<br>• च्याउ बीउ उत्पादन तथा च्याउ खेती र मौरीपालन प्रवर्द्धन कार्यक्रम<br>• रेशम खेती विस्तार कार्यक्रम<br>• च्याउ खेती, मौरीपालन, बीउ उत्पादन तथा व्यवस्थापन सम्बन्धी तालिम |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २ वटा कोल्ड रुम, २ वटा चिस्यान केन्द्र स्थापना कार्य भइरहेको, खोप भण्डारणका लागि खोप बैङ्क निर्माण भई सञ्चालनमा आएको, तनहुँमा देखिएको पट्के रोग र लमजुङ रकास्की जिल्लामा देखिएको खोरेत रोग नियन्त्रणमा सहजीकरण गरिएको | • कोल्ड रुम, दुग्ध चिस्यान केन्द्र, बजार केन्द्र र आधुनिक पशु बधशाला/बधस्थल स्थापना भएको हुने।<br>• पशुपन्छीजन्य उत्पादनको विकासका लागि हाटबजार तथा पशुसंकलन केन्द्र सञ्चालनमा आई बजारीकरणमा सहजता आएको हुने।<br>• पशुमा पूर्ण खोप कार्यक्रमको लागि खोपको व्यवस्थापन गरिएको हुने। | • कोल्ड रुम तथा दुग्ध चिस्यान केन्द्र निर्माण।<br>• खोप खरिद तथा खोप बैङ्क सञ्चालन<br>• व्यवसाय पुनर्स्थापना सहयोग<br>• महामारी रोग नियन्त्रण कार्यक्रम |
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ३८ वटा स्थानीय तहमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरिएको, ३१५ वटा साना व्यवसायिक फार्म स्थापना कार्य भइरहेको, ६०६४५ पटक कृत्रिम गर्भाधान गरिएको, २१ हेक्टर मत्स्य पोखरी निर्माण भएको, १० वटा विभिन्न पशु तथा मत्स्य ब्लक स्थापना भएको, तनहुँ र कास्कीमा मोडल भेटेरिनरी अस्पताल निर्माण भइरहेको। | • पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यसायीकरणका लागि कार्यक्रमहरु सञ्चालन भएको हुने।<br>• पशुका मुख्य संक्रामक रोगहरु नियन्त्रण गर्न वृहत खोप कार्य सञ्चालन भएको हुने।<br>• पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको निदान तथा उपचार सेवा उपलब्ध भएको हुने।<br>• विभिन्न पशुहरुका स्रोत केन्द्रको स्थापना भएको हुने।<br>• पशुपन्छीको नश्ल सुधार सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने।<br>• उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराईएको गरिएको हुने। | • साना व्यवसायिक फार्म स्थापना तथा विस्तार<br>• पशुको पूर्ण खोप कार्यक्रम<br>• पशु स्रोत केन्द्रको स्थापना<br>• उत्पादनमा आधारित प्रोत्साहन (दूधमा)<br>• प्रयोगशाला, उपचार सेवा तथा शिविर सञ्चालन |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | विभिन्न तालिममार्फत जना कृषक तथा जना प्राविधिकहरुको २१८ जना कृषक र १५० जना प्राविधिकहरुको क्षमता अभिवृद्धि गरिएको। | • विभिन्न तालिममार्फत कम्तीमा ७०० जना कृषक र ५०० जना प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने। | • कृषक तथा प्राविधिकहरुको क्षमता विकास सम्बन्धी क्रियाकलाप<br>• तालिम प्रभावकारिता मूल्याङ्कन |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्र | विभिन्न जिल्लाका १२० वटा मत्स्य पोखरीको पानीको गुणस्तर जाँच गरी व्यवस्थापन सुधारका लागि कृषकहरुलाई प्राविधिक सुझाव दिईएको, व्यवसायिक मत्स्यपालन सम्बन्धी ९ वटा तालिममार्फत १८८ जना कृषकहरुको क्षमता अभिवृद्धि गरिएको, ४ वटा मत्स्य घुम्ती शिविरमार्फत ८० जना कृषक लाभान्वित भएका। | • मत्स्यपालन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको हुने।<br>• प्राकृतिक जलाशयको उपयोग तथा जलीय जीव संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने।<br>• मत्स्य सम्बन्धी प्राविधिक सेवा प्रवाह भएको हुने। | • मत्स्य नर्सरी स्थापना<br>• ताल विशेष मत्स्यपालन कार्यक्रम<br>• मत्स्य मोडल फार्म स्थापना |
| ३१२०५९०१ | सहकारी रजिष्ट्रारको कार्यालय | १२७ वटा सहकारी संस्थाहरुको एकीकरण भएको, २० वटा सहकारी संस्थाहरुको विनियम संसोधन स्वीकृत गरिएको, सहकारी संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने कार्य नियमित रुपमा भइरहेको, एक सहकारी एक उत्पादन कार्यक्रम मार्फत १५ वटा सहकारी संघस्थाहरलाई सहयोग गरिएको। | • सहकारी सम्बन्धी विभिन्न तालिममार्फत सहकारी संस्थाहरुको क्षमता विकास भएको हुने।<br>• सहकारी संघसंस्थाको अनुगमन, निरीक्षण र सुपरीवेक्षण भएको हुने। | • सहकारीको क्षमता विकास सम्बन्धी विभिन्न तालिमहरु<br>• सहकारी संघसंस्थाको नियमन कार्यक्रम |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजश्व बाडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | २४७२९०० | २२१०३५५ | २६२५४५ | ० | २४७२९०० | ० | ० |
| २०८०/८१ | २७१९९२० | २४३११२० | २८८८६० | ० | २७१९९२० | ० | ० |
| २०८१/८२ | ३०१९१०० | २६९८५३० | ३२०६२० | ० | ३०१९१०० | ० | ० |

# त्रिवर्षीय खर्चको अनुमान तथा सांकेतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | आ.व. २०७८/७९ को संसोधित अनुमान | आ.व. २०७९/८० को विनियोजन | | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३७६४७७ | ७४८३१० | ६८७४१० | ६१२०२ | ० | ८२३१५० | ७५५८२० | ६७३३० | ० | ९१३६९० | ८३८९६० | ७४७३० | ० | ३ | १ | २ | २ | ३ |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | ६९०४९ | १०३३१५ | १००८६५ | २४५० | ० | ११३६५० | ११०९६० | २७०० | ० | १२६१५० | १२३१६० | ३००० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २५६६७ | २०५६६ | १८७१६ | १८५० | ० | २२६३० | २०५९० | २०४० | ० | २५१२० | २२८६० | २२६० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरु | ७२७३१७ | ६५६५६० | ६२७५१५ | २९०४५ | ० | ७२२२२० | ६९०२७० | ३१९५० | ० | ८०१६६० | ७६६२०० | ३५४७० | ० | ३ | १ | २ | २ | १ |
| ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | १९१९९ | १७२०२ | १५८८७ | १३१५ | ० | १८९३० | १७४८० | १४५० | ० | २१०१० | १९४०० | १६१० | ० | ३ | १ | २ | २ | ३ |
| ३१२०१०१४ | बीउ विजन प्रयोगशाला | १२३४१ | १५४७६ | १३६५१ | १८२५ | ० | १७०३० | १५०२० | २०१० | ० | १८९०० | १६६७० | २२३० | ० | ३ | १ | २ | २ | ३ |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | १८६२६ | २२१०९ | २०७५९ | १३५० | ० | २४३२० | २२८४० | १४९० | ० | २७००० | २५३५० | १६५० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०१००१ | कृषि स्रोत केन्द्रहरु | ८८२५८ | ८४९४४ | ५६६२९ | २८३१५ | ० | ९३४४० | ६२३०० | ३११५० | ० | १०३७२० | ६९१५० | ३४५८० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ३६०१८ | ८५७६० | ८४९९५ | ७६५ | ० | ९४३४० | ९३५०० | ८५० | ० | १०४७२० | १०३७८० | ९४० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ६९२७५२ | ६३९१९५ | ५१५००५ | १२४१९० | ० | ७०३१२० | ५६६५१० | १३६६१० | ० | ७८०४६० | ६२८८३० | १५१६४० | ० | ३ | १ | २ | २ | १ |
| ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | २७३७७ | २७२५९ | १९९११ | ७३४८ | ० | २९९९० | २१९१० | ८०९० | ० | ३३२९० | २४३२० | ८९८० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्र | १६६४२ | २५३७२ | २४०६२ | १३१० | ० | २७९१० | २६४७० | १४५० | ० | ३०९८० | २९३८० | १६०० | ० | ३ | १ | २ | २ | २ |
| ३१२०५९०१ | सहकारी रजिष्ट्रारको कार्यालय | २३९८७ | २६५३० | २४९५० | १५८० | ० | २९१९० | २७४५० | १७४० | ० | ३२४०० | ३०४७० | १९३० | ० | ३ | १ | ८ | २ | ३ |
| **जम्मा** | | **२१३३७१०** | **२४७२९००** | **२२१०३५५** | **२६२५४५** | **०** | **२७१९९२०** | **२४३११२०** | **२८८८६०** | **०** | **३०१९१००** | **२६९८५३०** | **३२०६२०** | ० | | | | | |

## जोखिम पक्ष तथा अनुमान

बजेट र नीति तथा कानुनी व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको अर्थपूर्ण सहभागिता, आवश्यक कर्मचारीको व्यवस्था, संघ र स्थानीय तहबीचको समन्वय, बहुक्षेत्रको सामूहिक सहभागिताबाट कृषि पेशामा आकर्षण हुनेछ। प्रविधि, मल, गुणस्तरीय बीउ, सिँचाईको व्यवस्था तथा भूमिको उपयोग गर्न नसकिएमा अपेक्षित नतिजा हासिल गर्न जोखिम रहने आँकलन गर्न सकिन्छ।

# ३.२ अर्थ (आर्थिक मामिला)

## पृष्ठभूमि

नेपालको संविधान तथा गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थकि नीति तर्जुमा, कार्यान्वयन र नियमन, वित्तीय नीति तथा राजस्व नीति तर्जुमा, आन्तरिक स्रोत परिचालन र व्यवस्थापनको कार्यजिम्मेवारी अर्थ मन्त्रालय अन्तर्गत रहेको रहेको छ। उपलब्ध स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, नीति आयोजना तथा कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कनबाट विनियोजन दक्षता प्रवर्द्धन गर्ने जस्ता महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । प्रदेशको लगानी प्रक्षेपण, संघीय नीति अनुरुप सहवित्तीयकरण, वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य लगायतका कार्यहरुसमेत अर्थ मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गत पर्ने देखिन्छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँट र आन्तरिक स्रोतलाई सन्तुलित, न्यायोचित वितरण गर्नु सार्वजनिक वित्त व्यवस्थापनको कार्यभित्र पर्दछ ।

दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन मार्फत् स्रोतको प्रभावकारी परिचालनका लागि मध्यमकालीन खर्च संरचना निर्माण गर्नु यसको उद्देश्य रहेको छ। प्रदेशको सुशासन, विकास र समृद्धिको लक्ष्यलाई पुरा गर्न उपलब्ध स्रोत र साधनको मितव्ययी र पारदर्शी तवरबाट परिचालन गर्नु आवश्यक देखिन्छ। साथै, आर्थिक — सामाजिक रूपान्तरणका लागि आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी योजनाबद्धरूपमा कार्यान्वयन गर्नु अपरिहार्य छ।

प्रदेश सरकारबाट कार्यान्वयनका चरणमा रहेका आयोजनाको नियमित रुपमा अनुगमन मूल्याङ्कन गरी कार्यान्वयनको शिलशिलामा देखिएका समस्याहरूको सम्बोधन गर्दै समयमै आयोजना सम्पन्न गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य रहेको छ। सालबसाली रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा विगतका आयोजनाको प्रगति समीक्षा गर्दै स्रोतमा पुनः प्राथमिकीकरण गरिनुपर्दछ। मध्यमकालीन खर्च संरचनाले आयोजना कार्यान्वयनको आवश्यकतानुसार स्रोतको रकमान्तर र स्रोतान्तर गर्न आधार प्रदान गर्दछ ।

## चुनौती र अवसर

### चुनौती

प्रदेश सरकारको आन्तरिक आम्दानी बढाउने, उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्ने, तीन तहका सरकारबीच योजना तथा राजस्व परिचालनमा समन्वय गर्ने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्ने, विनियोजन दक्षता हासिल गर्ने, आर्थिक उपलब्धिको समन्यायिक वितरण गर्ने, बजेट कार्यान्वयनमा आर्थिक अनुशासन कायम गर्ने जस्ता विषय मुख्य समस्या तथा चुनौती रहेका छन्।

### अवसर

संघीय शासन प्रणालीले प्रदेश सरकारलाई नीति तथा योजना बनाउने, कार्यान्वयन गर्ने, आर्थिक स्रोतको परिचालन गर्ने, संघीय इकाइका बीचमा स्रोत परिचालन र आयोजना कार्यान्वयनमा समन्वय, सहकार्य र साझेदारी गर्ने जस्ता विषय प्रदेश सरकारका अवसरका रुपमा रहेका छन् ।

## सोच

प्रदेशको सबल र समुन्नत अर्थतन्त्र निर्माण।

## लक्ष्य

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

## उद्देश्य

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक वृद्धि हासिल गर्नु।

## रणनीति

१. राजस्वका स्रोतहरूको क्षेत्र पहिचान एवम् कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने,
२. आर्थिक उपलब्धिको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने,
३. लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै व्यापक रोजगारीका अवसर सिर्जना गर्ने,
४. उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय एवम् अन्तर—स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,
५. सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उपयोग गर्ने।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | २०७८/७९को उपलब्धि | मध्यमकालीन खर्च (रु हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| राजस्वका सम्भावित स्रोतको पहिचान तथा क्षेत्र विस्तार सम्बन्धी अध्ययन | पटक | ..... | १००० | ११०० | १२०० |
| विषयगत कार्यालयका कर्मचारीहरूलाई राजस्व परिचालन सम्बन्धी तालिम, २ दिने | पटक | | १२०० | १०५० | १५०० |
| सामाजिक सुरक्षा कोष | संख्या | | ५०००० | ५५००० | ६०००० |
| प्रदेश आकस्मिक कोष | संख्या | | १०००० | ११००० | १२५००० |
| आर्थिक सर्वेक्षण | पटक | | १००० | ११०० | १२०० |
| वित्तीय र बजेट कार्यान्वयनको दृष्टिकोणबाट प्रदेशको प्रशासनिक | पटक | | २००० | २२०० | २४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| पुनर्संरचना सम्बन्धी अध्ययन | | | | | |
| प्रदेशको आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी र गैरसरकारी संघसंस्थाको सहभागिता सम्बन्धी नीति तर्जुमा | पटक | | १००० | ११०० | १२०० |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | श्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | २१२५४६ | १५५२४६ | ५७३०० | - | २१२५४६ | - | - |
| २०८०/८१ | २१३५०२ | १५५९४५ | ५७५५८ | - | २१३५०२ | - | - |
| २०८१/८२ | २३७३७२ | १७३३७९ | ६३९९३ | - | २३७३७२ | - | - |

## प्रमुख आयोजना तथा कार्यक्रमहरु

| ब.उ.शि.नं. | आयोजना– कार्यक्रम | उद्देश्य तथा पुष्ट्याई | आयोजना (सुरु र अन्तिम) | लागत(रु. लाखमा) | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | राजस्वका सम्भावित स्रोतको पहिचान तथा क्षेत्र विस्तार सम्बन्धी अध्ययन | राजश्वका सम्भावित दायरा र दरमा बढोत्तरी गरी प्रदेशको आन्तरिक आम्दानी बढाउनु । | | | प्रदेशमा राजश्वका दायरा र दरमा पुनरावलोन भै प्रदेशको आम्दानी बढेको हुनेछ । |
| | सामाजिक सुरक्षा कोष | लक्षित वर्गको आर्थिक सामाजिक उत्थान गर्नु । | | | लक्षित वर्गको सामाजिक समावेशीकरण तथा उत्थान भएको हुनेछ । |
| | प्रदेश आकस्मिक कोष | प्रदेशमा महामारी एवम् विपदको जोखिमबाट हुने क्षतीलाई न्यूनीकरण गरी नागरिकको जीउ ज्यानको रक्षा गर्नु । | | | महामारी एवम् विपदको जोखिमबाट हुने सम्भावित क्षति न्यूनीकरण हुनुका साथै राहत र पुनर्स्थापनामा सहयोग पुगेको हुनेछ । |
| | आर्थिक सर्वेक्षण | प्रदेशको आर्थिक गतिविधिको सुक्ष्म अध्ययन गरी सुधारका पक्षहरुको पहिचान गर्नु । | | | प्रदेशको आर्थिक सबलीकरणमा टेवा पुगेको हुनेछ । |
| | वित्तीय र बजेट कार्यान्वयनको दृष्टिकोणबाट प्रदेशको प्रशासनिक पुनर्संरचना सम्बन्धी अध्ययन | प्रदेशमा प्रशासनिक पुनर्संरचनाको लागि सहयोग पुर्‍याउनु । | | | प्रशासनिक संयन्त्र जनमुखी, उत्तरदायी, पारदर्शी र मितव्ययी भएको हुनेछ । |

## जोखिम पक्ष तथा अनुमान

तथ्यपरक खण्डीकृत तथ्याङ्कको उपलब्धता, योजना र बजेटका बीचमा सामञ्जस्यता, वित्तीय जवाफदेहिता, कोरोना भाइरस लगायतका विपतका कारण राजस्वमा आउने संकुचन, चालु खर्चमा हुने विस्तार, निर्धारित समयमै आयोजना सम्पन्न नहुने कार्यसंस्कार, उत्प्रेरित तथा मनोबलयुक्त जनशक्तिको न्यूनता जस्ता पक्ष जोखिमका रुपमा रहेका छन्।

# ३.३ उद्योग तथा पर्यटन

## क. पर्यटन

### पृष्ठभूमि

ग्रामीण क्षेत्रमा चिया पसल र घरवासदेखि शहरका पाँचतारे होटेलसम्म सञ्चालन गर्ने र समावेशी, सेवामूलक र रोजगारमूलक क्षेत्रको रुपमा अपेक्षा गरिएको पर्यटन क्षेत्र गण्डक प्रदेश समृद्धिको एक संवाहक हो। पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनबाट दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य नम्बर ८ अनुसारको मर्यादित रोजगारी र आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य हासिल गर्न प्रत्यक्ष सहयोग पुग्दछ । प्रदेश सरकारले घोषणा गरेका प्रमुख पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विकास र विविधीकरण तथा नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ।

प्रदेशमा रहेका विभिन्न प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको समृद्धिको मूल सम्वाहकको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धिका साथै समग्र प्रादेशिक आर्थिक विकास एवम् समुन्नतिमा टेवा पुऱ्याउँदै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुऱ्याउनु पर्नेछ । सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै यस मन्त्रालयले नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्नुपर्ने देखिन्छ ।

### चुनौती र अवसर

पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटकीय कृयाकलापमा विविधीकरण गरी पर्यटकको दैनिक खर्च रकम बढाउनु, पदमार्गहरूमा पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदिनु र पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु, पर्यटकीय उपजहरूको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्नु, पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु पर्यटन क्षेत्रका चुनौतीहरू हुन् ।

प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्नु, संसारभर प्रसिद्ध र स्थापित भइसकेका अद्वितीय पर्यटकीय क्षेत्रहरू गण्डकी प्रदेशमा रहनु, जैविक विविधतामा धनी अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र एवम् नेपालकै एकमात्र शिकार आरक्ष मध्येको ढोरपाटन क्षेत्र यसै प्रदेशमा रहनु, पर्यटकको आकर्षणको रुपमा रहेको जोमसोमको मुक्तिनाथ क्षेत्र तथा चीन जोडिने पोखरा-कोरला सडकको स्तरोन्नतिको कार्य द्रुत गतिमा अगाडि बढ्नु, संघीय राजधानी काठमाडौं, बुद्ध जन्मभूमि लुम्बिनी र

पर्यटकको आकर्षणको केन्द्र सौराहा प्रदेश केन्द्र पोखरासँग गुणस्तरीय सडक सञ्जाल मार्फत् जोडिनु, पोखराबाट भारतका विभिन्न स्थानमा सीधा बस सञ्चालनमा आउनु, रामसारमा सूचीकृत तालहरू हुनु, स्थानीय तहको सहजीकरण तथा समन्वयमा सामुदायिक होमस्टे सञ्चालनको अद्वितीय माहोल सिर्जना हुनु, छिमेकी राष्ट्रहरूको उच्च आर्थिक वृद्धिबाट ती राष्ट्रहरूमा मध्यम आय वर्गको तीव्र वृद्धि हुनु, पर्यटन पूर्वाधार निर्माणमा अन्तर्राष्ट्रिय क्षेत्रको चासो वृद्धि हुँदै जानु, पर्यटन क्षेत्रका अवसरहरू हुन् ।

**सोच**

प्रदेश समृद्धिको आधार, पर्यटनको दिगो विकास

**उद्देश्य**

१. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु।
२. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु।
३. पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु।
४. पर्यटनलाई अन्तर्राष्ट्रिय क्षेत्रसँग आबद्ध गरी उत्पादकत्व वृद्धि गर्नु।

**रणनीति**

१. नेपाल सरकारसँगको समन्वयमा गण्डकी प्रदेशलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्य र पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास गर्न आवश्यक पर्यटकीय पूर्वाधार तथा सेवाको गुणात्मक वृद्धिका लागि नीतिगत व्यवस्था समेतको आधार तयार गरिने ।
२. प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यमा पूर्वाधार विकास र प्रवर्द्धन, पर्यटकीय पदमार्गहरुको पहिचान, पुनर्स्थापना र विकास, पर्यटकीय होटल, रिसोर्ट, रेष्टुराँ, बार आदिको परिमाणात्मक तथा गुणात्मक वृद्धि गरी विविधीकरणको माध्यमबाट पर्यटनलाई प्रदेशको अर्थतन्त्रको दिगो आधार बनाइने ।
३. स्थानीय कृषि उपजको उत्पादन र उपभोगलाई प्राथमिकतामा राखी होमस्टेहरुको सबलीकरण गरिने। ग्रामीण अर्थतन्त्र र कृषि पर्यटन प्रवर्द्धन गर्दै होमस्टेलाई स्थानीय उत्पादन प्रवर्द्धन सहितको पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने ।
४. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनका लागि आवश्यक समन्वय तथा सहजीकरण एवम् यससँग अन्तरसम्बन्धित पूर्वाधार विकास सम्बन्धी कार्यहरु अगाडि बढाइने ।
५. आन्तरिक पर्यटकहरुको संख्यात्मक वृद्धिका लागि अन्तरप्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रमबाट अन्तरसमन्वयात्मक भ्रमण तथा प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने । प्रदेशभित्र रहेका प्रमुख तालहरुको Connection Trail को विकास गरिने ।
६. नेपाल सरकारसँगको समन्वयमा पोखराको आकर्षण रत्नमन्दिर र हिमागृहलाई सर्वसाधारणको लागि समेत खुल्ला गरी आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. स. | सूचक | एकाई | आ.व.२०७७ /७८ को उपलब्धि | आ.व.२०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९ /८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | होमस्टे पूर्वाधार विकास | संख्या | १३३ | ५० | १० | २० | ४० |
| २ | प्रदेश पर्यटन सम्बन्धी नीति तथा कानून निर्माण | संख्या | | १ | २ | | |
| ३ | फेवाताल वरिपरि Foot trail निर्माण | मिटर | ८०० | | | ५०० | |
| ४ | पदमार्ग स्तरोन्नती/विकास/निर्माण र व्यवस्थापन | संख्या | २५ | ९१ | १२२ | १५० | १५० |
| ५ | पर्यटक कोशेली घर सञ्चालनमा सहयोग | संख्या | ४ | | ३ | ४ | ४ |
| ६ | पर्यटकको आपतकालीन उद्धार कोष स्थापना | संख्या | - | - | १ | निरन्तर | निरन्तर |
| ७ | पर्यटक तथ्याङ्क संकलन र अभिलेखीकरण | संख्या | ३४२२ | ७१८९५ | १५०००० | २००००० | २५०००० |
| ८ | पर्यटन सम्बन्धी सूचना वेबपोर्टल मार्फत प्रचार प्रसार | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | पर्यटकीय पार्क स्तरोन्नती/विकास/निर्माण | संख्या | ६ | ५५ | ५३ | ५० | ५० |
| १० | पर्यटक सूचना केन्द्र स्थापना | संख्या | | | १ | १ | १ |
| ११ | विदा पर्यटन कार्यक्रम कार्यान्वयन | प्याकेज | १ | १ | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | पोखरालाई अन्तर प्रदेश हवाइ सेवा सञ्जालमा जोड्ने | संख्या | ३ | ३ | १ | | |
| १३ | पर्यटकीय गन्तव्यको पूर्वाधार विकास | संख्या | ६६ | ४६ | १५ | २२ | ३३ |
| १४ | होमस्टे क्षमता अभिवृद्धि तथा अभिमुखीकरण | पटक | ४ | १ | ३ | ५ | ५ |
| १५ | मेला महोत्सव दिवस समारोह | पटक | ९ | १० | ५० | ५० | ५० |
| १६ | प्रमुख पर्यटकीय गन्तव्यहरुको DPR निर्माण | संख्या | | १२ | | ११ | ११ |
| १७ | प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रोफाइल तयार | संख्या | २ | | २ | ३ | ४ |

## कार्यक्रम र आयोजनाको संक्षिप्त विवरणः

| ब.उ.शी. नं. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|

| ब.उ.शी. नं. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०७०००११ | मन्त्रालयबाट DPR तयार भएका पर्यटकीय गन्तव्यमा पूर्वाधार निर्माण | प्रमुख पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास | २०७९ /८०- २०८२ /८३ | २२० | मन्त्रालयबाट DPR तयार गरिएका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास भएको हुने |
| ३०७०००११ | प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास | प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास | ७९ /८० | निरन्तर | पदमार्ग, पार्क लगायत प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास भएको हुने |
| ३०७०००११ | पर्यटन सेवा र व्यवसायमा आबद्ध संघसंस्थासँगको सहकार्य र साझेदारीमा पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन व्यवसायी तथा निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धन | ७९ /८० | | पर्यटन व्यवसायी तथा निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धन भई आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने |
| ३०७०००११ | होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्धि तालिम | होमस्टे सञ्चालकहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने | ७९ /८० | १० | होमस्टे सञ्चालकहरुको क्षमतामा अभिवृद्धि भै पाहुनाहरुलाई गुणस्तरीय सेवा प्रवाह भएको हुने |
| ३०७०००११ | अन्तरप्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रम | आन्तरिक पर्यटन प्रवर्द्धन | ७९ /८० | १० | आन्तरिक पर्यटनमा वृद्धि भएको हुने |
| ३०७०००११ | पर्यटक सूचना केन्द्र तथा उद्धार केन्द्र सम्भाव्यता अध्ययन | पर्यटकहरुलाई आवश्यक सूचना सम्प्रेषण | ७९ /८० | तयारी | पर्यटकहरुलाई आवश्यक सूचना प्रवाह भएको हुने, पर्यटकहरुको आपतकालीन उद्धारमा सहयोग पुग्ने |

## ख. उद्योग

### पृष्ठभूमि

गण्डकी प्रदेशलाई औद्योगीकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न प्रदेशमा प्रादेशिक तहका औद्योगिक क्षेत्र र सम्भावना रहेका सवै स्थानीय तहमा उद्योग ग्राम स्थापना गरी निजी, स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्दै औद्योगिक पूर्वाधारको निर्माण गर्ने, उक्त औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने कच्चा पदार्थको उत्पादन र प्रशोधन गरी उत्पादनको निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यमबाट गरिबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने रहेको छ । यस क्षेत्रको विकास र विस्तारबाट दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य नं. ९ अनुसारको दिगो र समावेशी औद्योगिक विकास हासिल गर्न सहयोग पुग्दछ ।

### चुनौती र अवसर

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्र र उद्योगग्राममा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गरी प्रदेशका उद्योगलाई प्रतिस्पर्धी बनाउनु, प्रादेशिक तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, उत्पादन क्षेत्रलाई माग अनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु, आयात हुने वस्तुहरूको प्रदेशमा नै उत्पादन बढाउनु, व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकास मार्फत् व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु उद्योग क्षेत्रका चुनौतीहरू हुन् ।

स्थिर सरकार हुनु, उद्योग क्षेत्रलाई प्रदेश सरकारले दिगो आर्थिक विकासको मियोको रुपमा लिनु, स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, भूमण्डलीकरणसँगै औद्योगिक उत्पादनको श्रृङ्खला विकासोन्मुख मुलुकहरूतर्फ विस्तार हुँदै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु, जनताको आयमा भएको वृद्धिसँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामग्री र अन्य उत्पादनहरूको माग क्रमशः बढ्दै जानु, छिमेकी मुलुकहरूको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा प्रदेशले लाभ लिन सक्ने अवस्था रहनु, सम्पूर्ण मूल्य श्रृङ्खला मात्र

नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु औद्योगिक विकासका अवसरहरू हुन् ।

**सोच**

- उद्योग क्षेत्रको विकास, दिगो अर्थतन्त्र निर्माणको आधार

**उद्देश्य**

१. उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
२. उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु।
३. आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु।

**रणनीतिः**

१. नेपाल सरकारसँगको समन्वय र स्थानीय तहको सहकार्यमा प्रदेश गौरवको आयोजनाका रूपमा रहेका कास्की र तनहुँको पुँडिटार, नवलपुरको लोकाहाखोलामा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्र र एक स्थानीय तह एक उद्योग ग्राम स्थापना, व्यवस्थापन तथा सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिई प्राथमिकताका साथ अगाडि बढाइने ।
२. डिजिटल गण्डकी सरकारको अवधारणालाई टेवा पुग्ने गरी विद्यमान उद्योग तथा वाणिज्य फर्महरुको अभिलेखहरुलाई डिजिटाइज्ड गर्दै उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्य विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक प्रणाली विकास गरी प्राथमिकताका साथ प्रभावकारी, गुणस्तरीय, मितव्ययी र छरितो सेवा प्रवाहको व्यवस्था मिलाइने ।
३. नेपाल सरकारसँग समन्वय गरी प्रदेशभित्रका खानीहरुको भौगर्भिक अध्ययन, अनुसन्धान तथा ढुङ्गा, गिटी, वालुवा तथा नदीजन्य पदार्थको उत्खनन, प्रशोधन र वितरण सम्बन्धी नीतिगत व्यवस्था गरी प्रदेशको आम्दानीको स्रोतको दायरा फराकिलो बनाइने ।
४. व्यावसायिक उत्पादन तथा रोजगारी अभिवृद्धिका लागि युवामा उद्यमशील सोचको विकास एवम् स्थानीय श्रम, पुँजी, प्रविधि तथा कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न उद्यमशीलता विकास, सीपमूलक तालिम तथा उपयुक्त प्रविधी हस्तान्तरणको कार्यक्रम सञ्चालन गरिने । सार्वजनिक निजी साझेदारी मोडलमा उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक बीउ पुँजीको व्यवस्था गरिने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. स. | सूचक | एकाई | आ.व.२०७७ /७८ को उपलब्धि | आ.व.२०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९ /८० | आ.व. २०८०/ ८१ | आ.व. २०८१/ ८२ |
| १ | दर्ता भएका उद्योग (लघु घरेलु तथा साना) | संख्या | ९०३५ | ७००० | ७५०० | ८००० | ८५०० |
| २ | दर्ता भएका वाणिज्य फर्म | संख्या | ६८९६ | ६३०० | ६७०० | ७१०० | ७५०० |
| ३ | राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र | संख्या | १ | | | | |
| ४ | प्रादेशिक आद्योगिक क्षेत्र स्थापना र सञ्चालन | संख्या | तयारी | तयारी | तयारी | तयारी | २ |
| ५ | प्रादेशिक औद्योगिक नीति तथा कानून निर्माण | संख्या | | २ | २ | | |
| ६ | स्थानीय उद्योग ग्राम (पूर्वाधार विकास सहयोग) | पटक | १९ | १० | १० | १५ | १५ |
| ७ | उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी तथ्याङ्क डिजिटाइजेशन | संख्या | ४३०० | १६७१९ | ८४५९४ | निरन्तर | निरन्तर |
| ८ | निर्यातजन्य उद्योग स्थापनामा सहयोग | संख्या | | | २ | ४ | ५ |
| ९ | उद्यमशीलता विकास तालिम | जना | | १०२८ | २२० | ३३० | ४४० |
| १० | सीप विकास तालिम | पटक | | ३६ | २२ | २२ | २२ |
| ११ | प्रविधि हस्तान्तरण | संख्या | | | ११७ | १२० | १३० |
| १२ | संभावित कोशेलीवस्तुहरुको पहिचान र प्रवर्द्धन | पटक | | | १ | निरन्तर | निरन्तर |
| १३ | विजनेस इन्क्वुवेसन सेन्टर स्थापना | संख्या | | | १ | १ | |

## कार्यक्रम र आयोजनाको संक्षिप्त विवरणः

| क.स. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्टयाइँ | आयोजना अवधि | लागत रु लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | लोकाहाखोला र पुँडिटारमा प्रदेशस्तरीय औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण | प्रदेशमा उद्योगहरुको स्थापना गरी उत्पादनमा वृद्धि | २०७९ /८०-२०८२ /८३ | निरन्तर | दुई वटा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना भएको हुने |
| २ | प्रादेशिक औद्योगिक नीति तथा कानून निर्माण | उद्योग प्रशासनको व्यवस्थापन र नियमन | २०७९ /८०-२०८२ /८३ | २० | प्रदेशमा प्रादेशिक औद्योगिक नियम कानुन लागु भएको हुने |
| ३ | प्रदेश व्यवसाय मञ्चको सञ्चालन | लगानी मैत्री वातावरण तयार गर्नु | निरन्तर | १० | प्रदेशमा लगानीको वातावरण सिर्जना भै उद्योगहरु स्थापना हुने |
| ४ | पर्यटक सूचना केन्द्र तथा उद्धार केन्द्र सम्भाव्यता अध्ययन | पर्यटकहरुलाई आवश्यक सूचना सम्प्रेषण | २०७९ /८० | तयारी | पर्यटकहरुलाई आवश्यक सूचना प्रवाह भएको हुने, पर्यटकहरुको आपतकालीन उद्धारमा सहयोग पुग्ने |
| ५ | खानी विभागसँग समन्वय गरी प्रदेश भित्र रहेका तामा फलाम नुन खरी स्लेट आदि उत्खननको निम्ति अध्ययन | प्रदेशभित्र रहेका खानीहरुको पहिचान हुने | २०७९ /८० | २० | प्रदेशभित्र रहेका खानीहरुको पहिचान हुने र संघसँगको समन्वयमा उत्खननको प्रकृया अगाडि बढ्ने |
| ६ | एक स्थानीय तह एक उद्योग ग्राममा पूर्वाधार निर्माण | स्थानीय तहमा छरिएर रहेका उद्योगहरुको एकीकृत व्यवस्थापन गर्न | निरन्तर | १०० | स्थानीय तहमा छरिएर रहेका उद्योगहरुको एकीकृत रुपमा स्थापित हुने |
| ७ | उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी तथ्याङ्क डिजिटाइजेशन | उद्योग प्रशासन चुस्त र प्रविधिमैत्री बनाउन | २०७९ /८० | १५ | दर्ता सम्बन्धी सम्पूर्ण विवरण प्रणालीमा समावेश हुने र भविष्यमा सेवाग्राहीलाई अनलाइन प्रणालीबाट सेवा प्रवाह गर्न सकिने |

## ग. वाणिज्य

## पृष्ठभूमि

वाणिज्य क्षेत्र आन्तरिक व्यापार र अन्तर्राष्ट्रिय व्यापारको समग्र स्वरुप हो । वाणिज्य क्षेत्र समग्र राष्ट्रका साथै प्रदेश अर्थतन्त्रको समेत दरिलो स्तम्भको रुपमा रहेको हुन्छ । वाणिज्य क्षेत्रको विकासले चलायमान अर्थतन्त्र र अग्रगामी अर्थव्यवस्थालाई टेवा पुग्दछ । नेपालको समष्टिगत आर्थिक अवस्थामा वाणिज्य क्षेत्रको योगदान सकारात्मक बढोत्तरीमा रहेको विभिन्न अध्ययनहरुबाट देखिएको छ यद्यपी निर्यातमा कमी र आयातमा वृद्धिको अवस्था पनि दिनानुदिन बढ्दो क्रममा छ । प्रदेशभित्र उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धिदर हासिल गर्ने प्रशस्त सम्भावना भएको हुनाले वाणिज्य क्षेत्र प्राथमिकतामा राखी काम गर्नुपर्ने आवश्यकता छ। वाणिज्य क्षेत्रको विकास र विस्तारबाट दिगो विकास लक्ष्य नम्बर १२ मा उल्लेख भए बमोजिमको दिगो र जिम्मेवार उपभोग सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने सघाउ पुग्दछ ।

## चुनौती र अवसर

वाणिज्य अत्याधिक फराकिलो तथा विविधीकरणको क्षेत्र हो र यसमा चुनौती पनि प्रशस्त रहेका हुन्छन् । व्यापार विकास र प्रवर्द्धनका लागि व्यापारका विभिन्न पक्षमा वैज्ञानिक अध्ययन अनुसन्धान हुन जरुरी हुन्छ । प्रादेशिक तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, उत्पादन क्षेत्रलाई माग अनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु, आयात हुने वस्तुहरूको प्रदेशमा नै उत्पादन बढाउनु, व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकास मार्फत् व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरु हुन् ।

जनताको आयमा भएको वृद्धिसँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामग्री र अन्य उत्पादनहरूको माग क्रमशः बढ्दै जानु, छिमेकी मुलुकहरूको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा प्रदेशले लाभ लिन सक्ने अवस्था रहनु, सम्पूर्ण मूल्य श्रृङ्खला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु वाणिज्य क्षेत्रका अवसरहरू हुन् ।

## सोच

वाणिज्य क्षेत्रको विकास, दिगो आर्थिक विकासको आधार

## उद्देश्य

१. वाणिज्य सम्बद्ध संरचना, पूर्वाधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन गर्नु।

२. वाणिज्य क्षेत्रलाई प्रादेशिक अर्थतन्त्रको महत्वपूर्ण अवयवको रूपमा विकास गर्नु।

**रणनीति**

१. नेपाल सरकारको समन्वयमा प्रदेशका लार्के, कोरला र त्रिवेणी अन्तर्राष्ट्रिय व्यापारिक नाकालाई सञ्चालनमा ल्याउन आवश्यक पहल गरिने ।

२. प्रदेश अन्तर्गत आत्मनिर्भर हुन सक्ने उत्पादन तथा वस्तुको पहिचान गरी सोको प्रवर्द्धन र विकासको लागि प्रदेशको तर्फबाट आवश्यक सहयोग र सहजीकरणको प्रबन्ध मिलाइने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.स. | सूचक | एकाई | आ.व. २०७७ /७८ को उपलब्धि | आ.व.२०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९ /८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | प्रदेश व्यवसाय मञ्च गठन र सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | अन्तर्राष्ट्रिय व्यापार नाकाहरुको सञ्चालन | स्थान | | छलफल | | | |
| ३ | प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन | पटक | | यस वर्ष सम्मेलन हुने | | | |

## कार्यक्रम र आयोजनाको संक्षिप्त विवरणः

| क्र.स. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय व्यापार नाकाहरुको सञ्चालन | प्रदेशका लार्के, कोरला र त्रिवेणी अन्तर्राष्ट्रिय व्यापारिक नाकालाई सञ्चालनमा ल्याई व्यापारमा वृद्धि गर्नु | २०७९/ ८०-२०८२/ ८३ | २० | अन्तर्राष्ट्रिय व्यापार नाकाहरु सञ्चालनमा आई व्यापारिक क्रियाकलापमा वृद्धि भएको हुने |
| २ | प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन | लगानी सम्भावनका क्षेत्रहरुको उजागर तथा लगानीकर्ताहरुलाई उत्प्रेरित गर्नु | २०७९/ ८०-२०८०/ ८१ | १० | स्वदेशी तथा विदेशी लगानीकर्ताहरुका लगानीमा उद्योग धन्दाहरु स्थापना भै सञ्चालनमा आउने |

## घ. आपूर्ति

### पृष्ठभूमि

नागरिकहरुलाई दैनिक जीवनयापनमा आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गराउने कार्य राज्यको दायित्व हो । आवश्यक वस्तु तथा सेवा निर्वाध रुपमा उपलब्ध हुने व्यवस्था गर्न आपूर्ति व्यवस्था सबल हुनुपर्दछ भने त्यस्ता वस्तु तथा सेवाको माग र आपूर्ति बीचको सन्तुलन प्रभावकारी र व्यवस्थित तुल्याइनु पर्दछ । खुला र प्रतिस्पर्धात्मक अर्थतन्त्रमा आपूर्ति व्यवस्थापन जटिल र संवेदनशील हुने गर्छ । वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान आएमा त्यसबाट उपभोक्ताहरुले सुपथ मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको उपभोगबाट बञ्चित हुनुपर्ने मात्र नभई त्यसबाट अर्थतन्त्रमा बहुआयामिक प्रकारको नकारात्मक प्रभाव समेत भोग्नु पर्दछ । उपभोक्ताहरुलाई अत्यावश्यक वस्तु र सेवाको पर्याप्त, सहज, सुलभ र गुणस्तरीय उपलब्धता गराउने कार्यमा आपूर्ति क्षेत्रको प्रशासन, व्यवस्थापन तथा नियमनको प्रभावकारी भूमिका हुन्छ ।

### चुनौती र अवसर

अत्यावश्यक उपभोग्य वस्तुको मूल्यवृद्धि तथा महंगी नियन्त्रण गर्नु, प्रदेशमा आयात निर्यात हुने वस्तु तथा सेवाको अभिलेखीकरण गर्न नसक्नु, दैनिक उपभोग्य वस्तुहरुको सहज तरिकाले खाद्य परीक्षण प्रयोगशाला स्थापना गर्न नसक्नु तथा विलासी वस्तुको बढ्दो आयात रोक्नु यस क्षेत्रका मुख्य चुनौतीहरु हुन् ।

### सोच

गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्ति

### उद्देश्य

१. अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रूपमा आपूर्ति हुने व्यवस्था मिलाउन आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु।

२. गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु।

३. वस्तु तथा सेवाको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण तथा नियमित अनुगमनको व्यवस्था गर्नु।

### रणनीति

१. वस्तु तथा सेवाको गुणस्तरीयता सुनिश्चित गर्न गुणस्तर परीक्षण र नियमित अनुगमनको व्यवस्था गरिने साथै उपभोक्ता हकहित संरक्षणका लागि उपभोक्ता सचेतना तथा शिक्षा कार्यक्रमहरु सञ्चालन गरिने ।

२. अत्यावश्यक उपभोग्य सामग्रीहरुको सहज आपूर्ति व्यवस्थापन मिलाइने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. स. | सूचक | एकाई | आ.व.२०७७ /७८ को उपलब्धि | आ.व.२०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९ /८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | गुणस्तर मापन प्रयोगशाला | संख्या | | | | १ | |
| २ | बजार अनुगमन | पटक | निरन्तर | १२४ | निरन्तर | निरन्तर | निरन्तर |

## कार्यक्रम र आयोजनाको संक्षिप्त विवरणः

| क्र.स. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत रु लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | बजार अनुगमन | वस्तु तथा सेवाको सरल र सहज आपूर्ति तथा उपभोक्ता अधिकार संरक्षण | निरन्तर | निरन्तर | उपभोक्तालाई वस्तु तथा सेवाको सरल र सहज आपूर्ति भएको हुने |
| २ | उपभोक्ता सचेतना कार्यक्रम | उपभोक्तालाई आफ्नो अधिकारको बारेमा सजग गराउनु | निरन्तर | निरन्तर | उपभोक्ता जागरणमा अभिवृद्धि हुने र स्वच्छ प्रतिस्पर्धी बजारको स्थापना हुने |
| ३ | गुणस्तर मापन प्रयोगशाला स्थापना र सञ्चालन | दैनिक उपभोग्य वस्तुहरुको गुणस्तर प्रदेशस्तरमा मापन गरी खाद्य मिसावट तथा अखाद्य वस्तुको पहिचान गर्नु | २ वर्ष | ५००० | प्रदेशस्तरीय खाद्य वस्तु गुणस्तर मापन प्रयोगशाला सञ्चालन भएको हुने |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँट | आन्तरिक ऋण |
| २०७९/८० | ६०४३८३ | १८९९९३ | ४१४३९० | - | ६०४३८३ | - | - |
| २०८०/८१ | ६०७१०३ | १९०८४८ | ४१६२५५ | - | ६०७१०३ | - | - |
| २०८१/८२ | ६७४९७७ | २१२१८५ | ४६२७९२ | - | ६७४९७७ | - | - |

## त्रिवर्षीय खर्चको अनुमान तथा सांकेतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | आ.व. २०७८/०७९ को संशोधित अनुमान | आ.व. २०७९/०८० को विनियोजन रु. हजारमा | | | | आ.व. २०८०/०८१ को प्रक्षेपण रु. हजारमा | | | | आ.व. २०८१/०८२ को प्रक्षेपण रु. हजारमा | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३०७०००११ | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २३२४५६ | ६४४५० | ३९४०९ | २५०४१ | ० | ७०८२५ | ४३३५० | २७४७५ | ० | ७७९८५ | ४७६८५ | ३०३०० | ० | १ | १ | ८ | २ | २ |
| ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १३७०९ | २१३१६ | २०५१६ | ८०० | ० | २३४४८ | २२५६८ | ८८० | ० | २५७९२ | २४८२४ | ९६८ | ० | १ | १ | ८ | २ | २ |
| ३०७०००२०१ | पर्यटन कार्यालय | | १४१७१० | १५०४१ | १२६६६९ | ० | १५५८८१ | १६५४५ | १३९३३६ | ० | १७१४६९ | १८२०० | १५३२६९ | ० | १ | १ | ८ | २ | २ |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०७०१०१२ | घरेलु तथा साना उद्योग कार्यालयहरु | १३९११५ | ३१७३०७ | ११२४२७ | २०४८८० | ० | ३४९०३८ | १२३६७० | २२५३६८ | ० | ३८३९४१ | १३६०३७ | २४७९०५ | ० | १ | १ | ८ | २ | २ |

**जोखिम तथा अनुमान**

नीति तथा कानुन र कार्यविधिको व्यवस्था समयमै हुने, संघ र स्थानीय तहबीचको समन्वय हुने, योजना कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता हुने, कोभिड -१९ को सङ्क्रमण नियन्त्रणमा आएको , स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता आवश्यक मत्रामा भएको हुने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने अनुमान गरिएको छ। उल्लिखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

## ३.४ वन तथा वातावरण

### पृष्ठभूमि

गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत् प्रदेशको समृद्धि र विकास गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको प्रतिनिधित्व गर्दै दिगो विकास लक्ष्यले निर्धारण गरेका १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य नम्बर १३ : जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउन र लक्ष्य नम्बर १५ : पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टयाउने र जैविक विविधताको ह्रासलाई रोक्न विषयहरु यस मन्त्रालयसँग प्रत्यक्ष रुपमा जोडिएका छन् । यस मन्त्रालयले वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण तथा उत्पादकत्वमा वृद्धि, पानी मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण लगायत वातावरणीय स्वच्छता कायम राख्दै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुऱ्याउनु पर्नेछ । यसका अतिरिक्त वन तथा वातावरण क्षेत्रमा जैविक विविधता, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन जस्ता अन्तर्राष्ट्रिय मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने देखिन्छ। सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै यस मन्त्रालयले नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्नुपर्ने देखिन्छ ।

### चुनौती र अवसर

#### चुनौती

नेपाल सरकार र प्रदेश सरकारले लिएको दिगोविकासको लक्ष्य र शुन्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्दै विकास निर्माणमा वातावरणीय सन्तुलनकायम गर्न ठुलो बजेटको आवश्यकता पर्ने भएपनी, कोभिडको महामारी र रुस-युक्रेन युद्दले प्रभावित भएको अर्थतन्त्रमा वातावरणीय मुद्दाहरुको प्राथमिकीकरण मुख्य चुनौतीको रुपमा रहेको छ । वन क्षेत्रको थप अतिक्रमण हुन नदिने चुनौती एकातर्फ छ भने अर्कोतर्फ बर्षौं देखिका र संस्थागत रुपमा भएका अतिक्रमणलाई कसरी व्यवस्थापन गरी पुनः वन क्षेत्र कायम गर्ने भन्ने सवालको रुपमा रहेको छ । वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा वातावरणीय परीक्षण नगरी कार्यक्रम कार्यान्वयन हुनु, प्रभावकारी अनुगमन हुन नसक्नु, वन क्षेत्र हुँदै बाटो खन्ने जस्ता कार्यले वन क्षेत्रको विनास हुनुको साथै वातावरणमा ह्रास आएको छ । मानव-वन्यजन्तु द्वन्द्वको समस्या यस प्रदेशका सबै जिल्लाहरुमा टड्कारो रुपमा रहेको छ ।वन अपराधको अनुसन्धान, तहकिकात र अभियोजनमा समस्या रहेको छ । ढुङ्गा, गिट्टी, बालुवा, घर छाउने, बाटो छाप्ने, घर बनाउँदा भित्तोमा टाँस्ने तथा खानीका ढुङ्गा उत्खनन गर्ने कार्यहरुलाई स्पष्ट कानुन र कार्यविधि बनाई नियमन गर्नु, नम्वरी जग्गा, राष्ट्रिय वन, सामुदायिक वन, सार्वजनिक पर्ति जग्गामा रहेका ढुङ्गा खानीको बारेमा आवश्यक कानुनी तथा व्यावहारिक अस्पष्टता देखिन्छ ।

गण्डकी प्रदेशमा विकास निर्माणका क्रममा वातावरण प्रदूषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन्। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने कुरा समेत संविधानमा उल्लेख भएतापनि यस सम्बन्धी अन्य नीतिगत व्यवस्थाको कमी तथा भएका ऐन कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । जलवायु परिवर्तनका क्षेत्रमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न सहयोग गर्नु, बढ्दो शहरीकरण र विकाससँगै हरित गृह ग्याँसको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता वृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पूरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएका हिमाली र चुरे क्षेत्रको संरक्षण गर्नु प्रमुख चुनौती हुन् ।

**अवसर**

यी चुनौतीका बाबजुद जैविक विविधता, वन तथा जलाधार क्षेत्रको दिगो विकास र संरक्षणबाट प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने महत्वपूर्ण अवसर छ ।सक्षम समूहहरूको बलियो उपस्थिति रहेको समुदायमा आधारित वनको व्यवस्थापनबाट राजस्व वृद्धि र हरित रोजगारी सिर्जना गर्न सकिन्छ । तालतलैयाको संरक्षण विकास र सौन्दर्यीकरणबाट पर्यटनको प्रवर्द्धन गर्न सकिन्छ । गल्छी तथा पहिरो उपचार, संवेदनशील जलाधार, पानी मुहान तथा पोखरी संरक्षण कार्यबाट जलसञ्चिति बढाई जलवायु परिवर्तनका असर न्यूनीकरणमा टेवा पुऱ्याउन सकिन्छ । साथै एकीकृत जलाधार व्यवस्थापन मार्फत् वन, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य तथा समन्वय गरी एकीकृत विकासको अवधारणामा प्रदेशको समृद्धिमा टेवा पुऱ्याउन सकिने प्रशस्त अवसरहरू उपलब्ध छन् ।

**सोच**

- वन, जलाधार र जैविक विविधताको दिगो व्यवस्थापन, गण्डकी प्रदेशको समृद्धिमा योगदान ।
- स्वच्छ एवम् स्वस्थ वातावरण ।

**उद्देश्य**

**वन, वातावरण तथा भू-संरक्षण**

१. वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यावसायीकरण गर्नु ।

१. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै जलवायु परिर्वतनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकूलन गर्न जनताको क्षमता अभिवृद्धि गर्नु।

२. हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु।

३. माटो, पानी तथा जलाधार क्षेत्रको संरक्षण गर्दै बाढी, पहिरो तथा भूक्षयको जोखिम कम गरी भूमिको उत्पादकत्व वृद्धि गर्नु।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | रोजगारी सिर्जना | श्रमदिन | २४५९२५ | १०,६६,२०२ | १५,००,००० | १७,००,००० | १७,००,००० |
| २ | वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ३७.१ | ३७.१ | ३७.१ | ३७.१ | ३७.१ |
| ३ | सघन वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ०.०८ | ०.०८ | ०.०८ | १ | १ |
| ४ | कूल भू-क्षेत्रको अनुपातमा संरक्षित क्षेत्र | प्रतिशत | ४५.२ | ४५.६८ | ४५.६८ | ४५.६८ | ४५.६८ |
| ५ | वन क्षेत्रबाट अनुमानित राजस्व | रु. | १८,६१,७४,११७ | १३,६१,८१,१४१ | ५०,००,००,००० | ५५,००,००,००० | ५५,००,००,००० |
| ६ | समुदायमा आधारित वन क्षेत्र | प्रतिशत | ३३ | ३५ | ३६ | ३७ | ३७ |
| ७ | सामुदायिक वन गठन र हस्तान्तरण | संख्या | ३८६२ | ४ | ११ | ११ | ११ |
| ८ | काठ उत्पादन | क्यू फिट | १८०६३४ | ३,८३,१००.९४ | २७,००,००० | ३०,००,००० | ३०,००,००० |
| ९ | दाउरा उत्पादन | चट्टा | ३३४ | ३५० | ३६० | ३७० | ३८० |
| १० | वन क्षेत्रबाट संकलित जडिवुटी | के.जी. | १२१५९० | | ८५,००० | ९०,००० | ९५,००० |
| ११ | पचभैया प्राणी उद्यानमा पूर्वाधार निर्माण | प्याकेज | १ | १ | १ | १ | १ |
| १२ | वातावरणीय परीक्षण गरिएका आयोजनाहरु | संख्या | २ | ३ | ५ | ५ | ५ |
| १३ | कार्ययोजना पुनरावलोकन भएका सामुदायिक वन | संख्या | ८०१ | ९९ | ५०० | ५०० | ५०० |
| १४ | कबुलियती वन पुनरावलोकन | संख्या | २१ | १० | १०० | १०० | १०० |
| १५ | मानव वन्यजन्तु द्वन्द्व घटना | संख्या | ९५४ | ४५० | ५०० | ३०० | २०० |
| १६ | वन्यजन्तु उद्धार | संख्या | २०५ | १८० | २०० | २०० | २०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | वन क्षेत्रमा भएको अतिक्रमण हटाइएको क्षेत्रफल | क्षेत्रफल | ४६ | ३० | ५० | ५० | ५० |
| १८ | वृक्षारोपण गरिएको क्षेत्रफल (वन क्षेत्र) | हेक्टर | ५०० | १५० | २०० | २३० | २४० |
| १९ | विरुवा उत्पादन र वितरण (हजारमा) | संख्या | २२५ | २४८ | ३०० | ३०० | ३०० |
| २० | शहरी तथा नगर उद्यान स्थापना र व्यवस्थापन | संख्या | १५ | २० | १०० | १०० | १०० |
| २१ | प्रदेशमा रहेका वनमा आधारित उद्योग | संख्या | २४ | २७ | ३५ | ४० | ४५ |
| २२ | सामुदायिक तथा कबुलियती वनमा जडिबुटी खेती विस्तार | हेक्टर | ५० | ५० | ५० | ५० | ५० |
| २३ | वर, पिपल चौतारी मर्मत र सौन्दर्यीकरण | संख्या | १३ | ३६ | ४५ | ४५ | ४५ |
| २४ | संरक्षण गरिएको जलाधार क्षेत्र | संख्या | ५ | १० | ११ | ११ | ११ |
| २५ | जलाधार व्यवस्थापन योजना | संख्या | ६ | ११ | ११ | ११ | ११ |
| २६ | भू—संरक्षण प्रदर्शनी प्लट | संख्या | १ | १ | २ | २ | २ |
| २७ | पहिरो उपचार | संख्या | ५० | ८० | ३३ | ३३ | ३३ |
| २८ | खोला किनार संरक्षण | संख्या | ३५ | ४० | ५० | ५० | ५० |
| २९ | संरक्षण कार्यक्रम सञ्चालन गरिएका ताल तथा सिमसार क्षेत्र | संख्या | ५ | ५ | ११ | ११ | ११ |
| ३० | वायु गुणस्तर मापन केन्द्र | संख्या | ० | ० | १ | १ | १ |
| ३१ | कुवा र पानी मुहान संरक्षण | संख्या | १० | १० | ११ | ११ | ११ |
| ३२ | संरक्षण पोखरी निर्माण | संख्या | १० | १६ | ३३ | ३३ | ३४ |
| ३३ | फेवातालको संरक्षण र सौन्दर्यीकरण आयोजना | मिटर | ८०० | ९०० | ८०० | ८०० | ८०० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

### १ वन

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३२००१००१ | सामुदायिक वन विकास कार्यक्रम | सामुदायिक वनको संरक्षण, व्यवस्थापन र बजारीकरण | निरन्तर | ६६० | • ३३ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई समूहमा हस्तान्तरण भएको हुने ।<br>• १,५०० समूहको वन व्यवस्थापन कार्ययोजना नवीकरण भएको हुने ।<br>• ३९६० वटा सामुदायिक वनको व्यवस्थापन भई वन पैदावारको उपयोग र बजारीकरण भएको हुने ।<br>• १२० सामुदायिक वनको करिब २३,००० हेक्टर वनमा दिगो वन व्यवस्थापन भएको हुने ।<br>• ६६ वटा सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन भएको हुने। |
| ३१२०१०११ | कबुलियती वन विकास कार्यक्रम | कबुलियती वनको संरक्षण र व्यवस्थापन | निरन्तर | १८० | • १२०० कबुलियती वनको व्यवस्थापन भएको हुने<br>• समूह परिचालन, क्षमता अभिवृद्धिर समूहका उपभोक्ताको आयआर्जन भएको हुने। |
| ३१२०१०११ | साझेदारी वन विकास कार्यक्रम | साझेदारी वनको संरक्षण र व्यवस्थापन | निरन्तर | ३०० | • नवलपुरको साझेदारी वनको व्यवस्थापन भई काठ दाउरा उत्पादन मार्फत राजस्व वृद्धि र हरित रोजगारी सिर्जना हुने । |
| ३२००२००२ | धार्मिक वन कार्यक्रम | धार्मिक वनको संरक्षण र व्यवस्थापन | निरन्तर | ६० | • ४० वटा धार्मिक वनको संरक्षण र व्यवस्थापन भएको हुने । |
| ३२००२००२ | निजी वन कार्यक्रम | निजी वन प्रवर्द्धन र बजारीकरण | निरन्तर | १८० | • निजी वनको विकास भई करिव वार्षिक ५ लाख क्यूफिट काठ उत्पादन र बजारीकरण भएको हुने । |
| ३२००२००२ | नर्सरी र वृक्षारोपण कार्यक्रम | हरियाली प्रवर्द्धनका लागि नर्सरी निर्माण, मर्मत र वृक्षारोपण | निरन्तर | २१० | • वार्षिक रुपमा ३० लाख भन्दा बढी विभिन्न प्रजातिका एकवर्षीय र बहुवर्षीय विरुवाको उत्पादन तथा सो को वृक्षारोपण भएको हुने । |
| ३२००१००१ | जडिवुटी तथा गैर काष्ठ वन पैदावार खेतीको विकास र | उच्च मूल्य र उपयोगी जडिवुटीको प्रबर्दन र विकासबाट रोजगारी सिर्जना | निरन्तर | १८० | • जडिवुटी खेती सम्बन्धी तालिम, खेती विस्तार, उत्पादन र प्रशोधन केन्द्र स्थापना भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | विस्तार | | | | |
| ३२००१००१ | वन क्षेत्रका चुनौती व्यवस्थापन | वन अपराधमा कमी | निरन्तर | १८० | • वन डढेलो, वन अपराध,वन अतिक्रमण तथा बाह्य मिचाहा प्रजाति नियन्त्रण भएको हुने।<br>• वन्यजन्तु उद्धार र उद्धार केन्द्र स्थापना भएको हुने।<br>• संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण भएको हुने। |
| ३२००१००१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | राष्ट्रिय वन संरक्षण,विकास तथा व्यवस्थापन | निरन्तर | ६००० | • २ वटा चक्ला वनको व्यवस्थापन भई काठ दाउरा उत्पादन भएको हुने ।<br>• महत्वपूर्ण जैविक विविधताको संरक्षण भएको हुने।<br>• पञ्चासे क्षेत्रमा सुनाखरी लगायतका जैविक विविधताको संरक्षण भएको हुने। |
| ३२००१००१ | शहरी वन विकास कार्यक्रम | पालिकास्तरमा हरित उद्यान निर्माण गरी सार्वजनिक जमिनको संरक्षण, हरियाली प्रवर्द्धन र सौन्दर्यीकरण | निरन्तर | ६००० | • ३०० स्थानमा वन वाटिका,हरियाली उद्यान र पर्यापर्यटन कार्यक्रम सञ्चालन भएको हुने ।<br>• १५ वटा सडक किनार हरियाली र सौन्दर्यीकरण भएको हुने । |
| ३२००१००१ | प्रचारप्रसार तथा संरक्षण शिक्षा | वन वन्यजन्तु र वातावरण संरक्षणका लागि प्रचारप्रसार तथा विद्यालय शिक्षा | निरन्तर | ६००० | • जनचेतना अभिवृद्दी भई वन वन्यजन्तु र वातावरणको संरक्षण तथा वातावरणमैत्री विकास भएको हुने । |
| | वन उद्यम विकास | वन उद्यमबाट रोजगारी सिर्जना र आयआर्जन | निरन्तर | ६००० | • ६६ वटा समूहमा वन उद्यम र १ वटा प्रदेशस्तरीय वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन भएको हुने । |
| ३१२०१०११ | कृषि वन प्रबर्दन कार्यक्रम | कृषि वन मार्फत राजस्व वृद्धि | निरन्तर | ६४८ | • खेर गइरहेको र अर्ध बाँझो जग्गाको उपयोग भई जमिनको उत्पादन र उत्पादकत्व वृद्धि हुने । |
| ३२००२००२ | जनशक्ति तथा पूर्वाधार विकास कार्यक्रम | वन कर्मचारीको क्षमता विकास | निरन्तर | १८० | • वन वातावरणसँग सम्बन्धित जनशक्तिलाई तालिम प्रदान र भौतिक संरचना निर्माण भएको हुने। |

**नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू**

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | राष्ट्रिय वन विकास कार्यक्रम | राष्ट्रिय वनको संरक्षण, विकास तथा व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | निरन्तर | ४५०० | • वन डढेलो, वन अपराध,वन अतिक्रमण तथा बाह्य मिचाहा प्रजाति नियन्त्रण भई राष्ट्रिय वन संरक्षण भएको हुने।<br>• शहरी क्षेत्रमा १२ वटा हरियाली उद्यान र १० वटा पर्यापर्यटन कार्यक्रम सञ्चालन भएको हुने ।<br>• विभिन्न प्रजातिका काष्ठजन्य डालेघाँस र जडिबुटीका बिरुवाको उत्पादन र वृक्षारोपण भएको हुने ।<br>• प्रदेशमा १ वटा वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र सञ्चालन भएको हुने ।<br>• १ साझेदारी र १ चक्ला वनको व्यवस्थापन भएको हुने ।<br>• मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन भएको हुने। |

२ वातावरण तथा भूसंरक्षण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३२००३००१ | विपद् जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | बाढी, पहिरो, भू-क्षय र खोला किनार नियन्त्रण भई जलाधारको संरक्षण | निरन्तर | १२०० | • ९९ वटा ठूला पहिरो नियन्त्रण भएको हुने।<br>• ५७ वटा खोला किनार संरक्षण भएको हुने । |
| ३२००३००१ | दिगो भू व्यवस्थापन | भूमिको सदुपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि | निरन्तर | ९०० | • जमिनको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने । |
| ३२००३००१ | पानी तथा गेग्रान | पानी स्रोतको संरक्षण र उपयोग हुने | निरन्तर | ३०० | • १०० वटा संरक्षण पोखरी निर्माण भएको हुने ।<br>• ३३ वटा कुवा र पानी मुहान संरक्षण भएको हुने । |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | |
| ३२००३००१ | विकासका पूर्वाधार संरक्षण | सडक, पैदलमार्ग र सिंचाइकुलो लगायतका विकासका कामको मर्मत सम्भार हुने | निरन्तर | १८०० | • भूक्षय तथा पहिरो रोकथाम सम्बन्धी संरचना निर्माण भई खेत र मानव वस्ती सुरक्षित भएको हुने।<br>• विद्युत र खानेपानी आयोजनाको जलाधार क्षेत्र संरक्षण, सड्कसँगको भू-संरक्षण र तालक्षेत्रको जलाधार संरक्षण भएको हुने। |
| | जलवायु परिवर्तन समानुकुलन विकास | जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकुलित हुने | निरन्तर | ६०० | • जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकुलित भएको हुने । |
| | सामुदायिक परिचालन क्षमता विकास तथा जिविकोपार्जन सुधार | आयआर्जन र हरित रोजगारी सिर्जना भएको हुने | निरन्तर | ६०० | • समूहको क्षमता विकास भई जिविकोपार्जनमा सुधार भएको हुने । |

**नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू**

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि | लागत (रू. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | विपद् जोखिम | खोला किनार र बस्ती | निरन्तर | १८०० | • ४ वटा ठूला पहिरो नियन्त्रण भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | संरक्षण | | | • २ वटा सिँचाइ कुलो मर्मत र संरक्षण भई ५०० रोपनी खेत सिञ्चित भएको हुने।<br>• ३ वटा खोला किनार संरक्षण भएको हुने । |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजिगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँट | आन्तरिक ऋण |
| २०७९/८० | १०१२३५१ | ४७६४३९ | ५३५९१२ | - | १०१२३५१ | - | - |
| २०८०/८१ | १११३५८६ | ५२४०८३ | ५८९५०३ | - | १११३५८६ | - | - |
| २०८१/८२ | १२२४९४५ | ५७६४९२ | ६४८४५३ | - | १२२४९४५ | - | - |

## आयोजनागत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को विनियोजन (रु हजारमा) | | | | आ.व. २०८०/८१ को प्रक्षेपण (रु हजारमा) | | | | आ.व. २०८१/८२ को प्रक्षेपण (रु हजारमा) | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३२००१००१ | वन, वातावरण तथा भू संरक्षण | ७८४३२ | ८६२७५ | ३४५१० | ५१७६५ | ० | ९४९०३ | ३७९६१ | ५६९४२ | ० | १०४३९३ | ४१७५७ | ६२६३६ | ० | १.४ | १ | १५ | २ | १ |
| ३१२०१०११ | वन निर्देशनालय | २८६४९ | ३१५१४ | २५२११ | ६३०३ | ० | ३४६६५ | २७७३२ | ६९३३ | ० | ३८१३२ | ३०५०५ | ७६२७ | ० | १.४ | १ | १५ | २ | १ |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२००२०० २ | डिभिजन वन कार्यालयहरु | ५०७६१९ | ५५८३८१ | ३३५०२९ | २२३३५२ | ० | ६१४२१९ | ३६८५३१ | २४५६८८ | ० | ६७५६४१ | ४०५३८५ | २७०२५६ | ० | १.४ | १ | १५ | १ | १ |
| ३२००३०० १ | भू संरक्षण कार्यालयहरु | ८३९५१ | ९२३४६ | १८४६९ | ७३८७७ | ० | १०१५८१ | २०३१६ | ८१२६५ | ० | १११७३९ | २२३४८ | ८९३९१ | ० | १.५ | १ | १३ | २ | १ |
| ३२००३० ०२ | संरक्षण तथा विकास | २७१३३ | २९८४६ | ५९६९ | २३८७७ | ० | ३२८३१ | ६५६६ | २६२६५ | ० | ३६११४ | ७२२३ | २८८९१ | ० | १.५ | १ | १३ | २ | १ |
| ३१२०१० १४ | अनुसन्धान तथा प्रशिक्षण | २१८९९ | २४०८९ | १९२७१ | ४८१८ | ० | २६४९८ | २११९८ | ५३०० | ० | २९१४८ | २३३१८ | ५८३० | ० | १ | १ | १५ | २ | १ |
| | संघीय सशर्त | १४९८०० | १८९९०० | ३७९८० | १५१९२० | ० | २०८८९० | ४१७७८ | १६७११२ | ० | २२९७७९ | ४५९५६ | १८३८२३ | ० | १.४ | १ | १५ | २ | १ |
| **जम्मा** | | **८९७४८३** | **१०१२३५१** | **४७६४३९** | **५३५९१२** | **०** | **१११३५८६** | **५२४०८३** | **५८९५०३** | **०** | **१२२४९४५** | **५७६४९२** | **६४८४५३** | ० | | | | | |

## जोखिम पक्ष तथा अनुमान

आवश्यक नीति तथा कानुनी व्यवस्था, बजेटको पर्याप्तता, कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, संघ र स्थानीय तह बीचको समन्वय, आयोजनाका निम्ति जग्गा प्राप्ति, विपद् व्यवस्थापन लगायतका विषय अनुकूल हुने अनुमान गरिएको छ। यसो नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य तथा जनसंख्या

### स्वास्थ्य

### पृष्ठभूमि

आम नागरिकको स्वास्थ्य र देशको समग्र विकास बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकाङ्कहरूको रूपमा लिइन्छ । विगतका दशकमा गरिबी र द्वन्द्वका बावजुद पनि

नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ । नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा संक्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कोभिड-१९ लगायतका कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद्लाइ तत्काल व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो।

यस प्रदेशका सूचांक (NDHS-2016 अनुसार) हेर्दा नेपालमा पाँच वर्षमुनिका बाल बालिकाको मृत्युदर प्रति हजार जीवित जन्ममा ३९ रहेकोमा गण्डकी प्रदेशमा २७ रहेको छ । त्यस्तै नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१ रहेकोमा गण्डकी प्रदेशमा १५ रहेको छ । यस प्रदेशका ६९.९ प्रतिशत गर्भवती महिलाहरुको दक्ष प्रसुतिकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउने गर्दछन् । यस प्रदेशका ३७ प्रतिशत प्रजनन उमेरका महिलाले आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्दछन् । महिलाहरुको कुल प्रजनन दर दुई बच्चा मात्र रहेको छ । यस प्रदेशका ४६.५ प्रतिशत जनता ३० मिनेटको यात्रा गरेपछि स्वास्थ्य संस्थामा पुग्दछन् । गण्डकी प्रदेश २०७५ भाद्र १३ गते पुर्णखोप युक्त प्रदेश घोषणा भईसकेको छ । संविधानको मर्मानुसार मानवविकास सूचांकमा अपेक्षित उपलब्धि हाँसिल गरी प्रदेशको **"समृद्ध प्रदेश र सुखी नागरिक"** एवम् **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पर्ने संकल्पकासाथ स्वास्थ्य क्षेत्रलाई अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यवहारिक र सर्वस्वीकार्य बनाउन पर्ने देखिन्छ । यसबाट दिगो विकास लक्ष्य नम्बर ३ अनुसारको स्वस्थ र समुन्नत समाज निर्माण गर्ने लक्ष्य हासिल गर्न मद्धत पुग्दछ ।

### चुनौती र अवसर

### चुनौती

संघीयताको मर्म र भावना अनुरुप प्रदेशका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध गराउनु, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु, वितीय स्रोतको परिमाणको निर्धारण र उपलब्धताको सुनिश्चितता गर्नु, प्रदेशमा औषधिको उत्पादन, वितरण तथा नियमनलाई स्वास्थ्य सेवाप्रवाहसँगै सन्तुलन गर्नु, बढ्दो शहरीकरण, बदलिँदो जीवनशैली तथा आहार–व्यवहार र आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य क्षेत्रमा बढ्दो निजी तथा गैरसरकारी स्वास्थ्य सेवाको दायरा, समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य चुनौतीपूर्ण रहेका छन् ।

**अवसर**

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरूको निर्माण भैरहेको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भैरहेको, स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुदै गएको जस्ता अवसरहरू रहेका छन् ।

**सोच**

स्वस्थ र सुखी नागरिक ।

**लक्ष्य**

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

- निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।
- आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।
- स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु ।
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

**रणनीति**

- निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाउने ।
- प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्यमा सुधार गरी खोप र पोषण सेवालाई थप प्रभावकारी बनाउँदै लाने ।
- विशेषज्ञ र विशिष्टीकृत (मुटु, मृगौला, कलेजो, क्यान्सर र मानसिक रोग) स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्ने ।
- मुख, नाक, कान, घाँटी र आँखा सम्बन्धी स्वास्थ्य सेवालाई वर्तमान स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी सञ्चालन गर्ने ।

- सीप मिश्रित, विशेषज्ञ र विशिष्टीकृत सहितको दक्ष जनशक्तिबाट सेवा दिने ।
- स्वास्थ्य संस्थामा औषधी, औषधी/चिकित्साजन्य सामग्री तथा भ्याक्सिनको अटुट रुपमा आपूर्तिको व्यवस्था गर्ने ।
- एक चिकित्सक/स्वास्थ्यकर्मी, एक संस्था नीति अवलम्बन गर्ने ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई प्रवर्द्धन गर्ने ।
- गैरसरकारी, निजी, सामुदायिक, सहकारी साझेदारीको अवधारणा अवलम्बन गर्ने ।
- स्वास्थ्य प्रणालीमा सुशासन कायम गर्ने ।

## जनसंख्या तथा बसाइँसराइ

### पृष्ठभूमि

नेपालको संविधानले जनसंख्या व्यवस्थापनलाई साझा अधिकारको कार्यसूचीमा पारेको छ । कार्य विस्तृतीकरणले जनसंख्या योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको एवम् व्यक्तिगत घटना (जन्म, मृत्यु, बिबाह, सम्बन्ध विच्छेद, बसाइँसराइँ) सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा लिएको छ । जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो । सबै नागरिकको गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्न जनसंख्यासम्बन्धी दीर्घकालीन योजना (२०६७-२०८७), राष्ट्रिय जनसंख्या नीति, २०७१, दिगो विकास लक्ष्य र जनसंख्या र विकास सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनका कार्ययोजना कार्यान्वयनमा ल्याइएका छन् । गण्डकी प्रदेशमा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जनसंख्याको वार्षिक वृद्धिदर ०.३० प्रतिशत र जनसांख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील जनसंख्या ५०.१ प्रतिशत रहेको छ भने नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०१६ अनुसार कुल प्रजनन दर २.० बच्चा प्रति महिला रहेको छ ।

शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगारका क्षेत्रहरु समाज परिवर्तनको महत्वपूर्ण पक्षहरु हुन् । नेपालको संविधानमा भएको व्यवस्था, अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिबद्धता , दिगो विकास लक्ष्यलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्दै जानु अहिलेको प्रमुख आवश्यकता हो । सोही अनुरुप नेपाल सरकारको पन्ध्रौं योजना (आ.व. २०७६/०७७ देखि २०८०/०८१) र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (आ.व.२०७६/०७७ देखि २०८०/०८१) निर्माण गरी कार्यान्वयन हुन गइरहेको सन्दर्भमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यले सामाजिक विकास क्षेत्रका विषयहरुलाई योजनावद्ध रुपमा समावेश गरी कार्यान्वयनमा ल्याउन मद्दत पुग्ने भएकोले मन्त्रालयसंग सम्वन्धित विषयहरु प्रस्तुत गरिएको छ ।संविधान वमोजिम यस मन्त्रालयले तीन तहका सरकारहरुवीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा आफ्ना कामकारवाहीहरुलाई अगाडि बढाउँदै आएको छ ।

### चुनौती र अवसर

**चुनौती**

राष्ट्रिय नीति तथा कार्यक्रमहरु तजुर्मा गर्दा जनसांख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकहरुबीच तादात्म्यता तथा सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्तिलाई रोजगारीका मध्यमबाट स्वदेशमै राख्ने वातावरणको निर्माण गर्नु, स्वदेशबाट विदेश र विदेशबाट स्वदेशमा आई बसोबास गर्नेहरुको समुचित व्यवस्थापन गर्नु, बिदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्ने व्यवस्था मिलाउनु, उच्चदरमा बढ्दो ज्येष्ठ नागरिक जनसंख्याको व्यवस्थापन गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत बस्तीको विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकास मार्फत आन्तरिक बसाइँसराइँलाई व्यवस्थित गर्नु तथा स्थानीय तहमा जनसांख्यिकीय सूचना बैंकको निर्माण र विस्तार गर्नु जस्ता चुनौती रहेका छन् ।

**अवसर**

जनसंख्या सम्बन्धी दीर्घकालीन योजना रहनु, कुल जनसंख्यामा १५ देखि ५९ वर्ष उमेरका जनसंख्याको प्रतिशत(५७%) उच्च रही जनसांख्यिक लाभको उच्चतम उपयोग गरी देशको आर्थिक र सामाजिक विकासमा योगदान पुर्याउन सकिने अवस्था रहनु, सानो तथा गुणस्तरीय परिवारको अवधारणालाई अधिकांश नागरिकले आत्मसात गर्नु, बसाइसराइको व्यवस्थापन एवम् विकासलाई एकसाथ लैजाने कार्यमा राज्यको उच्च प्राथमिकता रहनु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सीपलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकूल वातावरण हुनु, पूर्वाधार विकास, हिमाल र पहाडी क्षेत्रमा साना शहर निर्माण, रोजगारीका अवसरहरूको सिर्जना, एकीकृत बस्ती विकास लगायतका कार्यक्रमहरू मार्फत् बसाइँसराइको व्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहनु, जनसंख्या र बसाइसराई व्यवस्थापनमा अन्तराष्ट्रिय समुदायहरूको चासो बढ्दै जानु तथा राज्यका संघ, प्रदेश र स्थानीय तहका सरकारबाट जनसंख्या र बसाइँसराइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने, प्रदेशका ७५९ वडाकेन्द्रहरू क्रमशः प्रशासनिक तथा आर्थिक बिन्दुको रुपमा विकास हँुदै जानु, पालिकाहरूका सदरमुकामहरू क्रमशः विकास केन्द्रको रुपमा विकास हुँदै जानु जस्ता अवसरहरू रहेका छन् ।

**सोच**

स्वस्थ्य तथा सन्तुलित मानव बस्तीको विकास

**लक्ष्य**

जनसंख्या तथा बसाइँसराइको प्रभावकारी व्यवस्थापन गर्ने ।

**उद्देश्य**

- सबै नागरिकलाई स्वस्थ, सबल र सक्रिय बनाई जीवनस्तर वृद्धि गर्नु ।
- बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु ।

- जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु ।

## रणनीति

- लैङ्गिक समानता र समावेशीकरणको माध्यमबाट जनसंख्या र विकासमा मूलप्रवाहीकरण गर्ने नीति लिंदै विद्यमान कानुन तथा संस्थागत व्यवस्थामा सुधार गर्ने ।
- जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्ने ।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा एकीकृत बस्ती विकासको माध्यमबाट आन्तरिक बसाइँसराइ र शहरीकरणलाई व्यवस्थित गर्ने ।
- पालिकाकाहरूलाई प्रशासनिक एवम् आर्थिक केन्द्रको रुपमा विकास गरी ग्रामीण क्षेत्रवाट शहरी क्षेत्रमा हुने अनिन्त्रियत बसाईसराईलाई शिथिलीकरण गरी शहरीकरणलाई ब्यवस्थित गरिनेछ ।
- जनसंख्या तथा बसाइँसराइ सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसंख्या सूचनालाई व्यवस्थित गर्ने ।

## विषयगत क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७७/७८ को उपलव्धि | आ.व. २०७८/७९ को अनुमानित उपलव्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. ०७९ /८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ |
| १ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | २३९ | २३६ | २१९ | १९० | १७५ |
| २ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | २७ | २६ | २४ | २२ | २० |
| ३ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म | जना | १५ | १४.५ | १४ | १३ | १२ |
| ४ | कूल प्रजनन दर | प्रतिशत | २.० | २.० | २.० | २.२ | २.० |
| ५ | ५ वर्षभन्दा मुनिका बालबालिकामा भएको पुड्कोपन (उमेर अनुसार उचाई कम) | प्रतिशत | २९ | २८ | २७ | २६ | २५ |
| ६ | परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | प्रतिशत | ३७ | ३८ | ४० | ४२ | ४४ |
| ७ | स्वास्थ्य संस्था मार्फत् प्रसूति सेवा लिने महिला | प्रतिशत | ६८ | ६९ | ७० | ७२ | ७४ |
| ८ | चौथो पटक गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ६० | ६२ | ७० | ७२ | ७४ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. ०७९ /८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ |
| ९ | आइरन चक्की प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ६९ | ६९.५ | ७० | ७२ | ७४ |
| १० | डि.पि.टि. हेप खोप तेश्रो प्राप्त गर्ने | प्रतिशत | ७२ | ७३ | ७५ | ८० | ८५ |
| ११ | दादुरा खोप प्राप्त गर्न बालबालिका | प्रतिशत | ८० | ८१ | ८५ | ८७ | ९० |
| १२ | पहिचान भएका क्षयरोगी मध्ये उपचारको सफलता | प्रतिशत | ९१ | ९२ | ९५ | ९६ | ९८ |
| १३ | औलो रोग पत्ता लागेको जम्मा बिरामी | संख्या | १७ | १६ | १२ | १० | ८ |
| १४ | नयाँ एच.आइ.भी. संक्रमित वार्षिक संख्या | संख्या | २२२ | २१५ | १८० | १५० | १२० |
| १५ | गर्भवती महिलामध्ये पी.एम.टी.सी.टी.सेवा पाएको गर्भवती महिला | प्रतिशत | ६३ | ६५ | ७० | ७५ | ८० |

स्रोतः ***NDHS-2016 & Health Directorate Annual Report 2077/78***

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रु. हजारमा)

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजश्व बाडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | १५६०००० | ११०६०४० | ४५३९६० | - | १५६०००० | - | - |
| २०८०/८१ | १७१६००० | १२१६६४४ | ४९९३५६ | - | १७१६००० | - | - |
| २०८१/८२ | १८८७६०० | १३३८३०८ | ५४९२९२ | - | १८८७६०० | - | - |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| ३५५०७००१ | क्षयरोग नियन्त्रण कार्यक्रम | उपचारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रदान गरी क्षयरोगीहरूको संख्यामा कमी ल्याउने । | सालबसाली | १८० | • क्षयरोग पहिचानको दरमा वृद्धि भएको हुने ।<br>• क्षयरोगका बिरामीको निको हुने दरमा वृद्धि हुने ।<br>• सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुमा एम डि आर सेन्टर/सब सेन्टर विस्तार भएको हुने ।<br>• निजी स्वास्थ्य संस्थाहरुमा डट्स केन्द्रहरुको विस्तार भएको हुने ।<br>• क्षयरोग नियन्त्रण सम्बन्धी कार्यक्रममा संलग्न कर्मचारीहरुलाई तालिम दिइएको हुने । |
| ३५५०७००१ | एकीकृत वाल स्वास्थ्य कार्यक्रम | बालबालिकाको खोपमा पहुँच वृद्धि हुने कुपोषण हुने संख्यामा कमी आइ बाल मृत्युदर समेत कमी हुने । | सालबसाली | २३० | • प्रदेश खोप कोषको स्थापना भई सञ्चालनमा आएको हुने ।<br>• प्रदेश खोप कोषमा सरकारी तथा निजी क्षेत्रको योगदान बढ्ने ।<br>• पूर्ण खोपको सुनिश्चितता बढ्ने ।<br>• खोप कार्यक्रम नियमित रूपमा सञ्चालन भएको हुने ।<br>• क्षयरोगका बिरामीको निको हुने दरमा वृद्धि हुने ।<br>• २ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमनमा वृद्धि भएको हुने ।<br>• क्षयरोगका बिरामीको निको हुने दरमा वृद्धि हुने ।<br>• स्थानीय तहसम्म बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा आएको हुने ।<br>• नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम संलग्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि भएको हुने ।<br>• ५ वर्ष मुनिका बालबालिकाको कुपोषण, झाडापखाला र श्वासप्रश्वासको समस्यामा कमी आउने । |
| ३५५०७००१ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम | गुणस्तर आयुर्वेद औषधीहरु सुलभ रुपमा उपलब्ध हुनुको साथै आयुर्वेद तथा बैकल्पिक | सालबसाली | १०० | • आयुर्वेदमा प्रयोग हुने जडिबुटि वनस्पती तथा जीवजन्तुको परम्परागत अभिलेखिकरण र पुस्तान्तरण, संकलन, उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक प्रादेशिक नीति, कार्यक्रम र मापदण्ड तयार भएको हुने । प्रादेशिक आयुर्वेद उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना भएको हुने ।<br>• सबै आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा जडिबुटी उद्यानहरुको स्थापना भएको हुने । |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | चिकित्सा सेवालाई प्रभावकारी बनाउने । | | | • आयुर्वेद औषधालय तथा स्वास्थ्य केन्द्रहरुमा क्षारसुत्र, अक्यूपन्चर, पन्चकर्म, फिजियोथेरापी सेवा उपलब्ध भएको हुने । आयुर्वेद सेवालाई गुणस्तरीय बनाई आयुर्वेद केन्द्रलाई क्रमशः स्तरोन्नति गरिने। |
| ३५५०७००१ | परिवार स्वास्थ्य कार्यक्रम | उपचारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रदान गरी क्षयरोगीहरूको संख्यामा कमी ल्याउने । | | ३०० | • परिवार नियोजनका साधनको प्रयोग गर्ने दम्पतिको दरमा वृद्धि हुने।<br>• सबै सरकारी स्वास्थ्य संस्थामा परिवार नियोजनका साधनहरूको निरन्तर उपलब्धता हुने।<br>• पाठेघर खस्ने समस्याको पहिचान र उपचार सेवा सञ्चालन भएको हुने।<br>• दुर्गम तथा ग्रामीण क्षेत्रमा स्त्री रोग सम्बन्धी विशेषज्ञ शिविर सञ्चालन भएको हुने ।<br>• बर्थिङ सेन्टरको सुदृढीकरण र विस्तार भएको हुने । |
| | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | | | ५६० | • मुटु, मृगौला तथा क्यान्सर रोग उपचारकालागि अस्पताल निर्माण कार्य प्रारम्भ भएको हुने ।<br>• धौलागिरी अञ्चल अस्पतालको क्षमता अभिवृद्धि भएको हुने । १५ शैयाका अस्पतालहरू ५० शैयाको अस्पतालमा स्तरोन्नति भएको हुने।<br>• क्षयरोग, कुष्ठरोग, एच.आइ.भि./एड्स लगायतका सरुवा रोगहरूको एकीकृत सर्भिलेन्स प्रणाली लागु भएको हुने ।<br>• आयुर्वेद सेवा सूचना प्रणालीको विकास भएको हुने ।<br>• पोखरा उपत्यका भित्र विशिष्टीकृत महिला तथा बाल अस्पतालको निर्माण भई सञ्चालनमा आएको हुने ।<br>• दुर्गम स्थानका स्वास्थ्य संस्था भौतिक पूर्वाधारको सुदृढीकरण भएको हुने । |
| ३५५०७००१ | चिकित्सा सेवा कार्यक्रम | | | ५२० | • कार्यविधि निर्माण गरी निःशुल्क रुपमा सेवा दिन तोकिएका रोगका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध भएको हुने ।<br>• दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन कार्यक्रम सञ्चालन भएको हुने ।<br>• प्राकृतिक चिकित्सालय तथा सामुदायिक अस्पतालहरुलाई पुँजीगत अनुदान |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | उपलब्ध भएको हुने ।<br>• जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट, विद्युतीय चिकित्सा अभिलेख प्रणाली, फोहोरमैलाको व्यवस्थापन, शब व्यवस्थापन गर्ने मर्चुरी च्याम्बरको स्थापना भई सञ्चालनमा आउने<br>• १५ शैयाका अस्पतालहरू ५० शैयामा स्तरोन्नति भई गुणस्तरीय सेवा प्रवाह भएको सुनिश्चित हुने<br>• अस्पताल भौतिक पूर्वाधार र औजार उपकरण सहितको व्यवस्था भएको हुने । |
| ३५५०७००१ | स्वास्थ्य नीति तथा योजना कार्यक्रम | | | २५० | • दुर्गम तथा ग्रामीण क्षेत्रमा स्त्री रोग सम्बन्धी विशेषज्ञ शिविर सञ्चालन भएको हुने ।<br>• बर्थिङ सेन्टरको सुदृढीकरण र विस्तार भएको हुने ।<br>• प्रदेशस्तरीय हजार शैयाको अस्पतालको जग्गा प्राप्ति र विस्तृत परियोजना तयार गरी निर्माण कार्य प्रारम्भ भएको हुने ।<br>• मुटु, मृगौला तथा क्यान्सर रोग उपचारकालागि अस्पताल निर्माण कार्य प्रारम्भ भएको हुने ।<br>• धौलागिरी अञ्चल अस्पतालको क्षमता अभिवृद्धि भएको हुने ।<br>• स्वास्थ्य व्यवस्थापन कार्यक्रम<br>• एकीकृत सर्भिलेन्स प्रणाली लागु भएको हुने ।<br>• आयुर्वेद सेवा सूचना प्रणालीको विकास भएको हुने ।<br>• पोखरा उपत्याका भित्र विशिष्टीकृत महिला तथा बाल अस्पतालको निर्माण भई सञ्चालनमा आएको हुने ।<br>• दुर्गम स्थानका स्वास्थ्य संस्था भौतिक पूर्वाधारको सुदृढीकरण भएको हुने ।<br>• कार्यविधि निर्माण गरी निःशुल्क रुपमा सेवा दिन तोकिएका रोगका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध भएको हुने ।<br>• दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन कार्यक्रम सञ्चालन भएको हुने ।<br>• प्राकृतिक चिकित्सालय तथा सामुदायिक अस्पतालहरुलाई पुँजीगत अनुदान |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | उपलब्ध भएको हुने ।<br>• प्रदेश स्वास्थ्य नीति, ऐन तथा मापदण्ड आदि तयार भएको हुने ।<br>• स्वास्थ्य सम्बन्धी विभिन्न अनुसन्धान सुरुवात भएको हुने ।<br>• प्रदेशस्तरीय कोल्डरुम सहितको प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको पूर्वाधार विकास गरी सञ्चालन |
| ३५५०७००१ | • स्वास्थ्य प्रवर्द्धन, शिक्षा तथा तालिम कार्यक्रम | | | ९० | • स्वास्थ्य सम्बन्धी विभिन्न किसिमका स्वास्थ्य शिक्षा सामग्रीहरुको निर्माण, छपाई, प्रकाशन तथा प्रशारण भएको हुने ।<br>• स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी विभिन्न तालिम प्रदान भई क्षमता अभिवृद्धि भएको हुने ।<br>• विषादी रहित खाद्य तथा पोषण अभियान सञ्चालन भएको हुने ।<br>• प्रदेश स्तरमा जनस्वास्थ्य सम्बन्धी पुस्तकालय स्थापना भएको हुने ।<br>• सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन भएको हुने ।<br>• नसर्ने रोगको रोकथामका लागि स्वस्थकर खाना, आनीबानी तथा जीवनशैलीमा परिवर्तन आएको हुने । |
| ३५५०७००१ | • इपिडेमियोलोजी, रोग नियन्त्रण, महामारी तथा विपद् व्यवस्थापन कार्यक्रम | | | ५५० | • प्रदेश स्तरीय स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र प्रभावकारी रूपमा सञ्चालन भएको हुने ।<br>• प्रादेशिक कन्टिन्जेन्सी प्लान तयारी भएको हुने ।<br>• बफर स्टकको लागि औषधी उपलब्ध भएको हुने ।<br>• महामारी रोगको रोकथाम र नियन्त्रण कार्य प्रभावकारी रूपमा सञ्चालन हुने ।<br>• महामारी तथा सरूवा रोगको एकीकृत सर्भिलेन्स प्रणाली लागु भएको हुने। |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| ३५५०७००१ | | | | ६०० | • औषधी, औजार तथा उपकरण आदिको परिमाण निर्धारण गरी निरन्तर आपूर्तीको व्यवस्था भएको हुने । |

## कार्यक्रम तथा आयोजनाहरुको शीर्षकगत बजेट तथा प्राथमिकीकरणः

विषय उपक्षेत्रगत अनुसारका कार्यक्रमहरुको बजेट विनियोजन तथा प्रक्षेपण, प्राथमिकीकरण र सांकेतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शि.नं. | विषयगत क्षेत्र / उप-क्षेत्र | कार्यक्रम / आयोजना | आ.व. २०७८/०७९ को संशोधित अनुमान (रु. हजारमा) | आ.व. २०७९/०८० को विनियोजन (रु. हजारमा) | | | | आ.व. २०८०/०८१ को अनुमान (रु. हजारमा) | | | | आ.व. २०८१/०८२ को अनुमान (रु. हजारमा) | | | | रणनीतिक स्तम्भ | प्राथमिक क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजिगत | वि.व्य | जम्मा | चालु | पूँजिगत | वि.व्य | जम्मा | चालु | पूँजिगत | वि.व्य | जम्मा | | | | | |
| ३५५०१००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २६४०६४ | २०६९४० | ७४४०० | - | **२८१३४०** | २२७६३४ | ८१८४० | - | **३०९४७४** | २५०३९७ | ९००२४ | - | **३४०४२१** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०२००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य निर्देशनालय | ४०९५० | ४०५०० | ५००० | - | **४५५००** | ४४५५० | ५५०० | - | **५००५०** | ४९००५ | ६०५० | - | **५५०५५** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०५००१ | स्वास्थ्य तथा जनसंख्या | प्रदेश स्वास्थ्य आपूर्ति व्यवसथापन केन्द्र | ५२४७० | ५६७०० | १६०० | - | **५८३००** | ६२३७० | १७६० | - | **६४१३०** | ६८६०७ | १९३६ | - | **७०५४३** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०३००<br>१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य तालिम केन्द्र | ४५४५० | ४०५०० | १०००० | - | **५०५००** | ४४५५० | ११००० | - | **५५५५०** | ४९००५ | १२१०० | - | **६११०५** | ६ | P1 | ३ | २ | ३ |

| ब.उ.शि.नं. | विषयगत क्षेत्र / उप-क्षेत्र | कार्यक्रम / आयोजना | आ.व. २०७८/०७९ को संशोधित अनुमान (रु. हजारमा) | आ.व. २०७९/०८० को विनियोजन (रु. हजारमा) | | | | आ.व. २०८०/०८१ को अनुमान (रु. हजारमा) | | | | आ.व. २०८१/०८२ को अनुमान (रु. हजारमा) | | | | रणनीतिक स्तम्भ | प्राथमिक क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजिगत | वि.व्य | जम्मा | चालु | पूँजिगत | वि.व्य | जम्मा | चालु | पूँजिगत | वि.व्य | जम्मा | | | | | |
| ३५५०४००१ | स्वास्थ्य तथा जनसंख्या | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २६३७० | २४३०० | ५००० | - | **२९३००** | २६७३० | ५५०० | - | **३२२३०** | २९४०३ | ६०५० | - | **३५४५३** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०६००१ | स्वास्थ्य तथा जनसंख्या | क्षयरोग उपचार केन्द्र | २०००० | २१००० | ५००० | - | **२६०००** | २२००० | ६००० | - | **४५१००** | २४२०० | २५४१० | - | **४९६१०** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०६००१ | स्वास्थ्य तथा जनसंख्या | अस्पतालहरु | ४९०३५४ | २७०६०० | २७०४६० | - | **५४१०६०** | २९८७६० | २९७००६ | - | **५७८६६६** | ३२८६३६ | ३०७८९७ | - | **६३६५३३** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०७००१ | स्वास्थ्य तथा जनसंख्या | स्वास्थ्य कार्यालयहरु | २९००७० | २६७३०० | ५५००० | - | **३२२३००** | २९४०३० | ६०५०० | - | **३५४५३०** | ३२३४३३ | ६६५५० | - | **३८९९८३** | ६ | P1 | ३ | २ | ३ |
| ३५५०८००१ | स्वास्थ्य तथा जनसंख्या | आयुर्वेद स्वास्थ्य केन्द्रहरु | १८५१३० | १७८२०० | २७५०० | - | **२०५७००** | १९६०२० | ३०२५० | - | **२२६२७०** | २१५६२२ | ३३२७५ | - | **२४८८९७** | ६ | P1 | ३ | २ | ३ |

| ब.उ.शि.नं. | विषयगत क्षेत्र / उप-क्षेत्र | कार्यक्रम / आयोजना | आ.व. २०७८/०७९ को संशोधित अनुमान (रु. हजारमा) | आ.व. २०७९/०८० को विनियोजन (रु. हजारमा) | | | | आ.व. २०८०/०८१ को अनुमान (रु. हजारमा) | | | | आ.व. २०८१/०८२ को अनुमान (रु. हजारमा) | | | | रणनीतिक स्तम्भ | प्राथमिक क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजीगत | वि.व्य | जम्मा | चालु | पूँजीगत | वि.व्य | जम्मा | चालु | पूँजीगत | वि.व्य | जम्मा | | | | | |
| | | | १४१४८५८ | ११०६०४० | ४५३९६० | ० | १५६०००० | १२२४६४४ | ४९१३५६ | ० | १७१६००० | १३४६३०८ | ५४१२९२ | ० | १८८७६०० | | | | | |

**जोखिम तथा अनुमान**

नीति तथा कानुन र कार्यविधिको व्यवस्था समयमै हुने, संघ र स्थानीय तहबीचको समन्वय हुने, कोभिड -१९ को सङ्क्रमण नियन्त्रणमा आएको, स्थानीय तह को सहभागिता आवश्यक मात्रामा भएको र कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने अनुमान गरिएको छ। उल्लिखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

# ४.२ शिक्षा, विज्ञान तथा प्रविधि र सामाजिक विकास

## पृष्ठभूमि

नेपालमा शिक्षा नागरिक अधिकारका रूपमा स्थापित भएको छ । नागरिकका लागि शिक्षा राज्यले सकेको बखत उपलब्ध गराउने सुविधा नभई मौलिक हकका रूपमा प्रत्याभूत गरिएको छ । यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको महत्वपूर्ण माध्यम मानिएको छ । परिणामस्वरूप शिक्षालाई "समृद्ध प्रदेश र सुखी नागरिक" भन्ने विकासको नारालाई यथार्थमा बदल्ने सशक्त औजारका रूपमा स्वीकार गरिएको छ । वर्तमान संविधानको कार्यान्वयनसँगै राज्यको पुनर्संरचना पश्चात् शासकीय स्वरूपमा रूपान्तरण कार्य अगाडि बढेको छ। सम्बन्धित सबै नीति, नियम, कानुन निर्माण भइनसकेको सन्दर्भमा मन्त्रालयले थुप्रै नीति नियम, ऐन कानून बनाउनुपर्ने अवस्था रहेको छ । शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण र  श्रम तथा रोजगार क्षेत्रका परिसूचकहरूलाई विश्लेषण गर्दा यी क्षेत्रमा सुधार भैरहेको पाइएता पनि समृद्धि र विकासका लागि धेरै कार्य गर्न बाँकी रहेको अवस्था छ ।

शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण र  श्रम तथा रोजगार क्षेत्रहरु समाज परिवर्तनको महत्वपूर्ण पक्षहरु हुन् । नेपालको संविधानमा भएको व्यवस्था, अन्तरराष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिबद्धता, दिगो विकास लक्ष्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्दै जानु अहिलेको प्रमुख आवश्यकता हो । सोही अनुरुप नेपाल सरकारको पन्ध्रौं योजना (आ.व. २०७६/०७७ देखि २०८०/०८१) र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (आ.व.२०७६/०७७ देखि २०८०/०८१) निर्माण गरी कार्यान्वयन भइरहेको तथा आ. व. २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रम तयार भएको सन्दर्भमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यले शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण र  श्रम तथा रोजगार क्षेत्रका विषयहरुलाई प्रथम पञ्चवर्षीय योजनासँग तादात्म्यता हुने गरी योजनाबद्ध रुपमा कार्यान्वयनमा ल्याउन तथा महत्वपूर्ण कार्यक्रमहरुमा आगामी दुई वर्षसम्म स्रोतको सुनिश्चितता गर्न मद्दत पुग्ने विषयहरु प्रस्तुत गरिएको छ ।

## चुनौती र अवसर

### चुनौती

सीमित स्रोत साधनद्वारा सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्वसनीयतालाई उल्लेखनीय रूपमा सुधार गर्नु, निजी विद्यालय सञ्चालन प्रणालीलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गर्नु, शिक्षा प्रणालीलाई विविधीकरण गर्दै समाजमा शिक्षाको विविध आवश्यकतालाई सम्बोधन गर्नु, साक्षरता बढाउनु र दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्नु शिक्षा क्षेत्रको प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

सांस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धान साथै संरक्षणको कार्य गर्नु, लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु,  बढ्दो शहरीकरण र विश्वव्यापीकरणले प्राचीन सम्पदा र संस्कृतिको थपिएको चुनौतीको सामना गर्नु, प्राचीन सम्पदाको उचित व्यवस्थापन गर्नु, प्रदेशमा

बोलिने सबै भाषाको समतामूलक विकास गर्नु, प्रदेशको मौलिक संस्कृतिको संरक्षण र संवर्धनमा ध्यान पुऱ्याउनु, भाषा संस्कृति र पुरातत्व क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

प्रदेशको उत्पादन प्रणालीलाई विज्ञान तथा प्रविधिसँग जोड्नु, विज्ञान तथा प्रविधि र अनुसन्धानको क्षेत्रमा सरकारी लगानी बढाउनु, युवा वैज्ञानिक तथा प्रतिभाहरूलाई मुलुकभित्रै काम गर्ने वातावरण तयार गर्नु, विज्ञान तथा प्रविधि शिक्षाप्रति आकर्षण बढाउनु, प्रदेशभित्र विज्ञान प्रविधिको विकास र उत्थानसँग सम्बन्धित निकायको स्थापना र सञ्चालन गर्नु, विज्ञान प्रविधि क्षेत्रका चुनौतीहरू हुन् ।

लैङ्गिक विभेद हटाउन नसकिनु, महिलामाथि हुने घरेलु तथा अन्य लैङ्गिक हिंसा तथ्यांकीय रुपमा वृद्धि हुँदै जानु, दाइजो प्रथा, बालविवाहजस्ता हानिकारक अभ्यास विद्यमान रहनु, सेवा प्रवाहलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गतामैत्री बनाउन नसकिनुजस्ता समस्याहरु रहेका छन् । त्यसैगरी विपन्न महिलालाई आर्थिक सशक्तीकरण गर्नु, न्यून आय र सीमान्तकृत महिलाहरूको प्रजनन स्वास्थ्य सुरक्षित बनाउनु, सडक बालबालिका लगायत जोखिममा रहेका बालबालिकाको संरक्षण तथा व्यवस्थापन गर्नु,अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक दृष्टि परिवर्तन गर्नु, अपाङ्गता सम्बन्धी भएका नीति र कानूनी व्यवस्थाहरू कार्यान्वयन गर्नु, उनीहरुलाई सीपमूलक आय आर्जनका तालिम प्रदान गरी उत्पादनमा संलग्न गराउनु चुनौती रहेको छ । सहाराविहीन तथा असहाय अवस्थामा रहेका ज्येष्ठ नागरिकहरूको संरक्षण तथा आश्रयका लागि सञ्चालित आश्रम र सेवा भवनहरुको सुदृढीकरण गर्नु, ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्रको विस्तार गर्नु, ज्येष्ठ नागरिकहरूको ज्ञान सीप र अनुभवलाई विकासमा लगाउनु चुनौतीका रूपमा रहेका छन् ।श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउनु जस्ता कार्य यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

संविधान वमोजिम तीनवटै तहमा शासकीय संरचना स्थापना र क्रियाशील भइसकेको, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि पहिलो पटक छुट्टै ऐनको निर्माण, शिक्षासँग जोडिने प्राकृतिक स्रोत साधन तथा रैथाने ज्ञान, सीप र प्रविधि उपयोगको प्रचुर सम्भावना भएको, प्राविधिक तथा व्यावसायिक सीपप्रतिको युवाको आकर्षण रहेको, प्रदेश सरकारद्वारा पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासन समृद्धिका मुख्य सम्बाहकका रूपमा स्वीकार गरिनु यस क्षेत्रका लागि अवसर हुन् ।

सांस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरूमार्फत् पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रदेशलाई चिनाउने र आर्थिक समृद्धिमा टेवा पुऱ्याउने कार्यलाई यस क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

गण्डकी प्रदेशका नीति तथा कार्यक्रमले विज्ञान तथा प्रविधिको विकासलाई महत्व दिनु, विज्ञान तथा प्रविधिको क्षेत्रमा सामयिक सुधार गर्ने वातावरण निर्माण हुँदै जानु, विद्यालय र विश्वविद्यालय तहमा विज्ञान तथा प्रविधि विषयमा अध्ययन अध्यापन कार्यमा क्रमशः वृद्धि हुनु, प्रदेशभित्र खोज तथा अनुसन्धानका लागि अवसर सिर्जना हुनु, खोज अनुसन्धानका लागि जुझारु युवा समूहको संख्या बढ्दै जानु, प्रदेश सरकारबाट प्रतिभाशाली युवा वैज्ञानिक र कलाकारहरूलाई सम्मान गर्ने नीति लिइनु, जलवायु परिवर्तन, जैविक विविधता, स्वास्थ्य र वातावरणसँग सम्बन्धित विभिन्न विषयमा जनचासो बढ्नु जस्ता पक्ष महत्वपूर्ण अवसरहरू हुन् ।

महिला तथा बालबालिका तर्फ राज्यको राजनीतिक प्रशासनिक लगायत अन्य क्षेत्रमा महिलाहरूको सहभागितामा वृद्धि हुनु, विद्यार्थी भर्ना दरमा छात्राको संख्या बढ्दै जानु, घरेलु हिंसा, बहुविवाह, दाइजो प्रथा विरूद्ध सचेतना वृद्धि हुँदै जानु, महिलाहरू आर्थिक सामाजिक रूपमा सक्षम हुनु, नेतृत्व तहमा महिलाहरूको उपस्थिति बढ्दै जानु, मातृ मृत्युदरमा कमी आउँदै जानुलाई अवसरको रूपमा हेरिनुपर्दछ । साथै संविधानमै बालअधिकारको सुनिश्चित हुनु, बालसुधार गृहहरूको व्यवस्थापन हुनु, बाल क्लब, बालसञ्जाल, बालमञ्चहरूको वृद्धि हुँदै जानु, आम नागिरकमा बालबालिकाप्रति सकारात्मक सोचको विकास हुनुलाई अवसरको रूपमा लिनु पर्दछ ।

अपाङ्गमैत्री संरचनाहरू बनाउनु पर्ने नीतिगत व्यवस्था हुनु, प्रशासनिक राजनैतिक तहमा अपाङ्ग प्रतिनिधित्व सुनिश्चत हुनु, अपाङ्ग सहायता सामग्रीहरूको प्रबन्ध र वितरणको व्यवस्था हुनु, संघ, प्रदेश र स्थानीय सरकारहरूले अपाङ्ग हितको लागि सञ्चालन गर्ने कार्यक्रमहरूमा वृद्धि हुँदै जानु अपाङ्ग क्षेत्रका अवसरहरू हुन् । ज्येष्ठ नागरिकहरूलाई अस्पतालमा स्वास्थ्योपचार, यातायातमा सुविधाको व्यवस्था, ज्येष्ठ नागरिक कल्याण कोषको व्यवस्था, संविधानमा ज्येष्ठ नागरिकको हकको व्यवस्था, सामाजिक सुरक्षा भत्ताको व्यवस्था, वृद्धवृद्धाको हक हित सम्बन्धी कार्यक्रमहरू स्थानीय तह र प्रदेश सरकारको एजेण्डामा समावेश हुनुलाई अवसरको रूपमा लिइएको छ ।

शिक्षित र सीपयुक्त जनशक्ति विगतको तुलनामा वृद्धि हुदै जानु, विदेश गएर फर्किएका व्यक्तिहरू सीपयुक्त भै आफ्नै प्रदेशमा व्यवसाय सञ्चालन गर्नु, स्वरोजगारीको विषयमा जनचेतना वृद्धि हुनु, आर्थिक रूपले सक्रिय जनशक्तिको वृद्धि हुदै जानुलाई श्रम तथा रोजगार क्षेत्रमा अवसरको रूपमा रहेका छन् ।

## सोच

शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच । (शिक्षा)

विज्ञान र प्रविधिको विकास र समुचित प्रयोग । (विज्ञान र प्रविधि)

सबै भाषा, धर्म र संस्कृतिबीच एकता । (भाषा, साहित्य,संस्कृति र सम्पदा)

बालबालिका तथा किशोरकिशोरी मैत्री समाजको निर्माण । (बालबालिका तथा किशोरकिशोरी)

संरक्षणसहितको सम्मानित जीवन । (ज्येष्ठ नागरिक)

अपाङ्ग व्यक्तिहरूको आत्मनिर्भर र मर्यादित जीवन । (अपाङ्गता भएका व्यक्ति)

मानव बेचबिखन तथा ओसारपसारमुक्त सभ्य र मर्यादित समाज । (मानव बेचबिखन तथा ओसारपसार र हिंसा नियन्त्रण)

लैङ्गिक समतामूलक गण्डकी प्रदेश । (लैङ्गिक समानता तथा महिला सशक्तीकरण)

दिगो तथा प्रभावकारी सामाजिक सुरक्षा प्रणाली । (सामाजिक सुरक्षा तथा संरक्षण)

सामाजिक संस्थामा सुशासन, जवाफदेहिता र प्रभावकारिता । (सामाजिक संघ संस्था)

दक्ष जनशक्ति विकास र रोजगारी सिर्जना । (श्रम तथा रोजगार)

## उद्देश्य

### शिक्षा

१. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षा संस्थाहरूको आधुनिकीकरण गर्नु ।

२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।

**विज्ञान र प्रविधि**

१. खोजमुलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोग गर्नु।

**भाषा, साहित्य, संस्कृति र सम्पदा**

१. प्रदेशका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु ।

२. प्रदेशमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

**बालबालिका तथा किशोर किशोरीको विकास**

१. बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

२.बालबालिका तथा किशोर किशोरीमैत्री बातावरण सृजना गर्नु ।

**ज्येष्ठ नागरिक**

१.ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

२. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सम्मान गर्दै उपयोग गर्नु ।

**अपाङ्गता भएका व्यक्ति**

१.आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्नु ।

२. आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयाँपनमा सहजता प्रदान गर्नु ।

**मानव बेचबिखन तथा ओसारपसार र हिंसा नियन्त्रण**

१. मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्तिको अिर्थक तथा सामाजिक सशक्तीकरण गर्नु ।

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु ।

३. महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरू माथि हुने सबै प्रकारका भेदभाव हिंसा र शोषणको अन्त्य गरी सम्मानित र सुरक्षित जीवन यापनमा सहयोग पुर्‍याउनु ।

**लैङ्गिक समानता तथा महिला सशक्तीकरण**

१. लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु ।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।

३. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु ।

**सामाजिक संघ संस्था**

१. प्रादेशिक प्राथमिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु ।

२. सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै प्रदेशको सामाजिक तथा आर्थिक विकास गर्नु ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

१. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका विपन्न र जोखिममा परेका वर्गको पहुँच सुनिश्चित गर्नु ।

२. सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूमा लक्षित वर्गका नागरिकहरूको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**श्रम तथा रोजगार**

१. बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।

२. वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु ।

## रणनीति

१। माध्यमिक तहसम्मको शिक्षा सबै बालबालिकाको पहुँचमा पुर्याउन र शिक्षाको गुणस्तरमा वृध्दि गर्न स्थानीय तहसँग समन्वय गर्ने ।

२। विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा उच्च शिक्षालाई पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगिता वृद्धि गर्न पूरक कानुन, नीति, योजना तथा मापदण्ड तयार गरी लागू गर्ने ।

३। सबै प्रकारका विद्यालयमा विद्यार्थीको उपलब्धिस्तर एवम् समग्र प्रणालीगत कार्यकुशलता बढाउन सबै विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणाली विकास गर्ने ।

४। विज्ञान र प्रविधिमा अभिरुचि र कल्पनाशीलता बढाउन माध्यमिक तहदेखि नै प्रमाणमा आधारित शिक्षण र खोजमा आधारित सिकाइ पद्धतिको विकास गर्ने

५। जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्ने ।

६। प्रदेशमा रहेका सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने ।

७। सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका (विपन्न परिवारका, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका) बालबालिका तथा किशोरकिशोरीलाई उचित संरक्षण गर्ने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### शिक्षा

| क्र.सं | सूचक | एकाई | आ.व. २०७७/७८को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १. | साक्षरता दर (१५ देखि २४ वर्ष उमेरसम्मको) | प्रतिशत | | ९५ | ९७ | ९८ | ९९ |
| २. | कक्षा एकमा बाल विकासको अनुभव सहित भर्ना हुने बालबालिकाको दर | प्रतिशत | | ७९.५ | ८२ | ८६ | ९० |
| ३. | खुद भर्नादर | | | | | | |
| क. | कक्षा १ को खुद प्रवेश दर | प्रतिशत | | ९५.२ | ९६ | ९७ | ९८ |
| ख. | आधारभूत तह (कक्षा १—५) | प्रतिशत | | ९६.४ | ९७.३ | ९७.६ | ९८ |
| ग. | आधारभूत तह (कक्षा १-८) | प्रतिशत | | ९६.४ | ९७ | ९८ | ९८.५ |
| घ. | माध्यमिक तह कक्षा (९-१०) | प्रतिशत | | ७२.१ | ७४ | ७८ | ८२ |
| ४. | टिकाउ दर | | | | | | |
| क. | कक्षा ८ सम्म | प्रतिशत | | ८३.३ | ८५ | ८७ | ९० |
| ख. | कक्षा १० सम्म | प्रतिशत | | ६७.१ | ६९ | ७० | ७२ |
| ५. | विद्यालय छाड्ने दर | | | | | | |
| क. | प्राथमिक तह (कक्षा १—५) | प्रतिशत | | ४.५३ | ३ | १.५ | १ |
| ख. | निमावि तह (कक्षा ६—८) | प्रतिशत | | ३.९४ | ३.३ | २.५ | २ |
| ग. | माध्यमिक तह (कक्षा ९—१०) | प्रतिशत | | २.५१ | २.२५ | २ | १.७५ |
| ६. | लैङ्गिक समता दर (विद्यालय शिक्षाको खूद भर्नादरमा) | | | | | | |
| क. | आधारभूत तह (कक्षा १—८) | अनुपात | | ०.९९ | १ | १ | १ |
| ख. | माध्यमिक तह (कक्षा १—१२) | अनुपात | | ०.९९ | १ | १ | १ |

| क्र.सं | सूचक | एकाई | आ.व. २०७७/७८को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| ७. | औसत सिकाइ उपलब्धि (राष्ट्रिय परीक्षण २०१७) | | | | | | |
| क. | प्राथमिक तह | प्रतिशत | | ५७ | ६० | ६३ | ६५ |
| ख. | ५-९ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरु | प्रतिशत | | २.९ | २.५ | २ | १.५ |
| ग. | आधारभूत शिक्षा कक्षा - ८ | ५०० Mean का आधारमा | | (नेपाली ५११, गणित ५१४/ विज्ञान ५१८) | (नेपाली ५१८, गणित ५२३/ विज्ञान ५२०) | (नेपाली ५२०,गणित ५२५/ विज्ञान ५२४)विज्ञान ५२४) | (नेपाली ५२३,गणित ५२७/ विज्ञान ५२८) |
| घ. | माध्यमिक तह (कक्षा ९—१०) | प्रतिशत | | | | | |
| ८. | विद्यालय कक्षा कोठा निर्माण | संख्या | | २५० | २५० | २५० | २५० |
| ९. | कम्प्युटर सेवा उपलव्ध नभएका विद्यालय | संख्या | | १५३० | १६०० | १८०० | २००० |
| १०. | पानी तथा सरसफाई सुविधा सहितका शौचालय निर्माण | संख्या | | १७५० | १८६५ | २१०५ | २२०० |
| ११. | पानी तथा सरसफाई सुविधा सहित सञ्चालनमा रहेका शौचालय | संख्या | | १५०० | १४९२ | १६८४ | १७६० |

## विज्ञान प्रविधि

| क्र.सं | सूचक | एकाई | आ.व. २०७७/७८को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| | प्रदेशस्तरीय विज्ञान प्रयोगशाला | संख्या | | | १ | | |

| क्र.सं | सूचक | एकाई | आ.व. २०७७/७८को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| | स्नातक सोधवृत्ति | संख्या | | | २० | | |
| | स्नातकोत्तर सोधवृत्ति | संख्या | | | १० | | |
| | विद्यावारिधी सोधवृत्ति | संख्या | | | २ | | |
| | विषयगत अनुसन्धान | संख्या | | | | | |
| | वैज्ञानिक | संख्या | | | | | |
| | आविष्कार प्रोत्साहन | संख्या | | | | | |

## महिला, बालबालिका तथा जेष्ठ नागरिक

| क्र.सं | सूचक | एकाई | आ.व. २०७७/७८को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | | ५४.२७ | ५६ | ५८ | ६० |
| २ | लैंगिक विकास सूचकाङ्क | सूचकाङ्क | | ०.९३ | ०.९३ | ०.९४ | ०.९५ |
| ३ | सम्पत्तिमा महिलाको स्वामित्व | प्रतिशत | | १६ | २० | २४ | ३०.६ |
| ४ | जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसा प्रभावित महिला | प्रतिशत | | १६.९ | १५ | १२ | १० |
| ५ | श्रम शक्तिमा महिला र पुरुषको सहभागिता | प्रतिशत | | ७८ | ८२ | ८६ | ९५ |
| ६ | निशुल्क लोक सेवा तयारी कक्षा लिने महिलाहरुको संख्या | जना | | १४० | ३०० | ३५० | १२०० |
| ७ | औपचारिक क्षेत्रमा महिला सहभागिता | प्रतिशत | | २५ | २७ | ३० | ३३ |
| ८ | प्रदेश निजामती सेवामा महिला कर्मचारी अनुपात | प्रतिशत | | | | | |
| ९ | महिला उद्यमी | संख्या | | ३५० | ४०० | ५०० | ५५० |
| १० | अभिभावकविहीन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा | संख्या | | ११४३ | १५०० | १८०० | २१०० |

| क.सं | सूचक | एकाई | आ.व. २०७७/७८को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| ११ | सडक बालबालिका उद्धार तथा व्यवस्थापन | जना | | १५६ | २०० | २०० | २०० |
| १२ | बाल विवाह | प्रतिशत | | २९ | २५ | २० | १५ |
| १३ | मापदण्ड पुगेका बालगृह | संख्या | | ४६ | ४८ | ५० | ५४ |
| १४ | दिवा सेवा केन्द्रबाट सेवा प्राप्त गर्ने बौद्धिक अपाङ्गता भएका बालबालिकाहरु | संख्या | | ६५ | १०० | १२० | १४० |
| १५ | मापदण्ड पुगेका ज्येष्ठ नागरिक आश्रम | संख्या | | १४ | १४ | १५ | १६ |
| १६ | सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | | ३२० | ५०० | ७५० | ८५० |
| १७ | अपाङ्गता सहायता सामग्री वितरण | जना | | ६५० | ८०० | ९५० | ११०० |

## श्रम तथा रोजगार

| क.सं | सूचक | एकाई | आ.व. २०७७/७८ को उपलब्धि | आ.व. २०७८/७९को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | व्यवसाय तथा रोजगारमूलक तालिम | जना | | ४७०१ | १३००० | १४००० | १५००० |
| २ | सञ्चालित तालिम कार्यक्रममा महिलाको अनुपात | प्रतिशत | | ६० | ६० | ६० | ६० |

## भाषा,संस्कृति र पुरातत्व

| क.सं | सूचक | एकाई | आ.व. | आ.व. | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|---|

| | | | २०७७/७८को उपलब्धि | २०७८/७९को अनुमानित उपलब्धि | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| १ | साँस्कृतिक उत्सव तथा महोत्सव | पटक | | ४ | ५ | ५ | ५ |
| २ | प्राज्ञिक तथा साहित्यिक अनुसन्धान | संख्या | | | २ | | |
| ३ | साहित्यिक समारोह | पटक | | २ | ४ | ४ | ४ |
| ४ | प्रकाशन प्रोत्साहन | संख्या | | | | | |
| ५ | कला र संगीत कार्यशाला | पटक | | ३ | ३ | ३ | ३ |
| ६ | पुरातात्विक | पटक | | १ | १ | १ | १ |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

## शिक्षा

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | आधारभूत शिक्षा कार्यक्रम | आधारभूत शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्न | निरन्तर | | •विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भएको हुने ।<br>•प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास भएको हुने ।<br>•उत्कृष्ट नतिजा र न्यून नतिजा हासिल गरेका विद्यालय बिच अन्तर्क्रिया भएको हुने ।<br>•शिक्षकहरुको क्षमता विकास भएको हुने ।<br>•विद्यालयमा बालमैत्री वातारण सिर्जना भएको हुने ।<br>•अपाङ्गता भएका बालबालिकाहरुले प्रविधिमैत्री वातावरणमा अध्ययन गर्ने वातावरण सृजना भएको हुने ।<br>•नमुना बालविकास केन्द्र सञ्चालनमा आएको हुने ।<br>•शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन र प्रयोग सम्बन्धमा स्थानीय तहका शिक्षा अधिकृतहरुको |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | क्षमता अभिवृद्धि भएको हुने ।<br>•गुरुकुल, गुम्बा, मदर्सा जस्ता परम्परागत विद्यालयहरुको स्तरोन्नति भई मूलधारको शिक्षामा समाहित हुन मद्दत पुगेको हुने ।<br>•स्थानीय पाठ्यक्रमको निर्माण भै कार्यान्वयनमा आएको हुने । |
| | माध्यमिक शिक्षा कार्यक्रम | माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने | निरन्तर | | •माध्यमिक विद्यालयको क्षमता विकास भै आदर्श विद्यालयका रुपमा सञ्चालनमा आएको हुने ।<br>•वैकल्पिक विद्यालयहरु व्यवस्थित रुपमा सञ्चालनमाआएको हुने ।<br>•दुर्गम क्षेत्रमा नमुना आवासीय माध्यमिक विद्यालय सञ्चालनमा आएको हुने ।<br>•विद्यालयको भौतिक अवस्थामा सुधार आएको हुने ।<br>•विज्ञान प्रयोगशालाको स्थापना र क्षमता वढेको हुने ।<br>•माध्यमिक तहको परीक्षा सञ्चालनका लागि पूर्वाधार तयार भएको हुने ।<br>•शिक्षकहरुले खेलकुद तथा सहक्रियाकलाप सम्बन्धी तालिम प्राप्त गरेको हुने ।<br>•विज्ञान तथा प्राविधिक विषय अध्ययन गर्ने लक्षित बालबालिकाहरुले छात्रवृत्ति प्राप्त गरेको हुने ।<br>शिक्षकहरुको विषयगत रुपमा क्षमता विकास भएको हुने । |
| | उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्न | निरन्तर | उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्न | | •गण्डकी विश्वविद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार खडा भै पठन पाठन शुरु भएको हुने ।<br>•अनुसन्धानका प्रतिवेदन प्राप्त भएको हुने ।<br>•सामुदायिक क्याम्पसहरुको भौतिक पूर्वाधारमा सुधार आएको हुने ।<br>•उच्च शिक्षामा अध्ययनका लागि छात्रवृत्ती प्राप्त भएको हुने । |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | निरन्तर | | •प्राविधिक तथा विज्ञान विषय अध्यापन हुने विद्यालयहरुमा प्रयोगशाला स्थापना भई सञ्चालन भएको हुने ।<br>•कृषि, पर्यटन, वन जस्ता स्थानीय स्रोतमा आधारित प्राविधिक विषयको पाठ्यक्रम तयार भै पठनपाठन शुरु भएको हुने ।<br>•प्राविधिक विद्यालयहरुमा प्रयोगशाला स्थापना भई सञ्चालन भएको हुने ।<br>•कृषि, पर्यटन, वन जस्ता स्थानीय स्रोतमा आधारित प्राविधिक शिक्षालय स्थापना भएको हुने ।<br>•गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालमि प्रतिष्ठानमा प्राविधिक शिषा तथा व्यावसायिक सीप |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | विकासको पढाई भएको हुने ।<br>•प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने विद्यालयहरुको व्यवस्थापकीय सुधार भएको हुने । |
| | शैक्षिक पूर्वाधार विकास कार्यक्रम | | निरन्तर | | •सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला र पुस्तकालयको क्षमता विस्तार भएको हुने ।<br>•सामुदायिक विद्यालयमा सूचना प्रविधिको प्रयोग तथा विद्युतीय पुस्तकालय स्थापना भएको हुने ।<br>•सुरक्षित विद्यालय भवन निर्माण भएको हुने ।<br>•पानी तथा सरसफाई सुविधा सहितको शौचालय निर्माण भएको हुने ।<br>•विद्यालयमा घेराबार तयार भएको हुने ।<br>•प्रदेश स्तरीय बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि आवासीय विद्यालय निर्माण भएको हुने । |
| | पाठ्यक्रम विकास | | निरन्तर | | •स्थानीय र मातृभाषाका पाठ्यक्रम विकास भइ कार्यान्वयनमा आएको हुने ।<br>•विद्यालयमा नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएको हुने । |
| | पुस्तकालय | | | | •स्थानीय तहका केन्द्रहरु र विद्यालयमा पुस्तकालय स्थापना भएको हुने .।<br>•सञ्चालित पुस्तकालयहरुको स्तरोन्नती भै E-Library को विकास भएको हुने । |
| | अनौपचारिक शिक्षा | | | | •साक्षर प्रदेश घोषणा भएको हुने । |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू** | | | | | |
| ३५००११ | पुस्तकालयहरुलाई अनुदान | | | ० | • पुस्तकालयहरुको स्तरोन्नती भएको हुने । |
| ३५००१५ | कक्षा १० (SEE) परीक्षा सञ्चालन | परीक्षालाई व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गर्न | | | • प्रदेश तहवाट माध्यमिक शिक्षा परीक्षाको व्यवस्थापन तथा सुधार भएको हुने । |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| ३५०१०९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न | | | • मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन भएको हुने ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने शिक्षालयको पूर्वाधार विकास भएको हुने ।<br>• शिक्षालयहरुको पाठ्यक्रम तथा परीक्षामा सुधार आएको हुने । |
| ३५०१३८ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | | | | • पढाइ सिप वढाउने शैक्षिक सामग्री विकास भै प्रयोगमा आएको हुने । |
| ३५०८०६ | विद्यालय क्षेत्र विकास कार्यत्रम– जिल्ला स्तर | शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुपर्ने | | | • शिक्षाको प्रदेशिक योजना तयार भै कार्यान्वयनमा आएको हुने ।<br>• शैक्षिक तथ्याङ्क र सूचनाहरु प्रकाशनमा आएको हुने ।<br>• शिक्षकहरुको क्षमता विकास भै सिकाइ उपलव्धि वढेको हुने ।<br>• विपदमा परेका विद्यालयहरुको पुनर्स्थापना भउको हुने ।<br>• शिक्षा तालिम केन्द्रको क्षमता विकास भएको हुने । |

## महिला, बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| २२५१२ | लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण सम्बन्धी कार्यक्रम | महिला सचेतना तथा सशक्तीकरण एवम् महिला हिंसा न्यूनीकरण | सालबसाली | | • महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तीकरण भएको हुने ।<br>• लैङ्गिक हिंसा लगायत सबै प्रकारका हिंसा न्यूनीकरण भएको हुने ।<br>• हिंसापीडित व्यक्तिहरुका लागि अस्थायी आश्रय सहितको अल्पकालीन सेवा केन्द्रहरु तथा दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनले निरन्तरता पाएका हुने ।<br>• महिलाहरुको लागि निशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन भई ११०० महिला लाभान्वित भएका हुने<br>• सीप तथा व्यावसायिकता विकास तालिम प्राप्त गर्ने महिलाहरुको संख्यामा वृद्धि भएको |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | हुने।<br>• महिला उद्यमीद्वारा उत्पादित वस्तुहरुको औद्योगिक प्रदर्शन भएको हुने ।<br>• प्रदेश आपतकालीन उद्धार कार्यक्रम सञ्चालन भई महिला, बालबालिका लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको उद्धार तथा संरक्षण भएको हुने |
| २२५१२ | बालअधिकार प्रबर्द्धन सम्बन्धी कार्यक्रम | बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन | सालबसाली | | • प्रदेश केन्द्रमा शिशु स्याहार केन्द्र स्थापना भई सञ्चालनमा आएको हुने<br>• प्रदेश बालबालिका सम्बन्धी ऐन तथा नियमावली जारी भएको हुने ।<br>• प्रदेश बालअधिकार समिति गठन भएको हुने ।<br>• प्रदेश बालपरिषदको पुनर्गठन भई परिचालन गरिएको हुने ।<br>• बालविवाह न्यूनीकरण भएको हुने ।<br>• बालमैत्री शासन प्रबर्द्धन भएको हुने ।<br>• गण्डकी प्रदेश मुकाममा नमूना बाल उद्यान निर्माण भएको हुने । |
| २६४१३ | ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम | ज्येष्ठ नागरिकको सुरक्षा, संरक्षण तथा सम्मान | सालबसाली | | • ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरु स्थापना भएका हुने ।<br>• ज्येष्ठ नागरिक आश्रमहरु क्षमता विस्तार भएको हुने ।<br>• विपन्न तथा असहाय ज्येष्ठ नागरिकलाई सहायता सामग्रीहरु प्रदान गरिएको हुने । |
| २६४१३ | अपाङ्गता अधिकार प्रबर्द्धन सम्बन्धी कार्यक्रम | अपाङ्गता भएका व्यक्तिको क्षमता विकास तथा संरक्षण | सालबसाली | | • अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य उपचारमा सहुलियत प्रदान गरिएको हुने ।<br>• अपाङ्गता सहायता सामग्री वितरण भएको हुने ।<br>• अपाङ्गता सशक्तीकरण कार्यक्रम सञ्चालन भएको हुने ।<br>• दृष्टिविहीनहरुको लागि श्रव्य सामग्री उत्पादन भई वितरण भएको हुने ।<br>• सांकेतिक भाषा दोभाषेहरुको तालिम ७५ जना व्यक्तिलाई प्रदान गरिएको हुने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन भई प्रदेशभित्रका करिब २५०० अपाङ्गता भएका व्यक्ति लाभान्वित भएका हुने । |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू** | | | | | |
| ३४०१०५ | समाज कल्याणकार्यक्रम | ज्येष्ठ नागरिक र | २०७८/७९ | दश लाख | • ज्येष्ठ नागरिकको दिवासेवा केन्द्र स्थापना भएको हुने । |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | (ज्येष्ठ नागरिक कार्यक्रम समेत) | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा सम्बर्द्धन | | | • अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा पुनर्स्थापनाका लागि अपाङ्गता ग्राम स्थापना भएको हुने ।<br>• अपाङ्गता सहायक सामग्री उत्पादन तथा वितरणमा सहयोग पुगेको हुने । |
| ३४०१०७ | बाल कल्याण कार्यक्रम | सडक बालबालिकाहरुको व्यवस्थापन | | | • सडक बालबालिकाहरुको संरक्षण तथा पुनर्स्थापना भएको हुने । |

## श्रम तथा रोजगार

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | रोजगार प्रवर्द्धन कार्यक्रम | रोजगार सूचना व्यवस्थापन, रोजगार सिर्जना तथा प्रवर्द्धन | | | • रोजगार सम्बन्धी नीति तथा कानुन तर्जुमा भएको हुने ।<br>• रोजगार सूचना केन्द्रको स्थापना तथा सञ्चालन भएको हुने ।<br>• कार्यस्थल सुरक्षा अनुगमन तथा श्रम परीक्षण भएको हुने ।<br>• वजार मागको आधारमा सीपयुक्त जनशक्ति आपूर्ति हुने ।<br>• यातायात श्रमिकहरुवाट आचारसंहिताको पालना भएको हुने । |
| | सीप विकास तालिम कार्यक्रम | युवाहरुको क्षमता विकास | | | • युवा लक्षित सीप विकास भई रोजगारी सिर्जना भएको हुने ।<br>• स्थानीय स्रोत साधन लक्षित स्वरोजगार सिर्जना भएको हुने ।<br>• युवाहरुलाई उद्यमशीलतामा संलग्न हुन सामग्री सहुलियत उपलब्ध भएको हुने ।<br>• कोभिड १९ को कारण रोजगारीबाट विस्थापित हुनेहरुको सीप विकास भै रोजगार तथा स्वरोजगारमा संलग्न भएको हुने । |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | • विदेशमा गै रोजगारीमा संलग्न हुँदा सिकेका ज्ञान र सीपको कदर र प्रयोगमा ल्याउने वातावरण सिर्जना हुने । |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू** | | | | | |
| ३७१०१६ | रोजगार सूचना केन्द्रहरू | | | | • बेरोगारहरुको लगत सङ्कलन भएको हुने ।<br>• प्रदेश परियोजना समिति क्रियाशील भै अनुगमन तथा मूल्याङ्कन भएको हुने । |
| ३७११०४ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | | | | • बजार माग अनुरुपको सीपयुक्त जनशक्ति उत्पादन भएको हुने । |

## भाषा,संस्कृति र पुरातत्व

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्ट्याइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| | भाषा,संस्कृति र पुरातत्व संरक्षण तथा सम्वर्द्धन कार्यक्रम भाषा,संस्कृति र पुरातत्व संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | भाषा,संस्कृति र पुरातत्व संरक्षण तथा सम्वर्धन कार्यक्रम | | | • प्रदेश भित्रका सांस्कृतिक सम्पदा र पुरातात्विक महत्वका वस्तुहरुको प्रोफायल तयार भएको हुने ।<br>• भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणका कार्यहरु भएको हुने ।<br>• प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना भई सञ्चालनमा आएको हुने ।<br>• बहुसांस्कृतिक ग्रामको जग्गा प्राप्ति भै स्थापना कार्य अगाडि बढेको हुने।<br>• गोरखाको लिगलिगकोटमा प्रदेशस्तरीय संग्रहालय स्थापना भएको हुने ।<br>• स्थानीय जातिको बाहुल्यता भएको गाउँलाई नमुना सांस्कृतिक ग्रामका रुपमा स्थापना भएको हुने ।<br>• संग्रहालयहरु स्तरोन्नति भएको हुने ।<br>• पुरातात्विक महत्वका स्थानहरुको पहिचान तथा संरक्षण भएको हुने । |

| व.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्धेश्य तथा पुष्टयाइ | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | • प्रदेश संग्रहालयको स्तरोन्नति भएको हुने । |
| | **नेपाल सरकारवाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरु** | | | | |
| ३२५०१७ | क्षेत्रीय संग्रहालयहरू | | | | • प्रदेश संग्रहालयमा रुपान्तरण भई क्रियाशील हुने । |
| ३२५०१८ | संग्रालयहरू (जातीय संग्रहालय समेत) | | | | • संग्रहालयहरुको स्थापना र स्तरोन्नती भएको हुने । |
| ३२५०१९ | ऐतिहासिक दरबारहरू | | | | • संरक्षणमा सहयोग पुगेको हुने । |
| ३२५१११ | पुरातात्विक संरक्षण | | | | • पुरातात्विक महत्वका वस्तु र स्थलहरुको संरक्षण भएको हुने । |
| ३२५११३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | | | | • संस्कृतिको संरक्षण र प्रवर्द्धन भएको हुने । |

## विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | श्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | ५१०१५८३ | ३०४५०३ | ४७९६०८० | - | ५१०१५८३ | - | - |
| २०८०/८१ | ५१२४५४० | ३०५८७३ | ४८१८६६७ | - | ५१२४५४० | - | - |
| २०८१/८२ | ५६९७४६४ | ३४००७० | ५३५७३९४ | - | ५६९७४६४ | - | - |

## विषय क्षेत्रगत नतिजा सूचक तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण

| आ.व. २०७८/७९को संसोधित अनुमान | आ.व. २०७९/८० मा विनियोजित | | | वित्तीय व्यवस्थापन | आ.व. २०८०/८१ को प्रक्षेपण | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | वित्तीय व्यवस्थापन | समृद्धिका संवाहक | प्राथिकता क्रम | दिगो विकासको संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | कुल | | चालु | पुँजिगत | कुल | चालु | पुँजिगत | कुल | | | | | | |
| ३२०२८१ | १९४८०९ | ८१७७१ | २७६५८० | ० | २२४०३० | ९४०३७ | ३१८०६७ | २४६४३३ | १०३४४१ | ३४९८७४ | ० | ६ | १ | ४ | २ | ३ |
| ७७१० | ६४६५ | ४७० | ६९३५ | ० | ७४३४ | ५४१ | ७९७५ | ८१७८ | ५९५ | ८७७३ | ० | ६ | १ | ४ | २ | ३ |
| ३८३९३ | ३३१३० | १६८६ | ३४८१५ | ० | ३८०९९ | १९३८ | ४००३७ | ४१९०९ | २१३२ | ४४०४१ | ० | ६ | १ | ४ | २ | ३ |
| ३५०४२ | २८८४० | २५१७ | ३१३५७ | ० | ३३१६६ | २८९४ | ३६०६० | ३६४८३ | ३१८४ | ३९६६६ | ० | ६ | १ | ४ | २ | ३ |
| ४६७६९ | १४७८६ | १९९५३ | ३४७३९ | ० | १७००४ | २२९४६ | ३९९५० | १८७०५ | २५२४० | ४३९४५ | ० | ६ | १ | ११ | २ | ३ |
| ४०५९३ | ३६४९९ | ७५३ | ३७२५१ | ० | ४१९७३ | ८६६ | ४२८३९ | ४६१७१ | ९५२ | ४७१२३ | ० | ६ | १ | ४ | २ | ३ |
| १७२४३ | १०४१६ | ३८८१ | १४२९७ | ० | ११९७८ | ४४६३ | १६४४१ | १३१७६ | ४९०९ | १८०८५ | ० | ६ | १ | ४ | २ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२२६१ | १८२७८० | ५७०३७ | ४९७५३ | ६२५७९ | ४५२२६ | ४३९५२ | ५४४५८ | २२९९०० |
| १४४६१ | ३९७६९ | १६११५ | २०१२४ | २१७४८ | ३२६७८ | १८८४३ | ३८३१२ | ४४८०० |
| १०७८० | ९००३२ | २५६७६ | १८१५० | २५३२३ | ६४२९ | १५२८८ | ८४६७ | ११७६०० |
| २५२४१ | १२९८०१ | ४१७९१ | ३८२७४ | ४७०७१ | ३९१०७ | ३४१३१ | ४६७७९ | १६२४०० |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६६३१ | ४५७३४ | १८५३२ | २३१४३ | २५०१० | ३७५८० | २१६६९ | ४४०५९ | ५१५२० |
| १२३९७ | १०३५३७ | २९५२७ | २०८७२ | २९१२२ | ७३९३ | १७५८१ | ९७३७ | १३५२४० |
| २९०२८ | १४९२७१ | ४८०५९ | ४४०१५ | ५४१३२ | ४४९७३ | ३९२५१ | ५३७९६ | १८६७६० |
| १८२९४ | ५०३०८ | २०३८५ | २५४५७ | २७५११ | ४१३३८ | २३८३६ | ४८४६४ | ५६६७२ |
| १३६३७ | ११३८९० | ३२४८० | २२९५९ | ३२०३४ | ८१३२ | १९३३९ | १०७११ | १४८७६४ |
| ३१९३० | १६४१९८ | ५२८६५ | ४८४१६ | ५९५४५ | ४९४७० | ४३१७६ | ५९१७५ | २०५४३६ |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१४९२ | १४३४९ | ३८८१ | १८२३० | ० | १६५०२ | ४४६३ | २०९६५ | १८१५२ | ४९०९ | २३०६१ | ० | ६ | १ | ४ | २ | ३ |
| ६८४१२ | १९४७६ | ३०६९४ | ५०१६९ | ० | २२३९७ | ३५२९८ | ५७६९५ | २४६३७ | ३८८२७ | ६३४६४ | ० | ६ | १ | ४ | २ | ३ |
| ६०२४३ | १६६७५ | २७३६२ | ४४०३६ | ० | १९१७६ | ३१४६६ | ५०६४२ | २१०९३ | ३४६१२ | ५५७०६ | ० | ६ | १ | ४ | २ | ३ |
| ३८९११ | १७९२९ | १२६६२ | ३०५९१ | ० | २०६१८ | १४५६१ | ३५१७९ | २२६८० | १६०१७ | ३८६९७ | ० | ६ | १ | ४ | २ | ३ |
| ७११५९ | १५४६६ | ३५२८० | ५०७४६ | ० | १७७८६ | ४०५७२ | ५८३५८ | १९५६५ | ४४६२९ | ६४१९४ | ० | ६ | १ | ४ | २ | ३ |
| ११३०६० | १७०११ | ६१३४८ | ७८३५९ | ० | १९५६२ | ७०५५० | ९०११२ | २१५१८ | ७७६०५ | ९९१२४ | ० | ६ | १ | ४ | २ | ३ |
| | ६७२७०० | ६००००० | १२७२७०० | ० | ७७३६०४ | ६९०००१ | १४६३६०५ | ८५०९६५ | ७५९००१ | १६०९९६६ | ० | | १ | | २ | ३ |

**जोखिम पक्ष तथा अनुमान**

नीति तथा कानुन र कार्यविधिको व्यवस्था समयमै हुने, संघ र स्थानीय तहबीचको समन्वय हुने, योजना कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता हुने, कोभिड -१९ को सङ्क्रमण नियन्त्रणमा आएको हुने, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता आवश्यक मत्रामा भएको हुने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने अनुमान गरिएको छ। उल्लिखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

# ४.३ युवा तथा खेलकुद

## क. युवा

### पृष्ठभूमि

युवा विकास तथा परिचालनको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयन गरी युवाहरूको क्षमता विकास, सिर्जनशीलताको प्रवर्द्धन, सकारात्मक सोचको विकास, व्यवसायिकताको विकास, उद्यम तथा आयमा सुधार गर्नु आवश्यक छ ।

नेपालको संविधानमा भएको व्यवस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास एवम् प्रतिवद्धता एवम् दिगो विकास लक्ष्य आदिको कार्यान्वयवनको लागि नेपाल सरकारबाट पन्ध्रौं पञ्चवर्षीय योजना तथा गण्डकी प्रदेश सरकारबाट प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१) निर्माण भएका छन् । मध्यमकालीन खर्च संरचनाले यिनै योजना तथा आगामी वर्षको बार्षिक बजेटको वीचमा समञ्जस्यता कायम गर्न सहयोग पुऱ्याउनेछ ।

### चुनौती र अवसर

### चुनौती

सकारात्मक सोचको विकास र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, युवा लक्षित जीवनपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, स्वदेशमा रोजगारीका अवसरहरू बृद्धि गर्नु, वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, नीति निर्माण, योजना कार्यान्वयन तथा सामाजिक आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागिता वृद्धि गर्नु र युवामा स्ववयंसेवकीय संस्कृतिको विकास गर्नु युवा विकासका चुनौतीको रूपमा रहेका छन् ।

### अवसर

उपरोक्त चुनौतीहरूको साथमा सीपयुक्त जनशक्ति वृद्धि हुँदै जानु, विदेश गएर फर्किएका व्यक्तिहरू सीपसहित व्यवसायमा संलग्न हुनु, उद्यम तथा स्वरोजगारको चेतना वृद्धि हुनु, विभिन्न व्यवसायका नयाँ नयाँ अवधारणाहरू भित्रिनु युवा विकासको क्षेत्रका अवसरहरू हुन् ।

### सोच

युवा जनशक्तिको विकास समृद्ध प्रदेशको आधार ।

### उद्देश्य

क. युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्नु,

ख. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु,

### रणनीति

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गर्ने,
- युवामा सिर्जनशीलता, सकारात्मक सोच र नेतृत्व क्षमताको विकास गर्ने,
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने,
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने,
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने,
- नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने,
- युवामा स्वयम्सेवी र देश सेवाको सँस्कृति विकास गर्ने,
- युवाहरूको परिचालनबाट वातावरण संरक्षण, सरसफाई, स्वास्थ्य सचेतना, सार्वजनिक शिक्षा तथा विपद् व्यवस्थापनमा योगदान गर्ने,
- युवा क्लबहरूको गठन, प्रशिक्षण तथा परिचालन गर्ने,
- स्काउटको संरचनालाइ विकास र विस्तार गर्ने,
- युवाहरूलाई विज्ञान, खेलकुद तथा कला क्षेत्रमा आकर्षिक गर्ने,
- युवाहरूमा राष्ट्रप्रेम, देशभक्ति तथा नैतिकताको विकास गर्ने,
- नेपाली, संस्कृति, इतिहास र समग्र वस्तुस्थितिको बारेमा जानकार गराउने ।

## ख. खेलकुद विकास

### पृष्ठभूमि

खेलकुदको क्षेत्रमा पनि खेलाडी र प्रशिक्षकको व्यक्तिगत तथा व्यावसावयिक जीवनमा सुधार गर्नुपर्ने आवश्यकता छ। यिनै आवश्यकताको परिपूर्तिको क्रममा हाल प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली २०७८ जारी भै प्रदेश खेलकुद परिषद् समेत गठन भएर सञ्चालनमा आएको छ ।

नेपालको संविधानमा भएको व्यवस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास एवम् प्रतिवद्धता एवम् दिगो विकास लक्ष्य आदिको कार्यान्वयवनको लागि नेपाल सरकारबाट पन्ध्रौं पञ्चवर्षीय योजना तथा गण्डकी प्रदेश सरकारबाट प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१) निर्माण भएका छन् । मध्यमकालीन खर्च संरचनाले यिनै योजना तथा आगामी वर्षको वार्षिक बजेटको वीचमा समञ्जस्यता कायम गर्न सहयोग पुऱ्याउनेछ ।

### चुनौती र अवसर

सुविधा सम्पन्न स्तरीकृत खेलकुद पूर्वाधारहरूको विकास गर्नु, खेलाडी र प्रशिक्षकलाई समयसापेक्ष तालिम प्रदान गर्नु, निजी क्षेत्रलाई खेलकुदप्रति आकर्षिक गर्नु, खेलक्षेत्रमा आधुनिक प्रविधिहरू विकास गर्नु वा

भित्र्याउनु, खेलाडीहरूको व्यावसायिक सुरक्षा गर्नु तथा खेलकुद सम्बद्ध निकायहरूमा शासकीय, व्यवस्थापकीय क्षमता विकास गर्नु खेलकुद क्षेत्रका मुख्य चुनौती हुन् ।

खेलकुद क्षेत्रमा आम जनसमुदायको खेलप्रति रूचि र आकर्षण बढ्नु, खेलकुद पूर्वाधारहरूको विकास हुँदै जानु, निजी तथा सार्वजनिक क्षेत्रको चासो बढ्नु, व्यावसायिक खेल प्रतिष्ठानहरूको स्थापना हुनु, कतिपय खेलमा उल्लेख्य सुधार हुनु खेलकुद क्षेत्रका अवसरहरूको रूपमा रहेका छन् ।

## सोच

व्यावसायिक र प्रविधिमैत्री खेलकुदको विकास । (खेलकुद)

## उद्देश्य

- खेलकुद पूर्वाधारको विकास गर्नु,
- खेलाडीलाई स्वस्थ्य, अनशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु,
- प्रदेशलाई खेलकुद पर्यटनको केन्द्र बनाई विकासमा टेवा पुऱ्याउनु

## रणनीति

- संघ र स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने,
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- खेलकुद विकासमा आवद्ध निकाय/संघसंस्थाहरूको क्षमता विकास तथा संस्थागत सुशासन प्रवर्धन गर्ने,
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने,
- संघ र स्थानीय तहको सहकार्यमा समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्व स्थापित गर्दै सबै उमेर समूहका नागरिकलाई खेलकुदमा सहभागी गराउने ।
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने,
- खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय पहिचान तथा सम्मान बढाउने ।
- खेलाडी तथा खेलकर्मीहरुको पेशागत सुरक्षा तथा व्यावसायिक हितका कार्यक्रम ल्याउने,
- प्रदेशमा विशेष सम्भावना भएका खेलहरूको पहिचान गरी व्यवसायिक खेलाडी उत्पादन गर्ने ।
- खेल विज्ञानको पठन पाठन, खेल तालिम तथा अनुसन्धान केन्द्रहरू विकास तथा सञ्चालन गर्ने,
- उचित स्थलहरूमा स्तरीय खेल पूर्वाधारहरूको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरू आयोजना गर्ने,

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यहरू

## युवा

| सि.नं. | सूचकहरू | एकाई | आ.व. २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. | आ.व. | आ.व. |

| | | | | २०७९ /८० | २०८०/ ८१ | २०८१/ ८२ |
|---|---|---|---|---|---|---|
| १ | दिवस समारोह आयोजना | पटक | १ | १ | १ | १ |
| २ | सक्रिय उमेर समूहको अनुपात(१५ देखी माथि) | संख्या हजार | | | | |
| ३ | शिक्षा, रोजगार र तालिममा संलग्न नरहेको युवा (१५-२४) (हजारमा) | संख्या हजार | | | | |
| ४ | सामाजिक परिवर्तनमा युवा परिचालन | संख्या | ६५० | ८५० | ८५० | ८५० |
| ५ | प्रदेश विकास स्वयम्सेवक | जना | ११० | ९५ | ९५ | १२० |
| ६ | युवा उद्यमी | जना | | | ८५० | ८५० |
| ७ | युवा क्लब संख्या | संख्या | | | ८६ | ८६ |
| ८ | मार्गदर्शन/ परामर्श सेवा प्राप्त गरेका युवा | जना | | ११० | १५० | १५० |
| ९ | स्काउटमा आवद्ध युवा | जना | | | ८५० | ८५० |
| १० | सिर्जनशील युवा प्रोत्साहन/पुरस्कार | जना | | | ८६ | ८६ |

## खेलकुद विकास

| सि.नं. | सूचकहरू | एकाई | आ.व. २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | **आ.व. २०७९ /८०** | **आ.व. २०८०/८१** | **आ.व. २०८१/८२** |
| १ | जिल्लास्तरीय खेलकुद प्रतियोगिता | पटक | ११ | ११ | ११ | ११ |
| २ | प्रदेशस्तरीय प्रतियोगिता | पटक | १ | १ | १ | १ |
| ३ | राष्ट्रिय प्रतियोगिता | पटक | १ | १ | १ | १ |
| ४ | स्थानीयस्तर खेल मैदान निर्माण/सुधार | संख्या | २२६ | ८५ | ८५ | ८५ |
| ५ | खेलाडी प्रोत्साहन/पुरस्कार | संख्या | १० | २० | ३३ | ३३ |
| ६ | खेलाडी, प्रशिक्षक तथा निर्णायक अन्तरक्रिया/प्रशिक्षण | पटक | १ | १ | १ | १ |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

### युवा

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | उद्देश्य/पुस्टयाईं | आयोजना अवधि | लागत (रू लाखमा) पहिलो वर्ष | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३५१९११२२३ | दिवस समारोह आयोजना | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा सम्बन्धी दिवस मनाउने | २०७८/७९ - २०८०/८१ | ९ | • हरेक वर्ष अन्तर्राष्ट्रिय युवा दिवस (१२ अगष्ट) मनाइने<br>• विश्व स्वयम् सेवा दिवसमा युवा परिचालन भएको हुने,<br>• हरेक वर्ष युवासम्बन्धी विशेष दिवसमा सहभागिता तथा आयोजना भएको हुने । |
| ३५१९११२२३ | सामाजिक परिवर्तनमा युवा परिचालन | विभिन्न समसामयिक अभियानमा युवाहरूको परिचालन गर्ने | २०७८/७९ - २०८०/८१ | ६० | • सरसफाई, स्वस्थ्य सचेतना, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा युवाहरू परिचालन भएका हुने |
| ३५१०१००१३ | युवा उद्यमी अनुभव आदानप्रदान | अनुभव आदानप्रदान भई थप प्रेरणा तथा सीप विकास गर्ने | २०७८/७९ - २०८०/८१ | ५ | • विभिन्न क्षेत्रका युवा उद्यमीहरूको बीचमा अनुभव आदानप्रदान भएको हुने । |
| ३५१०१००१३ | प्रशिक्षण प्याकेज निर्माण/अद्यावधिक | युवा प्रशिक्षणमा आवश्यक प्याकेज निर्माण/ अद्यावधिक गर्ने | २०७८/७९ - २०८०/८१ | १० | • युवा प्रशिक्षणमा आवश्यक प्याकेज निर्माण/ अद्यावधिक भएको हुने, |
| ३५१०१००१३ | युवा क्लब प्रशिक्षण र परिचालन | युवा क्लब प्रशिक्षण र परिचालन | २०७८/७९ - २०८०/८१ | १० | • युवा क्लबहरू प्रशिक्षित भई परिचालन भएका हुने, |
| ३५१०१००१३ | स्काउट तालिम तथा परिचालन | स्काउट तालिम प्रदान गर्ने | २०७८/७९ - २०८०/८१ | १० | • स्काउट तालिमबाट प्रशिक्षित भएको हुने,<br>• विभिन्न सामाजिक कार्यमा स्काउट परिचालन हुने, |
| ३५१०१००१३ | व्यावसायिक तालिम प्राप्त युवा | युवाहरूलाई आत्मनिर्भर र उत्पादनशील बनाउँदै देशको आम्दानी बढाउने | २०७८/७९ - २०८०/८१ | ३० | • युवाहरूले छोटो अवधिका विभिन्न तालिमहरू प्राप्त गरेका हुने ।<br>• तालिमबाट सिकेका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सीपका आधारमा व्यवसाय तथा रोजगारीमा लागेका हुने । |
| | मार्गदर्शन र परामर्श सेवा | आवश्यक विषयमा मार्गदर्शन र परामर्श सेवा उपलब्ध गराउनु | सालबसाली | १० | • कुलतमा लागेका तथा विभिन्न हिसाबले जोखिममा रहेका युवाहरूलाई मार्गदर्शन र परामर्श सेवा उपलब्ध हुने। |
| | युवा वैज्ञानिक सम्मेलन सहभागिता/आयोजना | विज्ञान प्रविधिको विकास तथा युवा वैज्ञानिकलाई प्रोत्साहन गर्नु | सालबसाली | ५० | • युवाहरूमा लुकेर बसेका प्रतिभाहरूको प्रष्फुटन हुने।<br>• प्रविधिको अनुसन्धानमा लागेका तथा लाग्न चाहनेहरूलाई हौसला प्राप्त हुने । |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू (युवा)** | | | | | |
| ३५१९११२२३ | प्रदेश नमुना युवा संसद अभ्यास | पत्रकार, कृषक, वैज्ञानिक, अभियन्ता आदि युवाहरूको आपसी छलफल अन्तर्क्रिया | सालबसाली | ३२ | • विषयगत रूपमा युवाहरूको विचमा अनुभव आदान प्रदान हुने ।<br>सीप तथा ज्ञान र सोचको आदान प्रदान हुने जानकारी प्राप्त हुने । |
| ३५१९११२२३ | युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन | स्थानीय तहहरुलाई युवामैत्री बनाउनमा प्रोत्साहन गर्ने | सालबसाली | ८५ | प्रत्येक स्थानीय तहहरुलाई युवामैत्री बन्न प्रेरणा प्राप्त हुने । |
| ३५१९११२०३ | प्रदेश विकास स्वयम्सेवक | कृषि, पशु, स्वास्थ्य, शिक्षा | २०७८/७९ - | २०० | • प्रदेशका विभिन्न स्थानीय तहमा आवश्यकतानुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आदिमा स्वयम्सेवक परिचालन गर्ने | २०८०/८१ | | कृषि, पशु, स्वास्थ्य, शिक्षा आदिको सेवामा सुधार आई उत्पादन बढेको हुने ।<br>कृषक तथा अन्य स्थानीय तहमा क्षमता विकास हुने, |

## खेलकुद विकास

| ब.उ.शी.नं. | कार्यक्रम आयोजना | उद्देश्य/पुस्ट्याईं | आयोजना अवधि | लागत (रू लाखमा) (पहिलो वर्ष) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३५१०१००१३ | खेलकुद नीति नियम निर्माण/अद्यावधिक | नीति, नियम, निर्देशिका तथा कार्यविधि अद्यावधिक गर्नुपर्ने | सालबसाली | ५ | • खेलकुद ऐन तथा नियमावलीमा परिमार्जन भएको हुने ।<br>• निर्देशिका तथा कार्यविधि बनेर प्रयोग भएका हुने । |
| ३५१९११२१३ | राष्ट्रिय प्रतियोगिता | राष्ट्रिय प्रतियोगितामा सहभागी हुनु तथा आयोजना गर्नु | सालबसाली | १५० | • हरेक वर्ष राष्ट्रिय प्रतियोगितामा सहभागी हुने तथा प्रादेशिक क्रममा आयोजना गरिएको हुने |
| ३५१०१००१४ | गाउँपालिका स्तरीय मैदान निर्माण/सुधार | गाउँपालिका स्तरीय मैदान निर्माण/सुधार गर्नु | सालबसाली | १५० | • गाउँपालिका स्तरीय ४० वटा मैदान निर्माण/सुधार भएका हुने |
| ३५१०१००१४ | नगरपालिका स्तरीय रङ्गशालन निर्माण/सुधार | नगरपालिका स्तरीय रङ्गशालन निर्माण/सुधार गर्नु | सालबसाली | १०० | १५ वटा नगरपालिका स्तरीय रङ्गशालन निर्माण/सुधार भएका हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५१०१००१४ | अन्य खेलमैदान मर्मत सुधार | प्रदेशमा रहेका अन्य विभिन्न खेलमैदान मर्मत सुधार गर्नु | सालबसाली | १०० | प्रदेशमा रहेका अन्य २० वटा विभिन्न खेलमैदान मर्मत सुधार भएको हुने |
| ३५१०१००१३ | खेलाडी प्रोत्साहन/पुरस्कार | उत्कृष्ट खेलाडीहरूको प्रोत्साहन/पुरस्कार गर्नु | सालबसाली | ५० | १०० जना उत्कृष्ट खेलाडीहरूको प्रोत्साहन/पुरस्कार गरिएको हुने, |
| ३५१०१००१३ | खेलाडी, प्रशिक्षक तथा निर्णायक अन्तरक्रिया | खेलाडी, प्रशिक्षक तथा निर्णायकरूको अन्तरक्रिया गर्नु | सालबसाली | ५ | ३०० जना खेलाडी, प्रशिक्षक तथा निर्णायकरूको छलफल अन्तरक्रिया भएको हुने |
| **नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू (खेलकुद)** | | | | | |
| ३५१९११२१३ | जिल्लास्तरीय खेलकुद प्रतियोगिता | जिल्लास्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नु | सालबसाली | ५५ | प्रत्येक जिल्लामा हरेक वर्ष जिल्लास्तरीय प्रतियोगिता आयोजना भएको हुने |
| ३५१९११२१३ | प्रदेशस्तरीय प्रतियोगिता | प्रदेशस्तरीय प्रतियोगिता आयोजना गर्नु | सालबसाली | ४० | हरेक वर्ष प्रदेशस्तरीय प्रतियोगिता आयोजना भएको हुने |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियवजन र प्रक्षेपण(रकम रु.हजारमा) | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | २९९६४० | १९२५०० | १००००० | - | २९९६४० | - | - |
| २०८०/८१ | ३२९६०४ | २११७५० | ११०००० | - | ३२९६०४ | - | - |
| २०८१/८२ | ३५९५६८ | २३१००० | १२०००० | - | ३५९५६८ | - | - |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण

**रकम रु.हजार**

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | आ.व. २०७८/७९ को संसोधित अनुमान | आ.व. २०७९/८० को विनियोजन | | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३५१०१००१३ /१४ | युवा तथा खेलकुद मन्त्रालय | २१४६३० | २२४६४० | १६४६४० | ६०००० | - | २४७७०४ | १८१७०४ | ६६००० | - | २७१८१५ | १९९२१५ | ७२६०० | - | ३ | २ | ४ | ३ | ३ |
| ३५१०३००२३ /२४ | गण्डकी प्रदेश खेलकुद परिषद | ७२६१२ | ७५००० | ३५००० | ४०००० | | ७९८७५ | ३८५०० | ४५००० | | ८७८६३ | ४२३५० | ४८४०० | | ३ | २ | ४ | ३ | ३ |

## जोखिम तथा अनुमान

कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था र अन्तर्गत निकायको संगठन संरचना सुदृढीकरण र जनशक्तिको क्षमता अभिवृद्धि नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

## ५.१ सडक, सडक पुल र झोलुङ्गे पुल

### पृष्ठभूमि

सडक विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलव्ध गराउदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्याउन उल्लेखनीय योगदान गर्दछ । सडक संजाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमासे आवतजावतको प्रत्याभूति गराउँदछ । दुर्गम गाउँबस्तीमा पहुँच पुर्याउन झोलुंगे पुलको योगदान महत्वपूर्ण रहेको हुन्छ । गण्डकी प्रदेशलाई पृथ्वी राजमार्ग (कास्की, तनहुँ), सिद्धार्थ राजमार्ग (कास्की, स्याङ्जा), पूर्व पश्चिम राजमार्ग (नवलपुर) र मध्यपहाडी राजमार्ग (गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, बाग्लुङ) गरी जम्मा ३९२ कि.मि. लम्बाईका राजमार्गले छोएको छ | भौतिक पूर्वाधारका हिसाबले गण्डकी प्रदेश भित्र निर्माण भैसकेका र निर्माणाधीन पक्की सडक ६४१ किमि, ग्राभेल सडक ४१२ किमि र धुले सडक २८९ किमि गरी कुल १३४२ किमि सडक रहेको छ । कुल सडकको आधारमा सडकको घनत्व प्रति वर्ग किमि ०.०६ किमि रहेको छ । दिगो र भरपर्दो प्रकारको सडक, पुल तथा अन्य यातायात पूर्वाधारको विकासले अन्तरआवद्धता विकास मार्फत दिगो विकास लक्ष्य नम्बर ९ अनुसारको आर्थिक विकास र नागरिकको जनजीवन सहज बनाउने कार्यमा सहयोग पुग्दछ ।

### चुनौती र अवसर

#### चुनौती

चुनौतीपूर्ण भौगोलिक तथा भौगर्भिक अवस्था बीच आर्थिक र सामाजिक गतिविधिलाई गतिशील बनाउन योगदान गर्न सक्ने सडक संजाल पहिचान गरी निर्माण गर्नु, सिमित लगानीमा उपयुक्त प्रविधिको प्रयोग गर्दै गुणस्तरीय सडक निर्माण गर्नु, साना तिना आयोजनामा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, व्यापार, ब्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गरी यातायात पूर्वाधार निर्माणलाई प्रभावकारी बनाउनु, सडक निर्माणलाई ज्येष्ठ नागरिक, बालबालिका तथा अपांग मैत्री बनाउनु, दुर्गम गाउँ बस्तीमा आवश्यकताका आधारमा झोलुङ्गे पुल निर्माण गरी आवतजावतको पहुँच पुर्याउनु, प्रदेश केन्द्र पोखरा र राष्ट्रिय तथा अन्तराष्ट्रिय ब्यावसायिक र व्यापारिक केन्द्रलाई रेल मार्गले जोड्नु, सडक खण्डलाई छोटो बनाई यात्रा अवधि घटाउन उल्लेखनीय योगदान गर्न सक्ने सुरुङ्ग मार्गहरू पहिचान गरी निर्माण गर्नु, जल यातायातको थप सम्भावना पहिचान गरी ब्यवस्थित बनाउदै लैजानु, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय वस्तुहरूको प्रवर्द्धन गरी पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

#### अवसर

सडक, रेल, हबाई यातायात र केबलकारको निर्माण, संरक्षण तथा व्यवस्थापनमा तिनै तहका सरकारको जिम्मेवारी थप स्पष्ट हुदै जानु, सडक निर्माणमा स्थानीय तह, प्रदेश र संघ सरकार बीचको साझेदारी थप मजबुद र बलियो हुदै जानु, प्रदेश सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, ठूला यातायात पूर्वाधार निर्माणमा निजी

तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो थप बढ्दै जानु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक प्रदेशगत संरचनाको बलियो आधार निर्माण हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् । त्यसैगरी, केही वर्ष भित्रमा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा स्तरीय सडक, स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक र अन्य रणनीतिक एवम प्रादेशिक सडकहरुको निर्माणबाट प्रदेशको आर्थिक-सामाजिक सूचकहरूमा धेरै सुधार हुनगई जीवनस्तरमा सुधार र आर्थिक क्रियाकलापहरु बढ्न जाने अवसर छ।

## सोच

- द्रुत सामाजिक–आर्थिक विकास र समृद्धिको आधार, यातायात पूर्वाधार ।

## लक्ष्य

- गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक–आर्थिक अवसरहरूमा नागरिकहरूको पहुँच वृद्धि गर्ने ।

## उद्देश्य

- दिगो, भरपर्दो, सुरक्षित, वातावारणमैत्री र कम खर्चिलो सडक, हवाईमार्ग र रेल मार्गको संजाल विस्तार गर्नु ।
- सडक, हवाईमार्ग र रेलमार्ग जस्ता यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावतको व्यवस्था मिलाउनु ।

## रणनीति

- प्रदेशको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक संजाल सुदृढ गर्ने ।
- छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने ।

## क्षेत्रगत विषय नतिजा लक्ष्य र सूचक

| सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य २०७९/८० | मध्यमकालीन लक्ष्य २०८०/८१ | मध्यमकालीन लक्ष्य २०८१/८२ |
|---|---|---|---|---|---|---|
| कालोपत्रे | कि.मि. | २११.९ | १०४.२६ | २०० | २०० | २०० |
| ग्राभेल | कि.मि. | १५२.२७ | २००.१४ | १५० | १०० | १५० |
| माटे सडक | कि.मि. | ८८.७६ | ३५.१४ | १०० | १०० | १०० |
| आवधिक मर्मत संभार | कि.मि. | | | २०० | २०० | २०० |
| नियमित मर्मत संभार | कि.मि. | | | २०० | २०० | २०० |
| सडक पुल निर्माण | संख्या | १४ | २० | ५० | ५० | ५० |
| झोलुंगे पुल निर्माण | संख्या | २६ | १० | ३० | ३० | ३० |

## ५.२ शहरी विकास तथा  ग्रामीण विकास

### पृष्ठभूमि

गण्डकी प्रदेश अन्तर्गत हाल १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् । प्रदेशको कुल क्षेत्रफल मध्ये १९.४ प्रतिशत क्षेत्रफल ओगटेको नगरपालिकाहरूमा ६१ प्रतिशत जनसंख्या बसोबास गर्दछन् । प्रदेशमा ६५.७१ प्रतिशत जनसंख्या नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने भए पनि कार्य पद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसंख्या ग्रामीण चरित्रको छ। प्रदेश भित्र तीब्र शहरीकरण हुँदै गैरहेको छ तर सोही अनुपातमा व्यवस्थित शहरीकरण हुन सकेको छैन। दिगो, सबल र समावेशी शहरी विकासका प्रयासहरुबाट दिगो विकास लक्ष्य नम्बर ११ हासिल गर्ने दिशामा अघि बढ्न सघाउ पुग्दछ ।

### चुनौती र अवसर

### चुनौती

शहरी पूर्वाधारको निर्माण पश्चात् शहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको  व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा स्वास्थ्यमा पहुँच पुर्याउनु, प्रत्येक शहरमा दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी पोखरा क्षेत्र वरिपरि केन्द्रित बसाईसराईको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु, सरकारी स्तरमा नयाँ शहर र स्याटलाइट सिटीको निर्माण गर्नु आदि शहरी विकास क्षेत्रका चुनौतीहरू हुन् । ग्रामीण विकास योजना निर्माण गरी योजनाबद्ध विकास तथा निर्माण गर्नु, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको  व्यवस्थापन गर्नु, ग्रामीण क्षेत्रमा रहेका सक्रिय जनसंख्यालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, ग्रामीण पहिचान तथा वातावरणको जगेर्ना गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

शहरी विकास तीनै तहको सरकारको प्राथमिकता पर्नु, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाईसराई बढ्नु, एकीकृत शहरी विकास प्रति निजी क्षेत्रको आकर्षण बढ्नु, ग्रामीण तथा शहर क्षेत्रहरूमा योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, प्रदेशमा सडक संजालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### सोच

- समृद्धिको आधार, सन्तुलित र समन्वयायिक शहरी विकास ।
- ग्रामीण क्षेत्रको विकास, दिगो सामाजिक–आर्थिक विकासको आधार।
- दिगो विकासका लागि गुणस्तरीय आवास तथा वस्ती विकास ।

### लक्ष्य

- दिगो विकासका लागि गुणस्तरीय आवास तथा बस्ती विकास।

- सन्तुलित र दिगो सामाजिक आर्थिक विकासको लागि ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारको निर्माण, आयआर्जन तथा रोजगार वृद्धि गर्ने ।

**उद्देश्य**

- स्थानीय तहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेको क्षेत्रको आसपास तथा विकास अक्षको (Growth Axis) विकास वरिपरि व्यवस्थित शहर विकास गर्नु ।
- आधारभूत भौतिक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरी शहरहरूको विकास तथा स्तरोन्नति गर्नु ।
- शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका घरपरिवारको व्यवस्थापन गर्नु।
- ग्रामीण क्षेत्रमा आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु ।
- ग्रामीण वातावरण तथा पहिचानको संरक्षण गर्नु ।

**रणनीति**

- प्रदेशमा सन्तुलित विकासको लागि सडक यातायातको समानान्तर विकास अक्षको वरिपरि व्यवस्थित शहर विकास गर्ने ।
- प्रदेशगत शहरी विकास तथा व्यवस्थापन हेर्ने संरचनामा सुधार गर्ने ।
- प्रदेशको विकास अक्ष (रणनीतिक सडक, हवाई मार्ग तथा नाकाहरूको संजालले छोएको क्षेत्र) लाई केन्द्रमा राखेर नयाँ शहरहरूको विकास गर्ने ।
- ग्रामीण वातावरण संरक्षण गर्ने ।

**क्षेत्रगत विषय नतिजा लक्ष्य र सूचक**

| सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य २०७९/८० | मध्यमकालीन लक्ष्य २०८०/८१ | मध्यमकालीन लक्ष्य २०८१/८२ |
|---|---|---|---|---|---|---|
| शहरी नगरपालिकामा बस्ने जनसङ्ख्या | प्रतिशत | ६१.२ | ६५.७१ | ७१ | ७३ | ७५ |
| खर परालले छाएको कच्ची घरमा बस्ने जनसङ्ख्या | प्रतिशत | १०.७७ | | ७ | ६ | ५ |
| सिमेन्ट,इट्टा तथा आर.सि.सि बटा निर्माण भएको पक्की घरमा बस्ने जनसङ्ख्या | प्रतिशत | २७.२ | | ३१ | ३३ | ३४ |
| आफ्नो घर भएका परिवार | प्रतिशत | ८१.८४ | | ८५ | ८७ | |
| सरकारी कार्यालय भवन निर्माण | संख्या | | १ | ३ | ४ | ४ |
| जनता आवास योजना अन्तर्गत निर्मित आवास एकाई | संख्या | ३२० | २३० | ५०० | | |
| पूर्वाधार सहितको नमुना एकीकृत बस्ती विकास | संख्या | | | | | |
| सभाहल निर्माण | संख्या | ५ | ३ | ५ | | |
| सामुदायिक भवन निर्माण | संख्या | ११ | १ | २ | ३ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्मार्ट सिटीका रूपमा शहरहरूलाई विकास | संख्या | | | ५ | ६ | ६ |
| बसपार्क निर्माण | गोटा | | | १ | २ | २ |
| नमुना एकीकृत बस्ति विकास | संख्या | | | २ | १ | १ |
| वडा केन्द्रमा भौतिक पूर्वाधार विकास | संख्या | | ६ | ८ | १० | १२ |

**द्रष्टव्यः** (गण्डकी प्रदेश, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको आवास, भवन र शहरी विकासका मात्र)

## ५.३ भवन निर्माण

### पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, बातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

### चुनौती र अवसर

### चुनौती

भौगोलिक हिसाबले विकट र विपदको उच्च जोखिममा रहेका घरपरिवारको लागि भूउपयोगमा आधारित एकीकृत आवास तथा बस्ती विकास गर्नु, शहरी क्षेत्रमा अनाधिकृत रुपमा बसोबास गर्ने घरपरिवारको स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीको उच्चतम प्रयोग गरी किफायती र सुरक्षित आवास निर्माण गर्नु, गरिवीको रेखामुनी रहेका पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई सामूहिक, सुरक्षित वातावारण मैत्री, न्यून लागतयुक्त आवासको व्यवस्थापन गर्नु, विकसित भैसकेको बस्तीहरूलाई भूउपयोग नीतिको आधारमा वर्गीकरण गरी व्यवस्थापन गर्नु, प्रादेशिक भूउपयोग नीति निर्माण गरी आवास तथा बस्तीहरूको दिगो  व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

भौगोलिक अवस्था र बस्तीको असमान वितरणलाई एकीकृत गर्न एकीकृत कार्यमूलक योजना मार्फत् बस्ती विकास कार्यक्रम सञ्चालन हुनु, विकट र विपद्को उच्च जोखिममा रहेका गरिब, न्यून आय भएका परिवारको लागि जनताको लागि न्यून लागतका आवास कार्यक्रम सञ्चालन हुनु, अति सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम सञ्चालन हुनु, एकीकृत जग्गा विकास तथा एकीकृत कार्यमूलक योजनामा स्थानीय तह तथा समुदायको चासो बढ्नु बस्ती तथा आवास निर्माणमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु, भूउपयोग नीति अनुसार विभिन्न मापदण्ड लागू गर्न तिनै तहका सरकारको चासो रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### सोच

- गुणस्तरीय, सुरक्षित र सुविधायुक्त भवन निर्माण ।

### लक्ष्य

- सुरक्षित,  किफायती र वातावारणमैत्री पहिचानयुक्त भवन निर्माण ।

- गुणस्तरीय, सुरक्षित र सुविधायुक्त भवन निर्माण गर्ने।

**उद्देश्य**

- स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु।
- एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गर्नु ।

**रणनीति**

- स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने ।
- सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन सरकारी भवनहरूको एकीकृत रुपमा डिजाइन र निर्माण गर्ने ।
- पुराना सरकारी भवनहरूलाई स्तरोन्नति गरी थप कार्यमूलक बनाउने ।

**क्षेत्रगत विषय नतिजा लक्ष्य र सूचक**

| सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य २०७९/८० | मध्यमकालीन लक्ष्य २०८०/८१ | मध्यमकालीन लक्ष्य २०८१/८२ |
|---|---|---|---|---|---|---|
| भवन निर्माण नीति निर्माण | संख्या | | | १ | | |
| पहिचानयुक्त प्रादेशिक सरकारी भवन निर्माण | संख्या | | १ | ३ | ४ | ४ |
| प्रादेशिक सरकारी भवन मर्मत संभार तथा निर्माण संरचनागत सुधार | संख्या | १० | १२ | २० | २५ | २० |
| पहिचानयुक्त एकीकृत प्रादेशिक सरकारी भवन निर्माण | संख्या | | | २ | २ | २ |

## ५.४ यातायात व्यवस्था

### पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ६ मा यातायात व्यवस्थापन प्रदेश सरकार मातहत रहने प्रावधान अनुरुप यातायात व्यवस्था तथा सेवा कार्यालयहरू प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमा हस्तान्तरण भएका छन् । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक संजाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदूषणरहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने आवश्यकता छ ।

### चुनौती र अवसर

### चुनौती

नयाँ प्रविधिमा आधारित ड्राइभिङ लाइसेन्स, नम्बर प्लेट र प्रदूषण मापनयन्त्रको प्रभावकारी प्रयोग गर्नु, गुणस्तरीय मास ट्रान्सपोर्टको व्यवस्था गरी साना निजी सवारी साधन प्रयोग कम गराउनु, अपांग मैत्री यातायात प्रणालीको

विकास गर्नु, सडक दुर्घटना न्यूनीकरण गर्नु, प्रदूषण नियन्त्रणको अनुगमन प्रभावकारी बनाउनु, सडक सुरक्षा लगाएत नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु, वैज्ञानिक भाडा दरको व्यवस्था गर्नु, कर तथा दस्तुर काउन्टरहरूको अटोमेसन गर्नु, मुख्य नाकाहरूबाट प्रदेश छिर्ने सवारी साधनहरूको अनुगमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

यातायात क्षेत्रमा विद्युतीय सवारी साधनको चर्चा सुरुहुनु, निजी तथा बैङ्किङ्ग क्षेत्रको लगानी वृद्धि हुदै जानु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, मास ट्रान्सपोर्टको आवश्यकता थप महसुस हुदै जानु, विश्वब्यापी रुपमा प्रदूषणरहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्द जानु, अपांग मैत्री सडक निर्माणमा तिनै तहका सरकार प्रतिबद्ध रहनु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा तिनै तहका सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

**सोच**

- प्रभावकारी यातायात व्यवस्थापन गतिशील समाज विकासको आधार ।

**लक्ष्य**

- यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।

**उद्देश्य**

- किफायती, सुरक्षित, प्रदूषणरहित, सुविधा सम्पन्न, प्रतिस्पर्धी र प्रभावकारी यातायात प्रणालीको विकास गर्नु।

**रणनीति**

- प्रदेश अन्तर्गतका यातायात सेवा कार्यालयहरूको सुदृढीकरण गर्ने ।
- वातावरणमैत्री मास ट्रान्सपोर्टका सवारी साधनको उपभोगमा जोड दिने ।
- सार्वजनिक यातायातका साधनको वैज्ञानिक भाडा दर कायम गर्ने ।
- प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यून गर्ने ।

क्षेत्रगत विषय नतिजा लक्ष्य र सूचक

| प्रणाली कोड | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य २०७९/८० | मध्यमकालीन लक्ष्य २०८०/८१ | मध्यमकालीन लक्ष्य २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| १०३९ | यातायात कार्यालय | संख्या | ३ यातायात व्यवस्था कार्यालयहरु तथा ४ यातायात शाखा | ४ यातायात व्यवस्था कार्यालयहरु तथा ३ जिल्लामा यातायात शाखा | ४ यातायात व्यवस्था कार्यालयहरुलाई विस्तार गरी २ पांग्रे र ४ पांग्रे सवारी कार्यालयको रुपमा विस्तार गरिने | | |
| १०४० | VRS प्रणालीमा आवद्ध सवारी कार्यालयहरु | संख्या | ३ यातायात व्यवस्था कार्यालयहरु तथा ४ यातायात शाखा | ४ यातायात व्यवस्था कार्यालयहरु तथा ३ जिल्लामा यातायात शाखा | | | |
| १०४१ | ट्राफिक चिन्ह र संकेत राखिएका सडक | संख्या | | | | | |
| १०४२ | सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड वितरण) | संख्या | ५०००० | ३३००० | १००००० | | |
| १०४३ | इम्बोस्ड नम्बर प्लेट वितरण | संख्या | | सार्वजनिक, निजी र सरकारी गरी २०० बढीमा जडान गरीने । | सार्वजनिक, निजी र सरकारी गरी ५००० बढीमा जडान गरीने । | | |
| १०४४ | सवारी साधन दर्ता (दुइ पाङ्ग्रे) | संख्या | ४५०९१ | १८००० | २०००० | २२००० | २३००० |
| १०४५ | सवारी साधन दर्ता (चार पाङ्ग्रे) | संख्या | ४००४ | ३८०० | ४००० | ४२०० | ४५०० |
| १०४६ | सवारी साधन राजश्व | रकम रु हजारमा | | २०००००० | ३०००००० | ३५००००० | ५०००००० |

**कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

**सडक. सडक पुल र झोलुङ्गे पुल**

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याई | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम | समानुपातिक रूपमा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक वटा सडक हुने गरी प्रदेश राजधानी र स्थानीय तहका केन्द्र जोड्ने सडकको निर्माण, स्तरोन्नति तथा कालोपत्रे | आ.व. २०७६/७७ देखि शुरु भएको | ९३८५८१४ | • यस कार्यक्रम अन्तर्गत ३६ निर्वाचन क्षेत्रमा सडक निर्माण गर्ने निर्माणाधीन सडकको कुल ३५०.८० कि.मि. कालोपत्रे,३४.१३ कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति हुने।<br>• निर्मित सडकको आवश्यकता अनुसार मर्मत भएको हुने।<br>• प्रादेशिक यातायात गुरुयोजना निर्माण गरी निर्माण सम्पन्न भएका सडकको नियमित तथा आवधिक मर्मत तथा स्तरोन्नति गर्दै यातायात पहुँचमा सुधार गरी समग्र प्रदेशको आर्थिक सामाजिक विकास गर्ने। |
| ३३७०१०१२ | स्थानीय तहको केन्द्र जोड्ने सडक कार्यक्रम | स्थानीय तहको केन्द्र जोड्ने गरी सडक संजाल विस्तार | आ.व. २०७६/७७ देखि शुरु भएको | २५०५५७० | • प्रदेश राजधानीसँग सबैभन्दा छोटो दुरीमा स्थानीय तहका केन्द्र जोड्ने सडकलाई पहिचान सहित प्राथमिकता दिइएको हुने।<br>• स्थानीय तहको केन्द्र जोड्ने सडक लाइ उपलब्ध स्रोत र साधनको अधिनमा रही स्तरोन्नति गर्ने। सबै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्ने।<br>• यस कार्यक्रम अन्तर्गत ११ वटा सडक आयोजनाको कुल ९७ किमी कालोपत्रे सडक स्तरमा स्तरोन्नति हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | प्रादेशिक सडक क वर्ग कार्यक्रम | बढी भन्दा बढी स्थानीय तह तथा जिल्ला जोड्ने गरी प्रादेशिक लोकमार्ग सञ्जाल विकास तथा विस्तार | आ.व. २०७६/७७ देखि शुरु भएको | २२३२०९६ | • यस कार्यक्रम अन्तर्गत १० वटा सडकको कुल ९०.५० कि.मि.कालोपत्रे र २५.६० कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति हुने ।<br>• सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिएको, ग्रेड मिलाइएको, नाली निर्माण गरिएको र स्ट्रकचर निर्माण गरिएको हुने।<br>• सडकको सतह धुलेबाट क्रमशः ग्राभेल हुँदै कालोपत्रे गरिएको हुने।<br>• निर्मित सडकको आवश्यकता अनुसार मर्मत भएको हुने।<br>• सडक सुरक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने। |
| ३३७०१०१२ | प्रादेशिक सडक ख वर्ग कार्यक्रम | प्रदेश राजधानीसँग सबैभन्दा छोटो दुरीमा स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माणलाई प्राथमिकता दिई सडक सञ्जाल विकास तथा विस्तार | आ.व. २०७६/७७ देखि शुरु भएको | २०१७६२४ | • यस कार्यक्रम अन्तर्गत १३ वटा सडकको कुल ३९.६ कि.मि.कालोपत्रे र १९ कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति गर्नहुने।<br>• सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिएको, ग्रेड मिलाइएको, नाली निर्माण गरिएको र स्ट्रकचर निर्माण गरिएको हुने। |
| ३३७०१०१२ | प्रादेशिक सडक ग वर्ग कार्यक्रम | विभिन्न आर्थिक केन्द्र, पर्यटकीय केन्द्र, सेवा केन्द्र लगायतका विशेष क्षेत्रलाई जोड्ने गरी सडक सञ्जाल विकास तथा विस्तार | | ४४१८०० | • यस कार्यक्रम अन्तर्गत सडकको कुल ७.१ कि.मि.कालोपत्रे र १७ कि.मि. ग्राभेल सडक स्तरमा स्तरोन्नति गर्नविशेष क्षेत्र जोड्ने सडकको अध्ययन तथा पहिचान भएको हुने।<br>• पहिचान भएका आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने। |
| ३३७०१०१२ | शालिग्राम करिडोर (८० कि.मि.) (खण्डहरु) | | | १३०४०४६ | • बैडी घिरिङ्ग खण्ड (चेनेज ०+०० देखि २१+५६५), तनहुँ<br>• बैडी घिरिङ्ग खण्ड (चेनेज २१+५६५ देखि ३१+५६५), तनहुँ<br>• स्याङ्गजा खण्ड (मालुङ्गा बास्टारी रानीघाट रुद्रबेनी सेतिबेनी फलेबास-कुस्मा)<br>• दाशढुंगा - देउपुर सडक तनहुँ खण्ड<br>• बाँकी ४३ कि.मि. सडक |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७०१०१२ | पोखरा-डेडगाउँ-दुम्कीवास-त्रिवेणी सडक निर्माण आयोजना (खण्डहरु) | | | ६९८९०९ | • भिमाद- मानपुर<br>• मानपुर- डेढगाँउ<br>• डेढगाँउ- झ्यालबास<br>• झ्यालबास- चोरमारा<br>• दुम्कीवास-त्रिवेणी |
| ३३७०१०१२ | सडक पुल निर्माण तथा संभार कार्यक्रम | नयाँ सडक पुल पहिचान, निर्माण तथा मर्मत संभार | | ४८६७१६७ | • प्रदेशभित्र नयाँ सडक पुल पहिचान तथा प्राथमिकीकरण भएको हुने।<br>• प्राथमिकताका आधारमा विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने।<br>• २५० वटा सडक पुल निर्माण भएको हुने ।<br>• प्रदेशभित्रका सडक पुलको आवश्यकता अनुसार मर्मत भएको हुने।<br>• प्रादेशिक सडकमा पर्ने सडक पुलहरुको पहिचान गरी सडक पुल निर्माण ,मर्मत र प्रवलिकरण गर्ने<br>• स्तरोन्नति गरिएका सडकहरुमा पर्ने पुल पुलेसा निर्माण गरी सर्वायाम यातायात पहुँच सुधार गरिएको हुने । |
| ३३७०१०१२ | झोलुङ्गे पुल निर्माण तथा सुधार कार्यक्रम | सडक संजाल नपुगेका बस्तीहरूमा झोलुङ्गे पुल मार्फत् आवगमनमा सहजता | | ५८२८२९ | • सडक संजाल नपुगेका बस्तीहरूमा झोलुङ्गे पुलको आवश्यकता पहिचानको विस्तृत विवरण सहितको प्रतिवेदन तयार भएको हुने।<br>• प्राथमिकताका आधारमा विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने।<br>• २५० वटा झोलुङ्गे पुल निर्माण भएको हुने।<br>• निर्मित झोलुङ्गे पुलको नियमित मर्मतसम्भार भएको हुने।<br>• आवश्यकता पहिचान गरी झोलुङ्गे पुल निर्माणको कार्य सम्पन्न गरी निर्माण सम्पन्न भएका झो.पु. हरुको तथ्याङ्क व्यवस्थापन गरी मर्मत तथा संरक्षणको कार्यविधि बनाइ लागु गरिएको हुने। |
| **संघबाट शसर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३३७९ ११२० | बाग्लुङ-बेनी | सडक निर्माण तथा स्तरोन्नति | | १८५९०१ | • कल्भर्ट तथा नाली निर्माणको माध्यमबाट सतह पानी तथा भूमिगत पानीको व्यवस्थापन भएको हुने।<br>• सडकको सतह स्तरोन्नति भई |
| ३३७९ ११२१ | व्यास मार्ग - बुद्धसिंह मार्ग | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७९ ११२२ | मिर्दि-क्याक्मी-भिमाद | | | २९८०४१ | कालोपत्रे गरिएको हुने। |
| | पुतलीखेत-कार्कीनेटा-कुश्मा | | | | |
| | अन्य उत्तर दक्षिण सडकहरू | | | | |
| ३३७९ ११२३ | संभावित रणनीतिक सडकहरू | रणनीतिक महत्वका प्रादेशिक सडक सञ्जाल विकास तथा विस्तार | | ८४९६३० | • सबै सडकहरूलाई मापदण्ड अनुसार चौडा गरिएको, ग्रेड मिलाइएको, नाली निर्माण गरिएको र स्ट्रकचर निर्माण गरिएको हुने।<br>• सडकको सतह धुलेबाट क्रमशः ग्राभेल हुँदै कालोपत्रे गरिएको हुने।<br>• निर्मित सडकको आवश्यकतानुसार मर्मत भएको हुने।<br>• सबै प्रादेशिक महत्वको सडकहरुमा ट्राफिक चिन्ह लगायत रोड फर्निचर निर्माण तथा व्यवस्थापनको अवधारणा लागु गरिने । |
| ३३७९ ११२४ | सम्भावित प्रादेशिक सडकहरू | प्रादेशिक सडक सञ्जाल विकास तथा विस्तार | | ९९४७४८ | • प्राथमिकीकरणका आधारमा सडक सञ्जाललाई विस्तार गरिएको हुने।<br>• सडकको निर्माण तथा स्तरोन्नति भएको हुने। |
| | बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | | | | • राजमार्गमा शहरी चाप घट्नेछ<br>• बाढी, पहिरो, सडक मर्मत गर्दा यस सडकको प्रयोग हुनेछ |
| | ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ | | | | • |
| ३३७९ ११२७ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना | सडक पुल निर्माण गरी सर्बयम यातायात सञ्चालन गर्ने र जनताको जिबन स्तर उकास्न मद्दत गर्ने | | २८८१६२ | • सडक पुलहरूको निर्माण भएको अवस्था हुने र जसले गर्दा सामाजिक तथा आर्थिक विकासमा टेवा पुर्‍याउने। |
| ३३७९ ११२६ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | सडक संजालको पहुँच नपुगेका ग्रामीण भेगमा झो.पु को निर्माण बाट यातायात क्षेत्रमा टेवा | | | • गोरखामा १ ,स्याङ्गजामा १ र नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लामा २ वटा लामो प्रकृतिका थप झो.पु निर्माण सम्पन्न गरी जनताको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पुऱ्याउने | | | यातायातको पहुँच सुधार गर्ने। |

**यातायात व्यवस्था**

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याई | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरू | विभिन्न प्रकारका यातायात सवारीको दर्ता नवीकरण लगायतका कार्य सम्पादन साथै सवारी चालक अनुमति पत्र वितरण | सालबसाली | | • यातायात सवारीको दर्ता तथा नवीकरण लगायतका कार्य सम्पादन भएको हुने।<br>• सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट प्रदान गरिएको हुने।<br>• सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड वितरण) वितरण भएको हुने।<br>• यातायात व्यवस्था कार्यालयको संरचनाहरु तयार भई प्रविधी मैत्री हुने ।<br>• Online प्रणाली सहितको VRS सञ्चालन भएको हुने । |

**शहरी विकास**

| ब. उ. शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याई | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू. लाखमा) | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३३७०४०११ | आधारभूत शहरी सेवा कार्यक्रम | आधारभूत शहरी पूर्वाधार निर्माण | २०७५/७६ देखि २०८०/८१ | | १५० सामुदायिक भवन/बहुउदेशीय भवन निर्माण भएको हुने । नगरपालिका क्षेत्र भित्र २५ वटा सार्वजनिक शौचालय निर्माण भएको हुने |
| ३३७०४०११ | नयाँ बस्ति विकास र विस्तार कार्यक्रम | नयाँ बस्ति विकासका लागि आबश्यक पूर्वाधार निर्माण | | | ३ स्थानमा नयाँ बस्ति विकासका लागि आबश्यक पूर्वाधार (सडक, विद्युत, ढल,खानेपानी, खेलमैदान,खुला स्थान आदि) निर्माण भएको हुने |
| ३३७०४०११ | प्रादेशिक सरकारी भवन निर्माण | प्रादेशिक सरकारी कार्यालयको निर्माण | २०७५/७६ देखि २०८०/८१ | | ३ वटा प्रदेश स्तरीय सरकारी कार्यालयको भवन निर्माण हुने |
| ३३७०४०११ | सदरमुकाम मुख्य बजार पूर्वाधार निर्माण कार्यक्रम | स्याटलाइट सिटीको निर्माण | | | ६वटा सिटि स्याटलाइट सिटिको रुपमा बिकसित हुने |
| ३३७०४०११ | जग्गा विकास | भू उपयोग नीतिको | | | प्रदेश भित्र ६ वटा स्थानमा जग्गा |

| ब. उ. शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याई | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू. लाखमा) | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | कार्यक्रम | कार्यान्वयन | | | विकास कार्य हुने |
| **संघबाट शसर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३३७९११२५ | आवास ब्यवस्था कार्यक्रम | जनता आवास कार्यक्रम सञ्चालन | | | २००० निजी आवास निर्माण भएको हुने |
| ३३७०४०११ | एकीकृत बस्ती विकास कार्यक्रम | | | | एकीकृत बस्ती विकास गर्ने |
| ३३७०४०११ | सघन शहरी विकास कार्यक्रम | | | | शहरी पूर्वाधार विकास गर्ने |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजश्व वाडफाँड | आन्तरिक ऋण |
| **२०७९/८०** | १२९४०८७ | ३८८६९७ | १२५५२१ ५० | - | १२९४०८४७ | - | - |
| **२०८०/८१** | १२९९९०८१ | ३९०४४६ | १२६०८६ ३५ | - | १२९९९०८१ | - | - |
| **२०८१/८२** | १४४५२३७८ | ४३४०९८ | १४०१८२ ८० | - | १४४५२३७८ | - | - |

## आयोजनागत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | आ.व. २०७८/७९ को संसोधित अनुमान | आ.व. २०७९/८० को विनियोजन | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | | | | | |
| ३३७०००११ | भौतिक पूर्वाधार, शहरी विकास तथा | १४७८८ | ७३०२५ | ६५५२५ | ७५०० | ७७०५१ | ६८८०१ | ८२५० | ८१७२९ | ७२२४१ | ९४८८ | ५ | १ | ९ | १ | १ |
| ३३७०१०११ | पूर्वाधार विकास निर्देशनालय | ३४५४८६ | ५६५९४६ | २७७४६ | ५३८२०० | ६२११५३ | २९१३३ | ५९२०२० | ७११४१३ | ३०५९० | ६८०८२३ | ५ | १ | ९ | १ | १ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३७०१०१ | पूर्वाधार विकास कार्यालयहरु | ८४९१५३१ | ७६१०००९ | १८१४२९ | ७४२८५८० | ८३६१९३८ | १९०५०० | ८१७१४३८ | ९५९७१७९ | २०००२५ | ९३९७१५४ | ५ | १ | ९ | १ | १ |
| ३३७०४०१ | शहरी विकास तथा भवन | २०९२४६ | ३०१२७८ | ११००८ | २९०२७० | ३३०८५५ | ११५५८ | ३१९२९७ | ३७९३२८ | १२१३६ | ३६७१९२ | ५ | १ | ११ | १ | २ |
| ३३७०२०१ | यातायात व्यवस्था कार्यालयहरु | ५०१५० | १३१४६४ | १२१०१४ | १०४५० | १३८५६० | १२७०६५ | ११४९५ | १४६६३७ | १३३४१८ | १३२१९ | ५ | १ | ९ | १ | १ |
| **जम्मा** | | **९१११२०१** | **८६८१७२२** | **४०६७२२** | **८२७५०००** | **९५२९५५८** | **४२७०५८** | **९१०२५००** | **१०९१६२८६** | **४४८४११** | **१०४६७८७५** | | | | | |

**जोखिम पक्ष तथा अनुमान**

नेपाल सरकारबाट सशर्त अनुदानसहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, कर्मचारीको उपलब्धता रहने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने अनुमान गरिएको छ। साथै, हालै उत्पन्न विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको असर छिट्टै अन्त्य हुने र यसको कारण सृजित राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको संकुचनको असर छिट्टै अन्त्य हुने अनुमान गरिएको छ।साथै हालसालै निर्माण सामग्री र इन्धनको मूल्यमा भएको अत्यधिक मूल्यवृद्धिको कारणले गर्दा निर्माण कार्य तोकिएको समयमा सम्पन्न नहुने समेत जोखिम रहेको छ ।यसो नभएमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहेको छ।

## ५.४ उर्जा तथा जलस्रोत

### क. उर्जा

### पृष्ठभूमि

प्रदेश भित्र अपार जलस्रोतको उपलब्धता छ तर यसको समयानुकूल उपयोग हुन सकेको छैन। जलस्रोतलाई जलविद्युत, सिंचाइ, खानेपानी, औद्योगिक र पर्यटकीय प्रयोजनमा भरपुर उपयोग गरी प्रदेश समृद्धिको प्रमुख आधारको रुपमा स्थापित गर्नुपरेको छ | प्रदेशमा हाल सम्म ५९२ मे.वा. विद्युत् उत्पादन हुन्छ, आगामी ३ वर्ष भित्र थप १००० मे.वा. उत्पादन हुने गरी धेरै जलविद्युत योजनाहरु कार्यान्वयन भैरहेका छन् | प्रदेशमा राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युत सुविधामा पहुँच पुगेको घरधुरी ९२.७९ प्रतिशत छ भने नवीकरणीय उर्जा सहित बत्ती बाल्नलाई आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी ९९.२५ प्रतिशत पुगिसकेको छ र अझै ७ वटा जिल्लाको केही भागमा राष्ट्रिय विद्युत् प्रसारण लाइन पुग्न सकेको छैन। विद्युत वितरण सम्बन्धी पूर्वाधारको अभावले गर्दा प्रदेश भित्र औधोगिक प्रयोजनलाई चाहिने आवश्यक विद्युत सुविधा धेरै ठाउँमा उपलब्ध हुन सकेको छैन |
प्रदेश भित्रका र विभिन्न स्थानीय तहहरूको बिचको अन्तरसम्बन्धमा केन्द्रित हुने प्रादेशिक जलविद्युत तथा उर्जा जस्ता पूर्वाधारहरूको निर्माण गर्नुका साथै प्रदेश भित्रको अपार जलस्रोतको उपयोग गरी जल विद्युतलाई प्रदेशको समृद्धिको मूल आधार तय गर्नुपर्ने भएको छ। साथै, लगानीको उचित व्यवस्थापन गरी प्रदेश भरी औद्यौगिकीकरणका लागि चाहिने पर्याप्त विद्युत उत्पादन र प्रसारण संरचनाको निर्माण गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न, विद्युतको खपत बढाई पेट्रोलियम खपत घटाउनका लागि प्रदेशभर विद्युत प्रसारण र वितरणको भरपर्दो संजाल निर्माण गर्न आवश्यक छ | उपलव्ध जलस्रोतको समुचित प्रयोगबाट उर्जाको उत्पादन र बितरण हुने सकेमा दिगो विकास लक्ष्य नम्बर ७ अनुसार स्वच्छ उर्जामा पहुँच पुऱ्याउने लक्ष्य हासिल गर्न सहयोग पुग्दछ ।

### चुनौती र अवसर

### चुनौती

वित्तीय स्रोतको व्यवस्थापन प्रभावकारी बनाई जलस्रोतको संरक्षण, उपयोग र विकासको बढ्दो माग र आवश्यकतालाई व्यवस्थापन गर्नु, पूर्वाधारका कार्यक्रमलाई गुरूयोजना मार्फत् प्राथमिकतामा राखी कार्यान्वयनमा लैजानु, अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाई आयोजना निर्माणलाई गुणस्तरीय, दिगो, भरपर्दो र विश्वसनीय बनाउनु, विभिन्न आयोजनाहरूलाई विभिन्न निकायबीच समन्वय गरी समयमा नै सम्पन्न गर्न सक्नु, निर्मित भएका संरचनाहरूको मर्मत सम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोतसाधनको पर्याप्त व्यवस्था गर्नु, जलस्रोतको विकासको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षण गर्नु, पर्याप्त विद्युत उपलब्ध गराउनु प्रमुख चुनौती रहेका छन्। त्यसैगरी, पछिल्लो दुई वर्षमा विश्वव्यापी फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट अप्रत्यासित रुपमा विश्व अर्थतन्त्रमा संकुचन आएको अवस्थामा यस क्षेत्रमा भौतिक पूर्वाधार विकासमा चाहिने आवश्यक आर्थिक स्रोतको व्यवस्था मिलाउनु र विकास निर्माण कार्यमा देखिएको सुस्ततालाई पुरानै गतिमा फर्काउनु पनि उत्तिकै चुनौतीपूर्ण छ।

## अवसर

नयाँ राजनैतिक विकासक्रम र राज्य पुनर्संरचनाको विद्यमान माहोलले आमजनतामा उमङ्ग, आशा र उत्साह, अभिवृद्धि गर्नु, पूर्वाधार विकास र सेवा प्रवाहका अवसरमा बढोत्तरी हुनु, समावेशी, सन्तुलित एवम् अधिकारमा आधारित न्यायोचित विकासको प्रारम्भ गर्नु, लगानीमा प्रशस्त अवसर रहनु, वैदेशिक लागानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्रको लगानी बढ्दै जानु महत्वपूर्ण अवसरका रूपमा रहेका छन्।

त्यसैगरी, केही वर्ष भित्रमा विद्युतको बढ्दो उत्पादन, आवश्यक प्रशारण र वितरण संजाल निर्माण तथा स्तर उन्नति र भोल्टेज सुधार, बढ्दो विद्युत् खपत एवम् मर्स्याङ्गदी, काली गण्डकी र बुढी गण्डकी कोरिडोरमा बन्न जाने उच्च क्षमताका विद्युत् प्रसारण लाइन, पेट्रोलियम पदार्थलाई विद्युतबाट प्रतिस्थापन आदिबाट प्रदेशको आर्थिक-सामाजिक सूचकहरूमा धेरै सुधार हुन गई जीवनस्तरमा सुधार र आर्थिक क्रियाकलापहरु बढ्न जाने अवसर छ। कोरोना भाइरस (COVID-19) को संक्रमणको असरबाट विदेशिएका लाखौ युवाहरुको स्वदेश फिर्तीबाट कृषि र निर्माण क्षेत्रमा खड्केको  जनशक्तिको आपूर्तिको माग केही हदसम्म पुरा हुने अवसर सिर्जना भएको छ।

## सोच

- नवीनतम प्रविधिको उच्चतम प्रयोगबाट पूर्वाधार विकास गरी प्रदेशको दिगो विकास र समृद्धि।
- जलविद्युतको तीव्र विकास मार्फत् दिगो आर्थिक विकास र समृद्धि।
- विद्युतको खपत बढाई जीवनस्तर वृद्धि ।
- पेट्रोलियम पदार्थको खपत घटाई आयात प्रतिस्थापन ।
- नवीकरणीय उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण र घरेलु उद्योग सञ्चालन मार्फत रोजगार सिर्जना गर्नु ।

## लक्ष्य

- जलविद्युत् उत्पादन, प्रसारण र वितरण प्रणाली, नवीकरणीय उर्जाको प्रगोग प्रभावकारी बनाइ आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने।

## उद्देश्य

१. प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलविद्युत् आयोजनाहरू पहिचान र विकास गरी उर्जा सुरक्षामा योगदान पुऱ्याउनु र दिगो अर्थतन्त्रको आधारशिला निर्माण गर्नु ।
२. विद्युत् खपत बढाई पेट्रोलियम खपत घटाउने |
३. विद्युत् व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।
५. सबै घरधुरीमा विद्युत सुविधा पुऱ्याउने |
६. जीर्ण काठे पोल प्रतिस्थापन कार्य |
४. जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्नु ।

**नवीकरणीय उर्जा**

१. नवीकरणीय उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण र घरेलु उद्योग सञ्चालन गरी रोजगार सिर्जना गर्नु ।
२. नवीकरणीय उर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र सामवेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु।
३. खाना पकाउन नवीकरणीय उर्जाको प्रयोग वृद्धि गर्नु ।
४. खेर गैरहेका फोहोरजन्य वस्तुबाट उर्जा उत्पादन गरी फोहोरमैला व्यवस्थापन र आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु।

## विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक

| क्र.सं. | सूचक | एकाई | आ.व. २०७८/७९ सम्मको उपलब्धि | मध्यकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | जलविद्युत उत्पादन क्षमता | मे.वा | ५९२ | ६८१ | ७२५ | ७७५ | ने. वि. प्रा को सूचकसँग सम्बन्धित |
| २ | रास्ट्रीय विद्युत प्रसारण लाइनबाट विद्युत पहुँच पुगेको जनसंख्या | % | ९२.७९ | ९३.२९ | १०० | १०० | |
| ३ | बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी | % | ६.४६ | ६.७१ | | | |
| ४ | काठे पोल प्रतिस्थापन | वटा | ३०४८१ | | | | |
| ५ | प्रति व्यक्ति विद्युत खपत | कि.वा.घ | २१६ | २४८ | २६४ | २८३ | ने. वि. प्रा को सूचकसँग सम्बन्धित |
| ६ | लघु तथा साना जलविद्युत आयोजना मर्मत | संख्या | ६९ | ८७ | ९९ | ११५ | |
| ७ | घरेलु सौर्य उर्जा प्रविधि जडान | घरधुरी | १२०५ | १५५५ | १६५५ | २४२० | |
| ८ | संस्थागत सौर्य उर्जा जडान | कि.वा | १३४ | १७९ | २२९ | ४०४ | |
| ९ | संथागत बायोग्यास प्लान्ट जडान | वटा | १ | - | - | - | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

### ऊर्जा

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्यईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | विद्युत् विस्तार कार्यक्रम | विद्युत सेवाको विस्तार तथा वितरण मार्फत् उज्यालो प्रदेश निर्माण | सुरु २०७५/७६ समाप्ति | ७५०० | थप आठ हजार जनसङख्यालाई राष्ट्रिय प्रसारण मार्फत विद्युत सेवा उपलब्ध भएको हुने। |

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्यईं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | | | २०७८/७९ | | |
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम | नवीकरणीय उर्जा प्रविधि मार्फत् उज्यालो प्रदेश निर्माण | सुरु २०७५/७६ | ६०० | ३०० कि.वा. सौर्य उर्जा प्रविधि जडान हुने |
| ३४००१००१<br>३४००३००१<br>३४००३००२ | घरेलु सौर्य उर्जा प्रविधि जडान | राष्ट्रिय प्रसारण लाइन नपुगेको स्थानमा बत्ती बाल्नको लागि बिधुत सेवा पुर्याउन | सुरु २०७५/७६ समाप्ति २०७८/७९ | १०० | बागलुङ र गोरखा जिल्लाका ४०० घरधुरीमा घरेलु सौर्य उर्जा प्रविधि जडान गरेको हुने |
| **संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३०८००१०४ | राष्ट्रियग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | नवीकरणीय उर्जाको पहुँच वृद्धि | सुरु २०७५/७६ | ३०० | बायोग्यााँस जडान, सौर्य उर्जा, लघु तथा साना जलविद्युत् आयोजना मर्मत गर्ने प्रदान गरी नवीकरणीय उर्जामा पहुँच वृद्धि भएको हुने। |

**कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तिन वर्षको उपलब्धि सूचक र आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ**

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याइं | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व. २०७९/२०८०मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| **प्रदेश अन्तर्गतका कार्यक्रम** | | | | |
| ३४००१००१/<br>३४००३००१/<br>३४००३००२ | विद्युत् विस्तार कार्यक्रम | १) हालसम्म विद्युत विस्तार कार्य अन्तर्गत मुस्ताङ, मनाङ, म्याग्दी, लम्जुङ, गोरखा, बाग्लुङ, नवलपुर र कास्की जिल्लाका विभिन्न योजनामा H.T. लाइन बिस्तार २५२.६९ किलोमिटर, L.T. लाइन बिस्तार ३५३.७७ किलोमिटर र ८० वटा ट्रान्सफर्मर जडान भै ५९५५ घरधुरी नयाँ विद्युत ग्राहक कायम भएको छ। | थप आठ हजार जनसङख्यालाई राष्ट्रिय प्रसारण मार्फत विद्युत सेवा उपलब्ध भएको हुने। | उज्यालो गण्डकी प्रदेश कार्यक्रम सम्पन्न गरिनेछ |

| | | | | |
|---|---|---|---|---|
| | | २) विद्युत विस्तार कार्यको हालसम्मको वित्तीय प्रगति ७७.४७ % र भौतिक प्रगति ९१.८१% भएको छ। | | |
| ३४००१००१/ ३४००३००१/ ३४००३००२ | नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम | १) हालसम्म ६९ वटा लघु जलविद्युत आयोजनामा काम सम्पन्न भै २७६० kw विद्युत सेवा नियमित गरिएको छ। | करिब ४५ वटा लघु जलविद्युत आयोजना मर्मत गरी विद्युत सेवा नियमित भएको हुने | १) १५ वटा लघु जलविद्युत आयोजना मर्मत गरी विद्युत सेवा नियमित गरिनेछ<br>२) लघु जलविद्युत आयोजनाबाट उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिनेछ |
| ३४००१००१/ ३४००३००१/ ३४००३००२ | घरेलु सौर्य उर्जा प्रविधि जडान | १२०५ घरधुरीमा घरेलु सौर्य उर्जा प्रविधि जडान गरिएको छ। | बागलुङ र गोरखा जिल्लाका करिब ४०० घरधुरीमा घरेलु सौर्य उर्जा प्रविधि जडान गरेको हुने | विद्युत सेवा नपुगेका घरधुरीमा घरेलु सौर्य उर्जा प्रविधि जडान गरिनेछ |
| **संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/ आयोजना** | | | | |
| ३०८००१०४ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | मन्त्रालय अन्तर्गतका जलस्रोत तथा सिंचाइ सव-डिभिजन कार्यालय तथा स्वास्थ्य चौकी, विद्यालय, यातायात व्यवस्था कार्यालय पोखरामा ६४ किलोवाट क्षमताको सस्थागत सौर्य उर्जा प्रविधि जडान कार्य सम्पन्न | बायोग्याँस जडान, सौर्य उर्जा, लघु तथा साना जलविद्युत् आयोजना मर्मत गरी नवीकरणीय उर्जामा पहुँच वृद्धि भएको हुने।<br>२) ३०० कि.वा. सौर्य उर्जा प्रविधि जडान हुने | १) आवश्यकता अनुसार सस्थागत सौर्य उर्जा प्रविधि जडान गरिनेछ |

## ५.५ खानेपानी तथा सरसफाइ

### पृष्ठभूमि

मानव आवश्यकताहरूमध्ये खानेपानी एक आधारभूत आवश्यकतामा पर्दछ । नेपालको संविधानले पनि यसलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । गण्डकी प्रदेशमा आधारभूत स्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या ९१.७ प्रतिशत पुगेको छ भने मध्यम तथा उच्च स्तरको खानेपानी सुविधाबाट ३० प्रतिशत जनसंख्या मात्र लाभान्वित छन् । प्रदेशका ११ वटै जिल्ला खुल्ला दिशामुक्त घोषित भैसकेका छन् । स्वस्थ नागरिक

उत्पादनमा योगदान पुऱ्याउन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु सरकारको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाई क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ । यसबाट दिगो विकास लक्ष्य नम्बर ६ अनुसार स्वच्छ खानेपानी उपलव्ध गराउने लक्ष्य हासिल गर्न सहयोग पुग्दछ ।

## चुनौती र अवसर

### चुनौती

नवलपुरको चुरे क्षेत्र र अन्य जिल्लाका उच्च पहाडी भू—भागमा पानीको स्रोत पहिचान गरी खानेपानी सुविधा विस्तार गर्नु, शहरी तथा ग्रामीण क्षेत्रका बस्तीहरूको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्था गर्नु, खानेपानीको गुणस्तर वृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना सञ्चालन गर्नु, बढ्दो शहरीकरण, बसाइँसराइँबाट खानेपानी, सरसफाई र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पूर्ण सरसफाई र ब्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाईको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

नेपालको संविधानले खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा ब्याख्या गर्नु, आधारभूत खानेपानी तथा सरसफाई क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, खानेपानी तथा सरसफाईको क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो तथा लगानी आकर्षण हुँदै जानु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, शहरी तथा ग्रामीण बस्ती नजिकै पानीका स्रोतहरू जस्तै नदी, खोलानाला, मूल र भूमिगत पानीको उपलब्धता प्रचुर मात्रामा रहनु, पम्पिङ् प्रणालीबाट मात्र खानेपानी सुविधा पुऱ्याउन सकिने धेरैजसो ठाउँमा विद्युत् वा सौर्य उर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु, नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, शहरी क्षेत्रबाट निस्कने फोहोर मैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्

## सोच

राम्रो स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई ।

## उद्देश्य

१. आधारभूत खानेपानी सुविधा शतप्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको खानेपानी सुविधा ५० प्रतिशत घर परिवारमा पुऱ्याउनु ।

२. आधारभूत सरसफाई सुविधा शतप्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको सरसफाई सुविधा ३० प्रतिशत पुऱ्याउनु ।

## रणनीति

१) आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरू निर्माण तथा सुविधा विस्तार गर्ने ।

२) २ शहर तथा शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने ।

३) खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने

४) ग्रामीण तथा शहरी खानेपानी आयोजनाहरूको जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने

५) प्रदेश भित्रका शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने ।

६) शहरी, शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाई सेवाको स्तरवृद्धि गर्ने ।

७) सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक

| सूचक | एकाई | आ.व. २०७८/७९सम्मको उपलब्धिमा | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. खानेपानीमा आधारभूत पहुँच पुगेको जनसंख्या | % | ९३.७४ | ९६ | ९९.४२ | १०० |
| २. निजी धारा जडान संख्या | संख्या | ९२२१९ | १३६२०० | १९७२१९ | २५७२१९ |
| ३. उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | % | १८ | २२ | २६ | ३० |
| ४. खानेपानीमा आधारभूत पहुँच पुगेको जनसंख्या | % | ९३.७४ | ९६ | ९९.४२ | १०० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्यईं | आयोजना अवधि (शुरु र समाप्ति | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४००४००१<br>३४००३००२ | खानेपानी तथा सरसफाई कार्यक्रम | आधारभूत खानेपानीको उपलब्धता<br>एक घर एक धारा कार्यक्रम | शुरु २०७५/७६ | १९०९५ | • ९९८ ओटा आयोजनाहरू निर्माण भई खानेपानी सेवा उपलब्ध भएको हुने ।आयोजना सम्पन्न पश्चात १,३२,१२० घरधुरी र ७,२६,६६० जनसंख्या लाभान्वित हुने।<br>• प्रदेश सरकार बाट आगामी ३ वर्षमा थप १,३२,१२० घरधुरीमा निजी धारा जडान गरी कुल निजीधारा संख्या २,०१,२८४ पुग्ने। |
| ३४००४००१<br>३४००३००२ | विस्तृत सम्भाव्यता अध्ययन कार्यक्रम | खानेपानी आयोजनाको पहिचान तथा विस्तृत सम्भाव्यता अध्ययन | निरन्तर | ११६ | • खानेपानी सेवाको आवश्यकता पहिचान भई प्राथमिकीकरण भएको हुने। प्राथिमकताको आधारमा छानिएका खानेपानी आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन भएको हुने। |
| ३४००४००१<br>३४००३००२ | मर्मत सभार कार्यक्रम | निर्मित खानेपानी आयोजनाहरूको नियमित तथा आवधिक मर्मत संभार | निरन्तर | ७६४ | • सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको नियमित तथा आवधिक मर्मत संभार भएको हुने। |
| ३४००४००१<br>३४००३००२ | ढल निर्माण तथाप्रशोधन कार्यक्रम | उच्च जनघनत्व भएका ठाउँहरूमा ढल निर्माणको उपलब्धता | शुरु २०७५/७६ | ६९ | • ढल निर्माण तथा प्रशोधन कार्यको विस्तार भएको हुने। |
| **संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३४०९११२८ | जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना | खानेपानी सेवाको उपलब्धता | शुरु २०७५/७६ | ८९९४ | • २४० ओटा आयोजनाहरू निर्माण भई खानेपानी सेवा उपलब्ध भएको हुने। |

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्यईं | आयोजना अवधि (शुरु र समाप्ति | लागत रु. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| | | | | | • आयोजना सम्पन्न पश्चात थप ३२,८८० घरधुरी र १,८०,८४० जनसंख्या लाभान्वित। |
| ३४०९११२७ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | स्वच्छ तथा शुद्ध खानेपानी उपलब्धता | शुरु २०७५/७६ | ५० | आगामी ३ वर्षमा ३० % जनसंख्यामा स्वच्छ तथा शुद्ध खानेपानी उपलब्ध भएको हुने। |
| ३४०९११२९ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | उच्च जनघनत्व भएका ठाउँहरूमा ढल निर्माणको उपलब्धता | शुरु २०७५/७६ | ६५ | ढल निर्माण तथा प्रशोधन कार्यलाई आवश्यकता अनुसार विस्तार भएको हुने |

**कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन वर्षको उपलब्धि सूचक र आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ**

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | हालम्मको प्रगति | आगामी तिन वर्षको उपलब्धि सूचक | २०७९/२०८०मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३४००४००१/ ३४००३००२/ ३४०९११२८ | आधारभूत खानेपानीको उपलब्धता एक घर एक धारा कार्यक्रम | • ९३.७१% जनसंख्यामा आधारभूत खानेपानीको पहुँच पुगेको। • प्रदेश स्थापना भए पश्चात हालसम्म ९९,२१० घरधुरिमा धारा जडान भएको। | • आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्या १००% पुऱ्याउने। प्रदेश स्थापना भए पश्चात २,०१,२५४ घरधुरिमा धारा जडान भएको हुने। | खानेपानी आयोजनाहरुको निर्माण |
| ३४००४००१/ ३४००३००२ | विस्तृत सम्भाव्यता अध्ययन कार्यक्रम | विभिन्न आयोजनाहरुको डि.पि.आर तयारी भएको। | खानेपानी पहुँच नपुगेको स्थानहरुको सम्भाव्यता अध्ययन गर्ने | खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन |
| ३४००४००१/ ३४००३००२ | मर्मत संभार कार्यक्रम | विभिन्न जिर्ण भएका आयोजनाहरुको मर्मत सम्भार गरिएको। | मर्मत सम्भार गर्नु पर्ने आयोजनाहरुको पहिचान गरी मर्मत कार्य सम्पन्न गर्ने | खानेपानी आयोजनाहरुको मर्मत |

| | | | | |
|---|---|---|---|---|
| ३४००४००१/ ३४००३००२/३ ४०९११२९ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | विभिन्न जिल्लाका जनघनत्व भएका ठाउँहरुमा ढल निर्माण कार्यहरु भइरहेको | जिल्लाको मुख्य स्थानहरुमा ढल निरमाण गरी व्यवस्थापन गर्ने | ढल निर्माण तथा व्यवस्थापन |
| ३४०९११२७ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | खोला मुहान भएका विभिन्न आयोजनाहरुमा खानेपानी प्रसोधन गर्ने संरचनाहरुको निर्माण | ३० % जनसंख्यामा स्वच्छ तथा शुद्ध खानेपानी उपलब्ध भएको हुने। | खानेपानी प्रसोधन गर्ने संरचनाहरुको निर्माण |

## ५.६ सिंचाइ

### पृष्ठभूमि

गण्डकी प्रदेशको कुल भू—भाग २१,९७,३६८ हेक्टर मध्ये खेतीयोग्य जमिन २२.२ प्रतिशत अर्थात् ४,८७,८१६ हेक्टर छ । कुल खेतीयोग्य जमीनको ७६ प्रतिशत अर्थात् ३,७०,७४० जमिनमा मात्र खेती गरिएको छ भने बाँकी २४ प्रतिशत जमिन बाँझो छ । खेती गरिएको जमिनमध्ये कुल सिंचित जमिन ३६.१ प्रतिशत अर्थात् १,३३,८३७ हेक्टर छ, जसमा ४६.२ प्रतिशत अर्थात् ६१,८३३ हेक्टरमा बाह्रै महिना सिंचाइ पुगेको छ भने बाँकी ५३.८ प्रतिशत अर्थात् ७२,०३३ हेक्टर मौसमी सिंचाइमा भर पर्नुपर्ने हुन्छ । नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाइको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्नु पर्ने आवश्यकता रहेको छ ।

### प्रमुख समस्या

सिंचाइ गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, दिगो सिंचाइको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुने र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहनु, ठूला कमान्डक्षेत्र रहेका नवलपुर, मस्याङ्दी, मादी, कालीगण्डकी करिडोर र ठूला टारहरूमा आवश्यकता अनुसारको ठूला र बहुउद्देश्यीय सिंचाइ आयोजनाहरू विस्तार गर्न नसक्नु, परम्परागत कृषक कुलोहरूको आधुनिकीकरण तथा सुधार हुन नसक्नु, सिंचाइ सुविधा पुगेको भूमिमा खण्डीकरण तथा अव्यवस्थित शहरीकरण हुन गई पानीको अधिकतम प्रयोग नहुनु तथा आवश्यकता

रहेको ठाउँमा सिंचाइको व्यवस्था गर्न नसक्नु, थोरै पानीको प्रयोग गरी धेरै भू—भागमा सिंचाइ गर्न सकिने प्रविधिहरूको कम उपयोग हुनु, शहर बजार नजिकका नदी र नालाहरूबाट अनियन्त्रित रुपमा नदीजन्य निर्माण सामग्री निकाल्ने प्रवृतिले गर्दा कुलोको बाँध भन्दा खोलाको बेड लेभल गहिरिदै जाँदा सिंचाइ योजनाहरू जोखिममा पर्ने र भूक्षय बढ्दै जानु, सडक पूर्वाधार निर्माणका क्रममा सिंचाइका संरचनाहरूमा भएको क्षतिको पुनर्स्थापना नहुनु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाइ पूर्वाधारप्रति समुदायहरूको चासो कम रहनु, आदि सिंचाइ क्षेत्रका समस्याहरू हुन् ।

## चुनौती र अवसर

### चुनौती

प्रदेशका नवलपुर, मस्र्याङ्दी, मादी तथा कालीगण्डकी करिडोर र ठूला टारहरूमा दिगो सिंचाइको व्यवस्था गर्नु, उच्च हिमाली तथा पहाडी भू—भागहरूमा उपयुक्त प्रविधिको प्रयोग गरी सिंचाइ सुविधा पुऱ्याउनु, सञ्चालनमा रहेका सिंचाइ आयोजनाहरूको मर्मत सम्भार तथा अधिकतम प्रयोग गर्नु, सिंचाइ सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउनु, सिंचाइ आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्नु, जलवायु परिवर्तन तथा नदीजन्य निर्माण सामग्रीको अव्यवस्थित दोहनले सिंचाइ क्षेत्रमा पारेको असरहरूको पहिचान गरी असर न्यूनीकरण गर्नु आदि सिंचाइ क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

सिंचाइ क्षेत्र गण्डकी प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, प्रचुर मात्रामा पानीको स्रोतको उपलब्धता रहेको हुनाले सतह सिंचाइको माध्ययमबाट नै धेरैजसो ठाउँमा सिंचाइ सुविधा पुऱ्याउन सकिने सम्भावना रहनु, सतह सिंचाइको सम्भावना नभएका पहाडि भू—भागका पाखो तथा टारहरूमा नयाँ प्रविधिको प्रयोग गरी सिंचाइको व्यवस्था गर्ने सम्भावना रहनु, ठूला ब्यावसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाइको सुविधाको माग बढ्दो क्रममा रहनु, विश्व बजारमा सिंचाइको लागि उपलब्ध पानीको दक्षतापूर्वक प्रयोग गर्न सहयोग पुऱ्याउने विभिन्न नयाँ प्रविधिहरूको विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### सोच

खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिंचाई विकास ।

**लक्ष्य**

सिंचाइ प्रणाली तथा नदिको कुशल  व्यवस्थापन गरी कृषि उत्पादकत्व वृद्धि गर्ने ।

**उद्देश्य**

१. सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिंचाइ पूर्वाधारको सुधार तथा पुनस्थापना गर्नु ।

२. टार क्षेत्रमा सिंचाइ सुविधाको विस्तार गर्नु ।

३. सिंचाइ प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

**रणनीति**

१. उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका ठूला कमाण्ड क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाइ प्रणालीको विकास गर्ने ।

२. पहाडका टारहरूमा सिंचाइ सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने ।

३. संचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने ।

## विषय क्षेत्रगत नतिजा लक्ष्य र सूचक

| सूचक | एकाई | आ.व. २०७८/७९सम्मको उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. बाहैं महिना सिंचाइ सुविधा पुगेको क्षेत्रफल | हेक्टर | ६६७२१ | ६८५०० | ७०००० | ७२५०० |
| २. पक्की तटबन्ध निर्माण | कि.मि | ७७.७१ | ९७.७१ | ११५ | १३० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याइं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रु. लाखमा | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३४००१००१/ ३४००३००१/ ३४००३००२/ ३४००३००३ | सिंचाइ कार्यक्रम (नयाँ प्रविधिमा आधारित सिंचाइ योजना, मर्मत सम्भार योजना, मझौला सिंचाइ योजना, भूमिगत सिंचाइ योजना) | बाहैं महिना सिंचाइ सुविधा उपलब्धता र कृषि उत्पादनमा वृद्धि। | शुरु २०७५/७६ | २४७५६ | नयाँ प्रविधि, लिफ्ट र नयाँ सतह सिंचाइ योजना तथा भूमिगत सिंचाइ आयोजनाको कार्यान्वयन र मौजुदा सिंचाइ योजनाको सुदृढीकरण भै थप कुल ५२०० हे. जमीनमा बाहैं महिना सिंचाइ सुविधा पुगेको हुने। |
| ३४००१००१/ ३४००३००१/ ३४००३००२ | भूमिगत सिंचाइ कार्यक्रम | तराईका र पहाडमा भूमिगत सिंचाइ आयोजना सञ्चालन र सिंचाइ सुविधा उपलब्धता | शुरु २०७५/७६ | ११३७८ | नदी तथा खोलामा करिब ५२.२९ कि.मि. नयाँ तटबन्ध निर्माण भएको हुने र करिब १,००० हे. जग्गा उकास हुने । |
| **संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम/आयोजना** | | | | | |
| ३०८०३१४४/ ३०८०३१०९/ ३०८०३१२७/ | सिंचाइ कार्यक्रम (नयाँ प्रविधिमा आधारित सिंचाइ योजना, मर्मत सम्भार योजना, मझौला सिंचाइ | बाहैं महिना सिंचाइ सुविधा उपलब्धता र कृषि उत्पादनमा वृद्धि। | शुरु २०७५/७६ | १८५६० | नयाँ प्रविधि, लिफ्ट र नयाँ सतह सिंचाइ योजनाको कार्यान्वयन र मौजुदा सिंचाइ योजनाको सुदृढीकरण भै जम्मा १००० हे. जमीनमा बाहैं महिना सिंचाइ सुविधा पुगेको हुने। तराई र पहाडमा स्यालो तथा डिप |

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याइं | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रु. लाखमा | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०८०३१३३ | योजना, एकीकृत उर्जा तथा सिंचाइ कार्यक्रमहरु, भूमिगत सिंचाइ योजना) | | | | ट्युवेलका १५ योजना निर्माण मार्फत भूमिगत सिंचाइको व्यवस्था गरी थप २४० हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध भएको हुने। |
| ३०८०३१०६/ ३०५०१३९०१/ ३०८०३१२६ | नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम | तटबन्ध तथा संरचना निर्माण मार्फत् नदी कटान नियन्त्रण, पहिरो व्यवस्थापनबाट खेतीयोग्य जमिन र बस्तीको संरक्षण | शुरु २०७५/७६ | २००७२.३ | नदी तथा खोलामा करिब ५४.७१४ कि.मि. नयाँ तटबन्ध निर्माण भएको हुने । |

**कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तिन वर्षको उपलब्धि सूचक र आ.व. २०७९/८० मा सञ्चालन हुने प्रमुख क्रियाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ**

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | हालसम्मको उपलब्धि | आगामी तीन वर्षको उपलब्धि सूचक | २०७९/२०८०मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३४००१००१/ ३४००३००१/ ३४००३००२ / ३४००३००३ | सिंचाइ कार्यक्रम (नयाँ प्रविधिमा आधारित सिंचाइ योजना, मर्मत सम्भार योजना, मझौला सिंचाइ योजना, भूमिगत सिंचाइ योजना) | हाल सम्म ६६७२१ हेक्टर जमिनमा बाह्रैमहिना भरपर्दो सिंचाइ सुविधा पुगेको । | ७२८४० हेक्टर जमिनमा बाह्रैमहिना भरपर्दो सिंचाइ सुविधा पुगेको हुने । | • सिंचाइ योजना निर्माण कार्यक्रम (प्रदेश) ।<br>• मौजुदा सिंचाइ प्रणालीको मर्मत संभार ।<br>• मझौला सिंचाइ आयोजना निर्माण कार्यक्रम ।<br>• नयाँ प्रविधिमा आधारित सिंचाइ योजना निर्माण ।<br>• भुमिगत स्यालो तथा डिप ट्यूवेल निर्माण । |
| ३४००१००१/३४००३००१/ ३४००३००२ | नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम | प्रदेश सरकार स्थापना भए पश्चात हालसम्म जम्मा ७७.७१ कि.मि. तटबन्ध निर्माण गरी बस्ति, खेतियोग्य | आगामी ३ वर्षमा थप ८० कि.मि. तटबन्ध निर्माण भै बस्ति, खेतियोग्य | • नदि नियन्त्रण कार्यक्रम ।<br>• पहिरो व्यवस्थापन कार्यक्रम ।<br>• आपतकालीन तथा बाढि पहिरो पुनस्थापना कार्यक्रम । |

| | | | | |
|---|---|---|---|---|
| | | जमिन तथा भौतिक संरचनाहरु संरक्षित भएको । | जमिन तथा भौतिक संरचनाहरु संरक्षित भएको हुने । | |

**विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व वाडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | ५१०१५८३ | ३०४५०३ | ४७९७०८० | - | ५१०१५८३ | - | - |
| २०८०/८१ | ५१२४५४० | ३०५८७३ | ४८१८६६७ | - | ५१२४५४० | - | - |
| २०८१/८२ | ५६९७४६४ | ३४००७० | ५३५७३९४ | - | ५६९७४६४ | - | - |

**विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण**

| क.सं. | ब.उ.सि.नं. | कार्यक्रम / आयोजना | आ.व. २०७८/७९ को संसोधित अनुमानित खर्च | आ.व. २०७९/८० को विनियोजन | | | | आ.व. २०७९/८० को खर्च प्रक्षेपण | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकासको लक्ष्य संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुजीगत | वित्तीय व्यव | | | | | |
| १ | ३४००१००१/३४००३००१/ ३४००३००२ /३४००३००३ | सिंचाइ | १२०३२.६ | | | १४८७१.२ | | | | ११८९७.० | | | | १३०८६.७ | | | | १४३९५.३ | | ४ | १ | २ | ३ | ३ |
| २ | ३४००१००१/३४००३००१/ ३४००३००२ | नदि नियन्त्रण | ४२८५.९ | ४८५७२.६ | २८३०.० | ९०९२.४ | | ४४२१८.८ | २६८८.५ | ८६३७.८ | | ५५६७८.५ | २९५७.४ | ९५०१.५ | | ६१२४६.४ | ३२५३.१ | १०४५१.७ | | ७ | १ | ११ | ३ | २ |
| ३ | ३४००१००१/३४००३००१/ ३४००३००२ | उर्जा | १२६४.८ | | | १७००.० | | | | १३६०.० | | | | १४९६.० | | | | १६४५.६ | | ५ | १ | ७ | ३ | ३ |
| ४ | ३४००४००१/३४००३००२ | खानेपानी | २७४०३.८ | | | २००७९ | | | | १९६३५.६ | | | | २८६३७.० | | | | ३१५००.७ | | ७ | १ | ६ | ३ | २ |

### जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार बाट सशर्त अनुदान सहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रमहरू प्रदेश सरकारको प्राथमिकतामा पर्ने, कर्मचारीको उपलब्धता रहने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल ठेक्का व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने अनुमान गरिएको छ। साथै, हालै उत्पन्न बिश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको असर छिट्टै अन्त्य हुने र यसको कारण सृजित राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको संकुचनको असर छिट्टै अन्त्य हुने अनुमान पनि गरिएको छ। यसो नभएमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहेको छ।

## ५.७ सूचना तथा सञ्चार

### पृष्ठभूमि

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवम् सूचनाको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ भने प्रदेश सरकारको अधिकार सूचीमा पनि समेटिएको छ । प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा पनि सूचना तथा सञ्चार सम्बन्धी जिम्मेवारीहरूको विस्तृत उल्लेख गरिएको छ । हाल गण्डकी प्रदेश अन्तर्गत ८५ वटा स्थानीय तहमध्ये ८१ वटा तहको केन्द्रसम्म ईन्टरनेट पुगेको

छ भने ७५९ वटा वडाहरूमध्ये ७४ प्रतिशत अर्थात् ५६३ वडा कार्यालयहरूको केन्द्रसम्म ईन्टरनेटको पहुँच विस्तार भएको छ । प्रदेशभित्र हाल १३१ वटा केवल प्रसारक संस्थाहरू, १०२ वटा इजाजतप्राप्त एफ एम् रेडियोहरू र १३ वटा ईजाजतप्राप्त टेलिभिजन प्रसारण संस्थाहरू रहेका छन् । यस्तै दूरसञ्चार तर्फ पि.एस.टि.एन सेवा ६७,३२० र जि.एस.एम र सिडिएमए गरी मोवाइल सेवा प्रयोगकर्ताको संख्या २३,६५,६११ पुगेको छ । सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवम् उपलब्धि अनुरुप सेवा पुऱ्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन प्रदेश अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा यसलाई विकास गर्न आवश्यक छ ।

## चुनौती र अवसर

### चुनौती

सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवम् कानुनी रिक्तता पूरा गर्नु, प्रदेशभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु, सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु, प्रदेश भित्रका पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिको प्रयोगलाई बढावा दिनु, सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, टेलिसेन्टरहरूलाई व्यवस्थित गर्नु, विज्ञापन र चलचित्र उत्पादनलाई यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्दै यस सम्बन्धी संस्थाहरूलाई व्यवस्थित गर्नु, श्रमजीवी पत्रकारहरूको हकहित संरक्षण गर्नु आदि यस क्षेत्रमा चुनौतीका रुपमा रहेका छन् ।

### अवसर

सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिक हकका रुपमा लिपिबद्ध हुनु, नयाँ नीति कानुन निर्माणको चरणमा भएकाले विगतमा भएका त्रुटि सच्याउने अवसर प्राप्त हुनु, प्रदेशलाई प्राप्त सूचना र सञ्चार सम्बन्धमा प्रशस्त अधिकारहरू संविधानद्वारानै संरक्षित हुनु, सञ्चार क्षेत्रको विकासका लागि स्थानीय तहसँगको सहकार्य गर्ने अवसर प्राप्त हुनु, ग्रामीण क्षेत्रसम्म सञ्चार माध्यमहरूको पहुँचमा क्रमश वृद्धि हुदै जानु, प्रदेश भित्रका अधिकांश स्थानीय तहको केन्द्रसम्म इन्टरनेट सेवा पुग्नु, इन्टरनेट सेवा प्रदायकहरूको संख्या बढ्द जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, मनाङ र मुस्ताङ बाहेक अन्य जिल्लामा उल्लेख्य रुपमा एफ एम रेडियोको विस्तार हुनु, र बहुसंख्यक जनताको हातमा मोवाइल सेवा पुग्नु यस क्षेत्रका अवसरहरू हुन् ।

## सोच

सूचना तथा सञ्चार, समृद्ध प्रदेश निर्माणको आधार ।

## उद्देश्य

१ सूचना प्रविधि व्वसायलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रको रुपमा विकास गर्नु ।

२ आसञ्चार माध्यमलाई व्यवसायिक र जवाफदेही बनाउदै प्रदेशभर सञ्चारको पहुँच वृद्धि गर्नु ।

## रणनीति

१. सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु ।

२. सूचना र संञ्चार क्षेत्रको विकासको लागि नीतिगत र कानुनी पूर्वाधार तयार गर्ने ।

३. सूचना प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धानमा जोड दिने ।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | दिगो विकास लक्ष्य संकेत नम्बर | आ.ब २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| पोखरामा प्रदेशस्तरीय सूचना प्रविधि पार्कको निर्माण र सञ्चालन | कार्यक्रम संख्या | ११ | सम्भाव्यता अध्ययन | डी.पी.आर/ निर्माण | निर्माण | निर्माण |
| संचार ग्रामको स्थापना र सञ्चालन | संख्या | ९ | कार्यसत्र तयार भैसकैकोमा | आवश्यक पूर्वाधार निर्माण | आवश्यक पूर्वाधार निर्माण निर्माण | आवश्यक पूर्वाधार निर्माण |
| इन्टरनेटमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | ५० | ६० | ८० | ८५ |
| सूचना प्रविधि क्षेत्र पढाई हुने संस्था | सख्या | | | | | |
| सूचना तथा प्रविधिमा रोजगारी | संख्या | | | | | |
| प्रदेश सभामा महिला सहभागिताको प्रतिशत | प्रतिशत | १० | ३३.७ | | | |
| प्रदेश सरकारमा महिला सहभागिताको प्रतिशत | प्रतिशत | १० | १४% | | | |
| स्थानीय तहमा उपाध्यक्ष/उपप्रमुख | प्रतिशत | १० | ८३.५ | | | |
| महिला वडाध्यक्ष | | | | | | |
| टेलिफोनको घनत्व | | | | | | |
| मोबाइल फोन प्रयोगकर्ता पुरुष | प्रतिशत | | ६५ | | | |
| मोबाइल फोन प्रयोगकर्ता महिला | प्रतिशत | | ९१.८ | | | |
| १५-४९ उमेर समूहका इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | | | ७० | ७५ | ७८ |
| महिला | प्रतिशत | | ५९.६ | ६१ | ६३ | ६५ |
| पुरुष | प्रतिशत | | ७६.५ | ७७ | ८० | ८१ |

## कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरू र समाप्ति) | दिगो विकास लक्ष्य संकेत नम्बर | लागत (रू लाखमा) | आगामी तीन बर्षे उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३१४००३९०१४ | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | **प्रादेशिक सूचना तथा सञ्चार निति तथा कानून तर्जुमा र लागु सूचना प्रविधि पाक निर्माण/ जनशक्ती सशक्तीकरण** | सालबसाली | **१६**<br>**५** | **१९ करोड ५४ लाख** | सूचना प्रविधि पार्कको डि पि आर तयार भएको हुने।<br>सूचना प्रविधि पार्कको भौतिक संरचना निर्माण भएको हुने ।<br>प्रादेशिक सूचना तथा सञ्चार निति तथा कानून तर्जुमा हुने । लागु हुने । सूचना प्रविधिको क्षमता अभिवृद्धि हुने । |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजश्व वाडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | १६८२७१ | ६४७७१ | १०३५०० | - | १६८२७१ | - | - |
| २०८०/८१ | १६९०२८ | ६५०६२ | १०३९६६ | - | १६९०२८ | - | - |
| २०८१/८२ | १८७९२६ | ७२३३६ | ११५५८९ | - | १८७९२६ | - | - |

# परिच्छेद ६ :शासकीय व्यवस्था र अन्तरसम्बन्धित क्षेत्र

## ६.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्

### पृष्ठभूमि

नेपालको संविधान अनुसार शासकीय स्वरुप एकात्मकबाट संघीय ढाँचामा रुपान्तरण भएपश्चात शासन प्रणालीमा संघ, प्रदेश र स्थानीय तहको गठन भई निर्वाचित जनप्रतिनिधि मार्फत २०७४ साल फागुन ४ गते गण्डकी प्रदेश सरकार गठन भएको हो। संविधानतः प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र सञ्चालन गर्ने कार्य प्रदेश सरकारले गर्दछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रुपमा रहेको छ। राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले महत्वपूर्ण निर्णय लिने निर्देशन दिने समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेश सरकारको प्रशासनको केन्द्रविन्दुको रुपमा रहेको छ।

### समस्या र चुनौती

सुशासन ऐन र नियमावलीले गरिएको व्यवस्था अनुरुप कार्यान्वयनको अवस्थाको पुनरावलोकन हुन समय लाग्नु, प्रदेश र स्थानीय तहको संस्थागत विकासले अपेक्षित गति लिन नसक्दा समयानुकुल गुणस्तरीय सेवा प्रदान गर्न नसक्नु, सेवा प्रदायक निकायमा कार्यरत व्यक्तिहरुमा दक्षता एवम् पेशागत विज्ञताको कमी हुनु, नतिजामूलक र सहभागितामूलक अनुगमन र मूल्याङ्कन गर्न कठिनाई हुनु, प्रदेशका आवश्यकता अनुसार योजनाको प्राथमिकीकरण, नवीनतम प्रविधि र सोचको उपयोग अपेक्षित रुपमा हुन नसक्नु, राजनीति र प्रशासनबीच रहने लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित आपसी सम्बन्धका सर्वमान्य सिद्धान्त अवलम्बनद्वारा सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा तालमेल मिलाई कुशल एवम् दक्षतापूर्ण प्रशासकिय शैलीको माध्यमबाट प्रदेशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्नु चुनौती रहेको छ ।

### सोच

सार्वजनिक सेव प्रवाह प्रभावकारी बनाई सुशासन कायम गर्ने।

### उद्देश्य

सुशासनको सोच पुरा गर्न निम्नानुसारका महत्वपुर्ण उद्देश्यहरु लिएको छ ।

- पारदर्शी, परिणाममुखी जवाफदेही र प्रभावकारी विकास निर्माण तथा सेवा प्रवाह गर्ने ।
- सरल, छिटो र छरितो र नागरिक मैत्री सेवा प्रवाह गरी प्रदेश सरकार प्रति जनताको अपनत्व सिर्जना गर्ने ।
- प्रदेश सरकारका कानुनी, नीतिगत, संरचनागत र प्रकृयागत रूपमा सवलीकरण गर्ने।
- सार्वजनिक वित्त व्यवस्थापनलाई मितव्ययी, प्रभावकारी र पारदर्शी र जवाफदेही बनाउने ।
- राष्ट्रसेवकहरूमा कामप्रति तत्पर हुने, सेवाभावसहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य संस्कृतिको विकास गर्ने।
- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गर्ने ।
- प्रदेशका कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी चुस्त प्रशासनिक संयन्त्र विकास गर्ने।
- दिगो विकास लक्ष्यको आन्तरिकीकरण अवस्थाको प्रगति अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- प्रदेश गौरवका आयोजनाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
- प्रदेशमा लगानीका अवसरहरु सिर्जना गरी नागरिकहरुका लागि रोजगारी तथा जिविकोपार्जनमा अवसरहरु सिर्जना गर्न जोड गर्ने ।
- उपलब्ध स्रोत स्रोत साधनको समुचित उपयोग गर्दै भ्रष्टाचार न्यूनीकरणमा जोड दिने ।

### रणनीतिः

प्रभावकारी तवरले निर्दिष्ट उद्देश्य परिपूर्तीका लागि निम्नानुसारका रणनीति अपनाइनेछ ।

- कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाइ पारदर्शी र प्रभावकारी बनाउने ।
- विकास योजनाहरु अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्याहरु तत्काल समाधान गर्ने ।
- पदाधिकारी र कर्मचारीहरुलाको कार्यसम्पादन मापन योग्य बनाउने ।
- सरकारी कामकार्वाही प्रति जनविश्वास अभिवृद्दी गर्ने ।
- विवधतायुक्त प्रदेशको विशेषता र यसका सबल पक्षहरुबारे जनतासामु पुर्याइ राष्ट्रिय एकता प्रर्वद्रनका क्रियाकलापहरु तय गरी कार्यान्वयनमा ल्याउने ।
- कुशल, सक्षम र प्रजातान्त्रिक नेतृत्व क्षमता विकासका लागि योजना तयार गर्ने ।
- प्रदेश तथा स्थानीय तहको दिगो तथा सन्तुलित विकास गर्न विभिन्न कार्यक्रमहरु पहिचान गरी नागरिकहरुको सहभागितामा सञ्चालन गर्ने ।
- प्रभावकारी तथा चुस्त प्रशासन संयन्त्र निर्माण, नागरिक मैत्री सेवा प्रवाह तथा वित्तीय सुशासन जोखिम न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नेपाल सरकार तथा स्थानीय तहहरुसँग समन्वय गरी क्षमता विकासका गतिविधीहरु सञ्चालन गर्ने ।

## विषयक्षेत्रगत नतिजा सूचक तथा लक्ष्यः

सुशासन र लोकतन्त्र विषयक्षेत्र अन्तर्गत प्रदेश रहेको शासकीय सुधार, प्रशासनिक तथा वित्तीय सुशासन र भष्ट्राचार निवारण विषय उपक्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १.१ शासकीय सुधार तथा सुशासन क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व.०७७/७८ को उपलब्धि | आ.व.०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| सुशासन तथा सेवा प्रवाह सम्बन्धी कानुन, नीति तथा कार्यविधी निर्माण | संख्या | २५ | ५ | ३ | ३ | ३ |
| विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने कार्यालय | प्रतिशत | १५ | ३० | ५० | १०० | १०० |
| सेवा दिदा कर्मचारीले कुनै पनि व्यवधान नगरी सेवा दिन्छन् भन्ने जनता | प्रतिशत | - | ३५ | ४५ | ५५ | ६५ |
| संगठन तथा व्यवस्थापन परीक्षण तथा नमुना कार्यालय छनौट | संख्या | - | १/१२९ | १/१२९ | १/१२९ | १/१२९ |
| प्रदेश सरकारका कर्मचारीका लागि क्षमता विकास सम्बन्धी तालिम | पटक | १५ | १२० | १२० | १२० | १२० |
| स्थानीय सरकारका कर्मचारीका लागि क्षमता विकास सम्बन्धी तालिम | पटक | ५० | २५० | २५० | २५० | २५० |
| सचिव र मन्त्री तथा सचिव र विभागीय प्रमुख वीच का.स.मु. सम्झौता भएको | संख्या | १ | १ | १ | १ | १ |
| सबै कर्मचारीहरुको कार्य विवरण तयार भएको | प्रतिशत | - | - | १०० | १०० | १०० |
| प्रदेश तथा मन्त्रालयगत रुपमा वित्तीय सुशासन परीक्षण भएको | मन्त्रालय | - | - | ११ | ११ | ११ |
| प्रदेशको आय र व्यय निरन्तर प्रकाशन | संख्या | - | १ | १ | १ | १ |
| राष्ट्रसेवकले घुस लिदैनन् भनी विश्वास गर्ने जनता | प्रतिशत | - | ५० | १०० | १०० | |
| भष्ट्राचार विरुद्ध शुन्य सहनशिलताको | - | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| सूचक | एकाई | आ.व.०७७/७८ को उपलब्धि | आ.व.०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| अख्तियार गरिएको अवस्था | | | | | | |

## कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरणः

कार्यक्रम तथा आयोजनाहरुको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**कार्यक्रम तथा आयोजनाहरुको संक्षिप्त विवरण तालिका**

| ब.उ.सि.न. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याई | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०१०००११ | व्यवसाय जीवन रक्षा कार्यक्रम | प्रदेशमा लगानीका अवसरहरु सिर्जना गरी नागरिकहरुका लागि रोजगारी अवसरहरु सिर्जना गर्ने | ०७७/७८-०८१/८२ | ९०० | उद्योगधन्दा सञ्चालनमा आएको र युवा रोजगारका विविध अवसरहरु सिर्जना भएको हुने |
| ३०१०००११ | जनतासँग मुख्यमन्त्री कार्यक्रम | पारदर्शी, परिणाममुखी जवाफदेही र प्रभावकारी विकास निर्माण तथा सेवा सेवा प्रवाह गर्ने | सालबसाली | ५० | प्रदेश सरकार प्रति जनविश्वास बढोत्तरी भएको हुने |
| ३०१०००११ | कानुन निर्माण | प्रदेश सरकारका कानुनी, नीतिगत, संरचनागत र प्रकृयागत रूपमा सवलीकरण गर्ने | सालबसाली | ६० | प्रदेश सरकारका कार्यहरुमा कानुनको परिपालना हुने गरेको |
| ३०१०००११ | नमुना कार्यालय छनौट | प्रदेशका कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी चुस्त प्रशासनिक संयन्त्र विकास गर्ने | सालबसाली | ३५ | प्रभावकारी सेवा प्रवाह तथा द्रुत रुपले विकास निर्माण भएको हुने |
| ३०१०००११ | आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम | प्रदेशमा लगानीका अवसरहरु सिर्जना गरी नागरिकहरुका लागि रोजगारी तथा जिविकोपार्जनमा अवसरहरु सिर्जना गर्न जोड गर्ने | सालबसाली | २५० | आम नागरिकहरुको आय स्तर बढोत्तरी भएको हुने |
| ३०१०००११ | मुख्यमन्त्री कार्यालयका नियमित अन्य कार्यक्रम | सरल, छिटो र छरितो र नागरिक मैत्री सेवा प्रवाह गरी प्रदेश सरकार प्रति जनताको अपनत्व सिर्जना गर्ने । | सालबसाली | ५३५ | प्रदेश सरकारका काम कार्वाही प्रभावकारी भएको हुने |
| ३०१९११२०३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम-PPIU | सार्वजनिक प्रशासन तथा वित्त व्यवस्थापनलाई मितव्ययी, प्रभावकारी र पारदर्शी र जवाफदेही बनाउने । | ०७६/७८-०८१/८२ | ६०० | प्रदेश प्रशासनिक तथा वित्तीय सुशासन अभिबृद्दी भएको हुने |
| ३०१९११२०३ | नवप्रर्वतन साझेदारी कार्यक्रम | उपलब्ध स्रोत स्रोत साधनको समुचित उपयोग गर्दै भष्ट्राचार न्यूनीकरणमा जोड दिने । | ०७८/७९-०८१/८२ | ३००० | स्थानीय आर्थिक विकास मार्फत नागरिकहरुको जीवनस्तरमा सुधार आएको हुने |

| ब.उ.सि.न. | कार्यक्रम / आयोजना | उद्देश्य तथा पुष्ट्याई | आयोजना अवधि | लागत (रु. लाखमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३०१९११२०३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम-PCGG | प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गर्ने । | ०७६/७८-०८१/८२ | ३२०० | प्रदेश तथा स्थानीयतमा संस्थागत तथा व्यक्तिगत क्षमता विकास तथा सुशासन अभिबृद्दी भएको हुने |
| ३०१९११२०४ | गण्डकी प्रदेश प्रतिष्ठानको भवन निर्माण | संस्थागत क्षमता विकासमा जोड गर्ने | ०७७/७८-०८०/८१ | १००० | संस्थागत विकास भएको हुने |
| ३०१०२०११ | गण्डकी प्रदेश प्रतिष्ठान कार्यक्रम | क्षमता विकासमा सहयोग गर्ने | सालबसाली | ५०० | संस्थागत विकास भएको हुने |
| ३०१०२०११ | स्थानीय विकास कार्यक्रम | क्षमता विकासमा सहयोग गर्ने | सालबसाली | ३० | संस्थागत विकास भएको हुने |

## शासकीय व्यवस्था तथा सुशासन क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रकम रु. हजारमा) | | | | खर्चको स्रोत (रकम रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | अनुदान | बैदेशिक सहायता तथा ऋण |
| २०७९/८० | २२६८७९९ | २१९१५९९ | ७७२०० | ० | १९५६५९९ | ३००० | ३०९२०० |
| २०८०/८१ | २२०७४६३ | १९६७६६३ | २३९८०० | ० | २०४९८६३ | ३००० | १५४६०० |
| २०८१/८२ | २२९१३६० | २०५०७०८ | २४०६५३ | ० | २२४८७१० | ३००० | ३८६५० |
| **जम्मा** | **६७६७६२२** | **६२०९९७०** | **५५७६५३** | **0** | **६२५५१७२** | **९०००** | **५०२४५०** |

## विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण

| क्र.सं. | विषयगत क्षेत्र /उप-क्षेत्र | कार्यक्रम / आयोजना | आ.व. ०७८/०७९ को संशोधित अनुमान | आ.व. ०७९/०८० को विनियोजन (रकम रु. हजारमा) | | | | आ.व. ०८०/०८१ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | आ.व. ०८१/०८२ को प्रक्षेपण (रकम रु. हजारमा) | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजीगत | वि. व्य. | जम्मा | चालु | पूँजीगत | वि. व्य. | जम्मा | चालु | पूँजीगत | वि. व्य. | जम्मा | | | | | |
| १ | शासकीय सुधार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४६६८६१ | १८९१३०० | ११५०० | ० | १९१०८०० | १८१८१९० | २११२०० | ० | २०२९३९० | १९९५०८४ | २३२१०० | ० | २२२७१८४ | ७ | १ | १६ | २ | २ |
| २ | संस्थागत विकास | गण्डकी प्रदेश प्रशिक्षण | १९२११ | ३३९९९ | ११८०० | ० | ४५७९९ | १८८२३ | १६५० | ० | २०४७३ | २०७११ | १८१५ | ० | २२५२६ | ७ | १ | १६ | २ | २ |
| ३ | क्षमता विकास | स्थानीय शासन सहयोग कार्यक्रम- | १८७३०० | ८३३५० | ५२४०० | ० | १३५७५० | ४१६७५ | २६२०० | ० | ६७८७५ | १०४१९ | ६५५० | ० | १६९६९ | ७ | १ | १६ | १ | २ |
| ४ | प्रशासनिक सशासन | स्थानीय शासन सहयोग कार्यक्रम- | १०३६०० | १७१९५० | १५०० | ० | १७३४५० | ८५९७५ | ७५० | ० | ८६७२५ | २१४९४ | १८८ | ० | २१६८१ | | १ | १६ | १ | २ |
| ५ | संस्थागत विकास | स्थानीय विकास कार्यक्रम | ३००० | ३००० | ० | ० | ३००० | ३००० | ० | ० | ३००० | ३००० | ० | ० | ३००० | ७ | २ | १६ | ३ | ३ |
| | कुल जम्मा | | | २१९१५९९ | ७७२०० | ० | २२६८७९९ | १९६७६६३ | २३९८०० | ० | २२०७४६३ | २०५०७०८ | २४०६५३ | ० | २२९१३६० | | | | | |

### सम्भावित जोखिम पक्ष तथा अनुमानः

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक नीति, संरचना जनशक्ति, प्रविधि पर्याप्त मात्रामा उपलब्ध हुन नसक्दा सिमित स्रोत साधनबाट अधिकतम् प्रतिफल दिनुपर्ने चुनौती रहेको छ। जलवायु परिवर्तनलगायतले उत्पन्न गराउने विपदजन्य जोखिमको कारण सिर्जित परिस्थितिले गर्दा सेवाप्रवाहमा प्रभाव पर्ने जोखिम रहन सक्छ । उल्लेखित मध्यमकालीन खर्च संरचना मा उल्लेख गरिएका पक्षहरुमा केन्द्रित भएर सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत साधन, पूँजी प्रविधिको कुशल व्यवस्थापनबाट सेवा प्रवाह र विकास निर्माणलाई लक्षित गर्न सकिएमा, स्रोत, साधन, प्रविधि र दक्ष जनशक्तिको उत्पादन तथा विकास हुने, दक्ष तथा प्रविधिमैत्री व्यवस्थापनबाट सेवा प्रवाह र विकास निर्माणका कार्य छिटो, छरितो, पारदर्शी, मितव्ययी तथा गुणस्तरीय भई प्रदेश सरकार प्रति नागरिकको अपनत्व सिर्जना हुने अनुमान रहेको छ।

## ६.२ आन्तरिक मामिला

### पृष्ठभूमि

नेपालको संविधानले संघीय शासन प्रणाली मार्फत जनतालाई नजिकबाट सेवा सुविधा उपलव्ध गराउन तिन तहको ससरकार स्थापना गरेको छ । यसैक्रममा प्रदेशस्तरको शान्ति सुरक्षा, विपद् व्यवस्थापन लगायतका क्षेत्र आन्तरिक मामिला मन्त्रालयको जिम्मेवारी अन्तर्गत रहेका छन् । संविधानले प्रदान गरेका जिम्मेवारी बमोजिम नागरिकको शान्ति सुरक्षा, अमनचयन, जीउ धनको रक्षा, सम्भावित विपद्को पूर्वानुमान देखि क्षतिको न्यूनीकरण तथा पुर्नलाभ तथा पुनर्स्थापना, लागू औषध नियन्त्रण, ट्राफिक व्यवस्थापन लगायतका बिषयमा आफ्नो दायित्व बहन गर्नुपर्ने हुन्छ।बिभिन्न निकायहरुसँग समन्वय गर्दै सीमित साधन र स्रोतको उपयोग गर्दै जिम्मेवारी निभाउनु आवश्यक छ।

### चुनौती र अवसर

#### चुनौती

सुरक्षा निकायहरुको आधुनिकीकरण गर्नु, सूचना सञ्जालको व्यवस्था गर्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु, जिम्मेवार निकायबीच समन्वय कायम गर्नु, विपद् व्यवस्थापनमा प्रविधि तथा उद्दार सामग्रीको अभाव हुनु, उद्दार, राहत र पुनर्स्थापनाको लागि साधन स्रोत तथा प्रभावकारी समन्वयको कमी हुनु आदि चुनौतीको रुपमा रहेका छन् ।

#### अवसर

सुरक्षा निकायका संरचना गण्डकी प्रदेशभर विस्तार हुनु, जनचेतनामा अभिवृद्धि हुनु, अनुसन्धान प्रविधिमा द्रुत विकास हुनु, सूचना प्रविधि तथा सञ्चार सुविधाको तीव्र विकास र विस्तार हुनु जस्ता विषय अवसरको रुपमा रहेका छन् । साथै, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरु निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशिल सहर तथा एकीकृत बस्ती विकास जस्ता अवसरहरु समेत रहेका छन् ।

### सोच

१. शान्तिपूर्ण र सुरक्षित प्रदेशको निर्माण,

२. विपद् न्यूनीकरण र व्यवस्थापन गर्न विपद् उत्थानशील समाजको विकास।

### उद्देश्य

- गण्डकी प्रदेशमा शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु,
- विपद् जोखिम न्यूनीकरणका लागि सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु,
- विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र नवनिर्माणको कार्यलाई सबल र उत्थानशिल बनाउनु ।

## रणनीति

- प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने,
- प्रदेश प्रहरीलाई आधुनिक, व्यावसायिक तथा साधन स्रोत सम्पन्न बनाउने,
- मानव बेचविखन, अपराध नियन्त्रण तथा लागुऔषध नियन्त्रण गर्ने,
- प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण गर्ने,
- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने,
- विपद् रोकथाम मार्फत् क्षति न्यूनीकरण गर्ने,
- विपद् सम्बन्धमा अग्रिम सावधानी तथा पूर्वतयारी (Early Preparedness) को व्यवस्था गर्ने,
- विपदमा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा पुनर्स्थापना गर्ने ।

## विषय क्षेत्रगत नतिजा सूचक/लक्ष्य

| सूचक/लक्ष्य | एकाई | आ.ब २०७७/७८ को उपलब्धि | आ.ब २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | |
|---|---|---|---|---|---|
| | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
| प्रदेशको अन्तराष्ट्रिय सीमानाकामा भौतिक संरचना निर्माण | पटक | ० | ० | २ | १ |
| सुरक्षा समन्वय/प्रवर्द्धन कार्यक्रम | संख्या | १ | २ | १० | १० |
| सामाजिक अपराध न्यूनीकरण तथा नियन्त्रण | संख्या | १ | ३ | १० | १० |
| गण्डकी प्रदेशको सुरक्षा नीति तर्जुमा | पटक | ० | ० | १ | ० |
| सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन सदृढीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ |
| कारागार कार्यालय तथा बालसुधार गृहको भौतिक पूर्वाधार स्तरोन्नति | संख्या | १ | ० | ४ | ५ |
| गण्डकी प्रदेश सुरक्षा समन्वय समितिको वैठक | पटक | ५ | ५ | १५ | २० |
| गण्डकी प्रदेश प्रहरी अस्पतालको भौतिक संरचना निर्माण | पटक | १ | ० | १ | १ |
| ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीको भवन निर्माण | वटा | १६ | ० | १६ | २० |
| प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक संरचना निर्माण | स्थान | १ | ० | १ | १ |
| ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरुको आधुनिकीकरण | संख्या | ० | ० | २० | २० |
| प्रहरी कार्यालयहरुको भौतिक पूर्वाधार स्तरोन्नति | संख्या | ५ | ० | ५ | ५ |
| प्रहरी कर्मचारीलाई लजिष्टिक सामग्री व्यवस्थापन | पटक | ० | ० | १ | १ |
| नागरिकमैत्री प्रहरी कार्यक्रम | पटक | ० | ० | १ | २ |
| विपद् उद्धारको लागि Watch Tower र Sliding Ramp निर्माण | स्थान | ० | ० | २ | २ |
| विपद् पूर्व सूचना प्रणाली स्थापना | स्थान | ४ | ० | २ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| राजमार्गमा विपद् व्यवस्थापन सूचना प्रणाली स्थापना | पटक | ० | ० | १ | ० |
| प्रदेशस्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्र(PEOC)को आधुनिकीकरण | पटक | १ | १ | १ | १ |
| सुरक्षा निकायको लागि विपद् उद्दार सामग्री | पटक | १ | ० | १ | १ |
| विपद् व्यवस्थापन अभ्यास(सिमुलेसन) | संख्या | ६ | ६ | ९ | ९ |
| प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन | रकम | निरन्तर | ६,९०,७०,००० | ७,००,००,००० | ८,००,००,००० |
| प्रदेशभित्र विपद् जोखिम क्षेत्र पहिचान र वैज्ञानिक नक्शांकन | पटक | ० | ० | १ | ० |
| विपद् व्यवस्थापन सचेतना/समन्वय/प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | ३ | ५ |
| विपद् उद्धारमा खटिने सुरक्षाकर्मीलाई गोताखोर तालिम | जना | ० | ० | ३० | ३० |
| सेती नदी खोंच जोखिम अध्ययन | पटक | ० | ० | १ | ० |
| हिमाली क्षेत्रमा विपद् उद्धारको लागि खटिने सुरक्षाकर्मीलाई न्यानो कपडा | पटक | ० | ० | १ | १ |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन र प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजश्व वाडफाँड | आन्तरिक ऋण |
| २०७९/८० | २२७३०० | १२७१०० | १००२०० | - | २२७३०० | - | - |
| २०८०/८१ | १२७६७२ | १००६५ | २२८३२३ | - | १२७६७२ | - | - |
| २०८१/८२ | १४१९४६ | १११९०४ | २५३८४९ | - | १४१९४६ | - | - |

## कार्यक्रम/आयोजनाको विवरण

### त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् प्राथमिकीकरण तथा सांकेतीकरण (रु. हजारमा)

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | आ.व. २०८९।०७९ को संसोधित अनुमान | आ.व. २०७९।८० को विनियोजन | | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१।८२ को प्रक्षेपण | | | | समृद्धिका संवाहक | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३००१०००११३/४ | आन्तरिक मामिला मन्त्रालय | १०२५८६ | ३५७५०० | २३६५०० | ११६००० | ० | ३९३२५० | २६०१५० | १२७६०० | ० | ४३२५७५ | २८६१६५ | १४०३६० | ० | ७ | १ | १६ | २ | ३ |
| | | | | | | | | | | | | | | | ७ | १ | ११ | २ | ३ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | १०२५८६ | ३५७५०० | २३६५०० | ११६००० | ० | ३९३२५० | २६०१५० | १२७६०० | ० | ४३२५७५ | २८६१६५ | १४०३६० | ० | | | | | |

**जोखिम पक्ष तथा अनुमान**

प्रदेशभित्र शान्ति सुरक्षाको अवस्था सुदृढ रहने, विपद् व्यवस्थापनको लागि पूर्वतयारी रहने अनुमान रहेको छ। यस्ता कार्यहरू गर्न नसकिएमा लक्षित उद्देश्यहरू पूरा हुन नसक्ने जोखिम रहेको छ ।

## ६.३ कानून

### क. कानून

**पृष्ठभूमि**

नेपालको संविधानले संघीय शासन प्रणाली मार्फत् जनतालाई नजिकबाट सेवा सुविधा उपलव्ध गराउन शासकीय संरचनाहरूलाई प्रदेश र स्थानीय तहसम्म विस्तार गरेको छ। यस अनुसार प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी, कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बबन्धी, निशुल्क कानुनी सहायता गर्ने, प्रदेशमा आवश्यक पर्ने कानून निर्माण गर्ने, आधारभूत मानव अधिकारको संरक्षण गर्ने, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग गर्ने, प्रदेशिभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन गर्ने, फौजदारी कार्यविधि कानूनको कार्यान्वयन गर्ने र प्रदेशको क्षेत्राधिकार भित्र रहेर स्वच्छ तथा उपयुक्त कानून मार्फत् कानुनी शासनको प्रतिफल जनतामा पुर्‍याउने उद्देश्यले विभिन्न व्यवस्था गरिएको छ ।

**चुनौती र अवसर**

**चुनौती**

संघीय संरचना अनुसार आवश्यक अनुभवको अभाव, संघीय सरकार र स्थानीय तहसँगको क्षेत्राधिकार र समन्वयको अष्पटता, आवश्यक नीति, कानूनको अभाव, अपर्याप्त जनशक्ति, कर्मचारीहरूको ह्रासोन्मुख मनोबल जस्ता चुनौती रहेका छन्। अन्य चुनौतीमा संघीय सरकार र स्थानीय तहबीच समन्वय कायम गर्दै सहज रूपमा प्रशासनिक एवम् विकासका कार्यहरू सञ्चालन गर्नु र चुनौतीपूर्ण रहेका छन्।

**अवसर**

स्थानीय आवश्यकता अनुसारका कानून तर्जुमा भई सुशासनमा टेवा पुग्ने, विषय अवसरका रूपमा रहेका छन्।

**सोच**

सामयिक कानूनको तर्जुमा, कार्यान्वयन र सूचना तथा संचार प्रविधिको उच्चतम विकास एवम् विस्तार।

**उद्देश्य**

प्रदेश सरकार तथा स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानूनको तर्जुमा तथा कानून कार्यान्वययनमा सहजिकरण गर्नु ।

**रणनीति**

संविधान तथा संघीय कानूनको अनुकूल हुने गरी कानून निर्माण गर्ने ।

१. नि :शुल्क कानुनी सहायता सेवालाई सबैको पहुचयोग्य र प्रभावकारी बनाउने ।

२. कानून तर्जुमामा संलग्न पदाधिकारी/ कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।

३. कानूनी शिक्षा र शिक्षण प्रणाली तथा मानव अधिकारको प्रवद्धनलाई व्यवस्थित, गुणस्तरीय र आधुनिक बनाउने

**विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाई | दिगो विकास लक्ष्य संकेत नम्बर | आ.ब. २०७८/७९ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रदेश कानून तर्जुमा र कार्यान्वयन | संख्या | १६ | ५४ | १० | १० | ८ |
| कानुनी साक्षरता / मानवअधिकार प्रवर्द्धन तथा सचेतना कार्यक्रम | सख्या | १६ | २ | ३ | ४ | ४ |
| कानूनी सम्बन्धी पुस्तिका प्रकाशन/ सम्पादन / ऐन /नियमावली | सख्या | १६ | १ | १ | १ | १ |

**कार्यक्रम आयोजनाको संक्षिप्त विवरण**

| ब.उ.शी.नं | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्ट्याइँ | आयोजना अवधि (सुरू र समाप्ति) | दिगो विकास लक्ष्य संकेत नम्बर | लागत (रू लाखमा) | आगामी तीन बर्षे उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| **३१४००३९०१४** | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | प्रदेश कानून तर्जुमा /कार्यान्वयन र निशुल्क कानूनी सहायता | सालबसाली | **१६ ५** | **२ करोड २५ लाख** | विभिन्न विषयमा करिब २८ वटा प्रदेश कानून तर्जुमा भएको हुने। संघ, प्रदेश र स्थानिय तहको सहकार्यमा निशुल्क कानूनी सहायता उपलब्ध हुने । |

**जोखिम पक्ष तथा अनुमान**

प्रदेश सरकारले तयार गर्ने सामयिक आवश्यक ऐन कानून तर्जुमा भइसक्ने यस्ता कार्यहरू गर्न नसकिएमा लक्षित उद्देश्यहरू पूरा हुन नसक्ने जोखिम रहेको छ।

# विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा सांकेतीकरण

| ब.उ.शि.न. | कार्यक्रम तथा आयोजना | ०७८/८७९ को बिनियोजन | आ.ब. ०७९/८० को विनियोजन | | | | आ.ब. ०८०/८१ को प्रक्षेपण | | | | आ.ब. ०८१/८१२ को प्रक्षेपण | | | समृध्दिका संवाहक | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक सं | जलबायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वि.वय. | कुल | चालु | पुँजीगत | बित्तिय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| ३१४००३९ ०१४ | कानून सञ्चार तथा प्रदेश सभा | ८७८२४० | ९६६०६४ | ८१६६४ | ८८४४०० | 0 | १०६२६७० | ८९८३०.४० | ९७२८४ | ० | ११६८९३७ | ९८८१३.४४ | १०७०१२३. | ०० | ७ | ७ | १६ | २ | ३ |
| ३१४००३ ९०१४ | आई टि पार्क | १००० | - | - | - | 0 | - | - | - | ० | - | - | - | ० | ७ | ७ | १६ | २ | ३ |
| ३१४००३ ९०१४ | डाटा सेन्टर | १०००० | ११००० | - | ११००० | 0 | १२१००० | - | १२१००० | ० | १३३१०० | - | १३३१०० | ० | ७ | ७ | १६ | २ | ३ |
| जम्मा | | ८८९४९० | ९७७०६४ | ८१६६४ | ८९५४०० | | ११८३६७ | ८९८३०.४० | २१८२८४ | | १३०२०३७ | ९८८१३.११ | १२०३२२३४ | | | | | | |

# अनुसूचीहरू

## अनुसूची–१ : स्थानीय तह अनुदान र अर्थ विविधको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| सि.नं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | आ.व. २०७८/७९ को अनुमान | | | आ.व. २०७९/८० को प्रक्षेपण | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| १ | २६३३१ | वित्तीय समानीकरण अनुदान | १०५०००२ | १०५०००२ | ० | ११५५००२ | ११५५००२ | ० | १२७०५०२ | १२७०५०२ | ० |
| २ | २६३३२ | सशर्त अनुदान | २५८००० | ० | २५८००० | २८३८०० | ० | २८३८०० | ३१२१८० | ० | ३१२१८० |
| ३ | २६३३४ | समपूरक अनुदान | ६२७००० | ० | ६२७००० | ६८९७०० | ० | ६८९७०० | ७५८६७० | ० | ७५८६७० |
| ४ | २६३३३ | विशेष अनुदान | १९६००० | ० | १९६००० | २१५६०० | ० | २१५६०० | २३७१६० | ० | २३७१६० |
| ५ | ५०१००००१५ | वित्तीय व्यवस्था | ५००००० | ० | | ५५०००० | ० | ० | ६०५००० | ० | ० |
| ६ | ६०१०००११३ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ३३०० | ३३०० | ० | ३६३० | ३६३० | ० | ३९९३ | ३९९३ | ० |
| ७ | ५०२०१००१३ | ऋणको साँबा तथा व्याज भुक्तानी | ५००० | ५००० | ० | ५५०० | ५५०० | ० | ६०५० | ६०५० | ० |
| ८ | ६०२००००१३ | अदालतको आदेश अनुसार तिर्नुपर्ने रकम | १३०० | १३०० | ० | १४३० | १४३० | ० | १५७३ | १५७३ | ० |
| ९ | ६०२००११३ र ६०२१२४ | अर्थ मन्त्रालय - अर्थ विविध | ४५०६४५५ | २२७६७०० | २२२९७५५ | ४९५७१०१ | २५०४३७० | २४५२७३१ | ५४५२८११ | २७५४८०७ | २६९८००४ |
| **जम्मा** | | | **७१४७०५७** | **३३३६३०२** | **३३१०७५५** | **७८६१७६३** | **३६६९९३२** | **३६४१८३१** | **८६४७९३९** | **४०३६९२५** | **४००६०१४** |

## अनुसूची—२ : स्थानीय तह अनुदान र अर्थ विविधको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| सि.नं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | आ.व. २०७७/७८ को अनुमान | | | | | आ.व. २०७८/७९ को प्रक्षेपण | | | | | आ.व. २०७९/८० को प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | प्रदेश सरकार | संघ अनुदान | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | प्रदेश सरकार | संघ अनुदान | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | प्रदेश सरकार | संघ अनुदान |
| १ | २६३३१ | वित्तीय समानीकरण अनुदान | १०५०००२ | १०५०००२ | ० | ० | ० | ११५५००२ | ११५५००२ | ० | ० | ० | १२७०५०२ | १२७०५०२ | ० |
| २ | २६३३२ | सशर्त अनुदान | २५८००० | २५८००० | ० | ० | ० | २८३८०० | २८३८०० | ० | ० | ० | ३१२१८० | ३१२१८० | ० |
| ३ | २६३३३ | समपूरक अनुदान | ६२७००० | ६२७००० | ० | ० | ० | ६८९७०० | ६८९७०० | ० | ० | ० | ७५८६७० | ७५८६७० | ० |
| ४ | २६३३४ | विशेष अनुदान | १९६००० | १९६००० | ० | ० | ० | २१५६०० | २१५६०० | ० | ० | ० | २३७१६० | २३७१६० | ० |
| ५ | ५०१००००१५ | वित्तीय व्यवस्था | ५००००० | ५००००० | ० | ० | ० | ५५०००० | ५५०००० | ० | ० | ० | ६०५००० | ६०५००० | ० |
| ६ | ६०१०००११३ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ३३०० | ३३०० | ० | ० | ० | ३६३० | ३६३० | ० | ० | ० | ३९९३ | ३९९३ | ० |
| ७ | ५०२०१००१३ | ऋणको साँबा तथा व्याज भुक्तानी | ५००० | ५००० | ० | ० | ० | ५५०० | ५५०० | ० | ० | ० | ६०५० | ६०५० | ० |
| ८ | ६०२००००१३ | अदा लतको आदेश अनुसार तिर्नुपर्ने रकम | १३०० | १३०० | ० | ० | ० | १४३० | १४३० | ० | ० | ० | १५७३ | १५७३ | ० |
| ९ | ६०२००११३ र ६०२१२४ | अर्थ मन्त्रालय - अर्थ विविध | ४५०६४५५ | ४५०६४५५ | ० | ० | ० | ४९५७१०१ | ४९५७१०१ | ० | ० | ० | ५४५२८११ | ५४५२८११ | ० |
| जम्मा | | | ७१४७०५७ | ७१४७०५७ | ० | ० | ० | ७८६१७६३ | ७८६१७६३ | ० | ० | ० | ८६४७९३९ | ८६४७९३९ | ० |

# अनुसूची—३ : स्थानीय तहगत अनुदान र अर्थ विविधको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | २०७८/०७९ | २०७९/०८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| १ | गोरखा | चुमनुब्री गाउँपालिका | २२४७५ | २३५९९ | २४७७९ |
| २ | गोरखा | अजिरकोट गाउँपालिका | २७२४५ | २८६०७ | ३००३८ |
| ३ | गोरखा | बारपाक सुलिकोट गाउँपालिका | ३३३५७ | ३५०२५ | ३६७७६ |
| ४ | गोरखा | धार्चे गाउँपालिका | २५४९३ | २६७६८ | २८१०६ |
| ५ | गोरखा | आरूघाट गाउँपालिका | ३१९२५ | ३३५२१ | ३५१९७ |
| ६ | गोरखा | भिमसेन गाउँपालिका | ३१११८ | ३२६७४ | ३४३०८ |
| ७ | गोरखा | सिरानचोक गाउँपालिका | ३२८५३ | ३४४९६ | ३६२२० |
| ८ | गोरखा | पालुङटार नगरपालिका | ४१३०६ | ४३३७१ | ४५५४० |
| ९ | गोरखा | गोरखा नगरपालिका | ५३४२९ | ५६१०० | ५८९०५ |
| १० | गोरखा | शहिद लखन गाउँपालिका | ३५३११ | ३७०७७ | ३८९३० |
| ११ | गोरखा | गण्डकी गाउँपालिका | ३३२३१ | ३४८९३ | ३६६३७ |
| १२ | मनाङ | नार्पा भूमि गाउँपालिका | १२७९० | १३४३० | १४१०१ |
| १३ | मनाङ | मनाङ डिस्याङ गाउँपालिका | १५८५३ | १६६४६ | १७४७८ |
| १४ | मनाङ | चामे गाउँपालिका | १४६०७ | १५३३७ | १६१०४ |
| १५ | मनाङ | नासों गाउँपालिका | १७१५३ | १८०११ | १८९११ |
| १६ | मुस्ताङ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | १५७५५ | १६५४३ | १७३७० |
| १७ | मुस्ताङ | घरपझोङ गाउँपालिका | १७७८६ | १८६७५ | १९६०९ |
| १८ | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | १८१३४ | १९०४१ | १९९९३ |
| १९ | मुस्ताङ | लोमन्थाङ गाउँपालिका | १६३०९ | १७१२४ | १७९८१ |
| २० | मुस्ताङ | थासाङ गाउँपालिका | १७६१४ | १८४९५ | १९४१९ |
| २१ | म्याग्दी | अन्नपूर्ण गाउँपालिका | २४११० | २५३१६ | २६५८१ |
| २२ | म्याग्दी | रघुगंगा गाउँपालिका | २४५७० | २५७९९ | २७०८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | म्याग्दी | धवलागिरी गाउँपालिका | २२६६२ | २३७९५ | २४९८५ |
| २४ | म्याग्दी | मालिका गाउँपालिका | २३८९८ | २५०९३ | २६३४८ |
| २५ | म्याग्दी | मंगला गाउँपालिका | २३५९३ | २४७७३ | २६०११ |
| २६ | म्याग्दी | बेनी नगरपालिका | ३९९८३ | ४१९८२ | ४४०८१ |
| २७ | कास्की | मादी गाउँपालिका | २६६८८ | २८०२२ | २९४२४ |
| २८ | कास्की | माछापुच्छ्रे गाउँपालिका | २६८९४ | २८२३९ | २९६५१ |
| २९ | कास्की | अन्नपूर्ण गाउँपालिका | २७२३९ | २८६०१ | ३००३१ |
| ३० | कास्की | पोखरा महानगरपालिका | १५४६८० | १६२४१४ | १७०५३५ |
| ३१ | कास्की | रूपा गाउँपालिका | २२५२६ | २३६५२ | २४८३५ |
| ३२ | लमजुङ | दोर्दी गाउँपालिका | २५३०५ | २६५७० | २७८९९ |
| ३३ | लमजुङ | मर्स्याङदी गाउँपालिका | २६४५३ | २७७७६ | २९१६४ |
| ३४ | लमजुङ | क्व्होलासोथार गाउँपालिका | १९९०० | २०८९५ | २१९४० |
| ३५ | लमजुङ | मध्यनेपाल नगरपालिका | ३६०१२ | ३७८१३ | ३९७०३ |
| ३६ | लमजुङ | बेसीशहर नगरपालिका | ३९०५१ | ४१००४ | ४३०५४ |
| ३७ | लमजुङ | सुन्दरबजार नगरपालिका | २३०१३ | २४१६४ | २५३७२ |
| ३८ | लमजुङ | राईनास नगरपालिका | १९८८३ | २०८७७ | २१९२१ |
| ३९ | लमजुङ | दूधपोखरी गाउँपालिका | १७१६२ | १८०२० | १८९२१ |
| ४० | तनहुँ | भानु नगरपालिका | २७८१० | २९२०१ | ३०६६१ |
| ४१ | तनहुँ | व्यास नगरपालिका | ३४४७८ | ३६२०२ | ३८०१२ |
| ४२ | तनहुँ | म्याग्दे गाउँपालिका | २१४५४ | २२५२७ | २३६५३ |
| ४३ | तनहुँ | शुक्लागण्डकी नगरपालिका | २८८३८ | ३०२८० | ३१७९४ |
| ४४ | तनहुँ | भिमाद नगरपालिका | २३८४२ | २५०३४ | २६२८६ |
| ४५ | तनहुँ | घिरिङ गाउँपालिका | १९९५२ | २०९५० | २१९९७ |
| ४६ | तनहुँ | ऋषिङ्ग गाउँपालिका | २१९५३ | २३०५१ | २४२०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | तनहुँ | देवघाट गाउँपालिका | १९०४६ | १९९९८ | २०९९८ |
| ४८ | तनहुँ | बन्दिपुर गाउँपालिका | २०५३१ | २१५५८ | २२६३५ |
| ४९ | तनहुँ | आँबुखैरेनी गाउँपालिका | २१०१८ | २२०६९ | २३१७२ |
| ५० | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | गैंडाकोट नगरपालिका | ३१६९१ | ३३२७६ | ३४९३९ |
| ५१ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | बुलिङटार गाउँपालिका | १९७४३ | २०७३० | २१७६७ |
| ५२ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | बौदीकाली गाउँपालिका | १८८२३ | १९७६४ | २०७५२ |
| ५३ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | हुप्सेकोट गाउँपालिका | २१८५८ | २२९५१ | २४०९८ |
| ५४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | देवचुली नगरपालिका | २७२५२ | २८६१५ | ३००४५ |
| ५५ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | कावासोती नगरपालिका | ३२२९९ | ३३९१४ | ३५६१० |
| ५६ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | मध्यविन्दु नगरपालिका | २९६९६ | ३११८१ | ३२७४० |
| ५७ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | बिनयी त्रिवेणी गाउँपालिका | २४७९० | २६०३० | २७३३१ |
| ५८ | स्याङ्जा | पुतलीबजार नगरपालिका | २८१६८ | २९५७६ | ३१०५५ |
| ५९ | स्याङ्जा | फेदीखोला गाउँपालिका | १८०५२ | १८९५५ | १९९०२ |
| ६० | स्याङ्जा | आँधिखोला गाउँपालिका | १९५४० | २०५१७ | २१५४३ |
| ६१ | स्याङ्जा | अर्जुनचौपारी गाउँपालिका | १९३०५ | २०२७० | २१२८४ |
| ६२ | स्याङ्जा | भीरकोट नगरपालिका | २२३५५ | २३४७३ | २४६४६ |
| ६३ | स्याङ्जा | विरुवा गाउँपालिका | २०१०९ | २१११४ | २२१७० |
| ६४ | स्याङ्जा | हरिनास गाउँपालिका | १९६२८ | २०६०९ | २१६४० |
| ६५ | स्याङ्जा | चापाकोट नगरपालिका | २२३८१ | २३५०० | २४६७५ |
| ६६ | स्याङ्जा | वालिङ नगरपालिका | २९८६८ | ३१३६१ | ३२९२९ |
| ६७ | स्याङ्जा | गल्याङ नगरपालिका | २५९५१ | २७२४९ | २८६११ |
| ६८ | स्याङ्जा | कालीगण्डकी गाउँपालिका | २१५२५ | २२६०१ | २३७३१ |
| ६९ | पर्वत | मोदी गाउँपालिका | २१०८० | २२१३४ | २३२४१ |
| ७० | पर्वत | जलजला गाउँपालिका | २१२०४ | २२२६४ | २३३७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१ | पर्वत | कुश्मा नगरपालिका | २६७६५ | २८१०३ | २९५०८ |
| ७२ | पर्वत | फलेवास नगरपालिका | २२११८ | २३२२४ | २४३८५ |
| ७३ | पर्वत | महाशिला गाउँपालिका | १६९०२ | १७७४७ | १८६३४ |
| ७४ | पर्वत | विहादी गाउँपालिका | १८४५१ | १९३७४ | २०३४२ |
| ७५ | पर्वत | पैयूं गाउँपालिका | १९१८१ | २०१४० | २११४७ |
| ७६ | बाग्लुङ | बाग्लुङ नगरपालिका | ३१४२२ | ३२९९३ | ३४६४३ |
| ७७ | बाग्लुङ | काठेखोला गाउँपालिका | २२२७७ | २३३९१ | २४५६० |
| ७८ | बाग्लुङ | ताराखोला गाउँपालिका | १७५४९ | १८४२६ | १९३४८ |
| ७९ | बाग्लुङ | तमानखोला गाउँपालिका | १६८६० | १७७०३ | १८५८८ |
| ८० | बाग्लुङ | ढोरपाटन नगरपालिका | २१६६८ | २२७५१ | २३८८९ |
| ८१ | बाग्लुङ | निसीखोला गाउँपालिका | २०८४५ | २१८८७ | २२९८२ |
| ८२ | बाग्लुङ | वडिगाड गाउँपालिका | २३५९६ | २४७७६ | २६०१५ |
| ८३ | बाग्लुङ | गल्कोट नगरपालिका | २४२२२ | २५४३३ | २६७०५ |
| ८४ | बाग्लुङ | बरेङ गाउँपालिका | १८४६३ | १९३८६ | २०३५५ |
| ८५ | बाग्लुङ | जैमिनी नगरपालिका | २३८८४ | २५०७८ | २६३३२ |
| **जम्मा** | | | **१९५००००** | **२०४७५००** | **२१४९८७५** |